# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (उन्पचासौं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०४।२२ गते

माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू सर्वप्रथम म संकल्प प्रस्ताव दर्ता गर्ने माननीय सदस्य श्री कुमार खड्कालाई आफ्नो संकल्प पेस गर्न अनुमति दिन्छु, समय २० मिनेट

माननीय सभामुखज्यू, प्रदेश सभा नियमावलीको नियम ८५ को उपनियम १ अनुसार २०७७ आषाढ २३ गते हामीले दर्ता गराएको संकल्प प्रस्ताव पेश गर्ने अनुमतिको लागि दिएको सूचनाको सम्बन्धमा प्रस्तावको रूपमा संकल्प प्रस्ताव प्रस्तुत गर्न यहाँ उपस्थित छु । कोभिड १९ को कारण सारा विश्वनै आक्रान्त छ । देशको साथसाथै गण्डकी प्रदेशको जनजीवन अत्याधिक प्रभावित बनेको छ । रोगका कारण पीडा र चिन्ता त बढेकै छ त्यसको साथसाथै आर्थिक गतिविधि र नागरिकको दैनिकी अझै सामान्य बन्न नसक्दा दिनानुदिनको जीवन कष्टकर बन्दै गएको छ । लामो समयपछि आंशिक रूपमा खुलेको लकडाउन संक्रमणको संख्या बढ्दै गएपछि फेरि फर्कन्छ कि भन्ने त्रास छ । आर्थिक क्रियाकलाप अझै न्यून छन् । कृषकको खेत बाँझा भए । श्रमिकले श्रम गर्न पाइरहेका छैनन् । लकडाउनमा ठप्प रहेको उद्योग व्यवसाय कलकारखाना अझै आफ्नो गतिमा सञ्चालन हुन सकिरहेको छैन । निर्धनको भान्साको आगो निभेको, पेटमा भोकको आगो बलेको भयावह स्थितिबाट गण्डकी प्रदेश गुज्रीरहेको स्थिति हो । कोभिड १९ को परिणामलाई सारा संसारको रूपमा विवेचना गर्ने हो भने संसार भरी १ करोड ८७ लाख ५३ हजार ६ सय २२ जना संक्रमित भएको । त्यो मध्ये १ करोड १९ लाख ६२ हजार २ सय ३१ जना निको भएको । ७ लाख ५ हजार ३ सय ७० को

दुभाग्यपूर्ण मृत्यु भएको र ६० लाख ८३ हजार २१ जना अझै पनि संक्रमणको स्थितिमा रही रहेको तथ्याङ्कले देखाएको छ भने हाम्रो देशमा फर्केर हेर्दा ४ लाख १२ हजार ९ सय ५३ जना परीक्षण भएकोमा २१ हजार ७ सय ७१ जना संक्रमित भएको । ती संक्रमित मध्यमा १५ हजार २ सय ८६ जना निको भएर घर फर्किसक्नु भएको ६ हजार ४ सय २३ जना अझै पनि कोभिडसँग लडिराख्नु भएको स्थिति छ भने ६२ जनाले दुभाग्यपूर्ण रूपमा मृत्युवरण गरेको स्थिति छ । अझै यही स्थितिलाई हेर्दा खेरी २१ देखि ३० वर्ष समूहका युवाहरूमा सर्वाधिक रूपमा यो रोगले संक्रमित गरिरहेको २१ हजार ७ सय ७१ जना मध्ये ६ हजार ६ सय ७९ अर्थात ३०.६७ प्रतिशत यही समूहका युवाहरू आक्रान्त भएको स्थिति देखिन्छ । नेपालको स्थिति संसारको मापदण्डमा संसारको ग्लोब लगाएर तुलना गर्ने हो भने ७० औं स्थानमा नेपालको स्थिति छ । दक्षिण एसियामा भारत तेस्रो नम्बरमा, पाकिस्तान चौथो नम्बरमा अन्य देश भन्दा नेपालको स्थिति भयाभह भएको तथ्यांकले देखाउँछ । गण्डकी प्रदेशमा आउँदा ३६ हजार २७ जनाको परीक्षण भएको त्योमध्येमा १३ सय ६२ निको भएको संक्रमण १५ सय ५५ जनाको भएको र ४ जनाले मृत्युवरण गर्नुभएको १ सय ८९ अझै पनि कोरोनासँग लडिरहनु भएको स्थिति तथ्याङ्कले बताएको देखिन्छ ।

माननीय सभामुखज्यू, शक्तिशाली र साधन सम्पन्न राष्ट्रहरूसमेत कोरोनाको अगाडि निरिह सावित भई रहेको बेलामा अन्तरिक्षमा बस्ती बसाउने सामर्थ्य बोकेको यो युग र यो विज्ञानसमेत दबाइ र खोप निकाल्न असफल भई रहेको बेला नेपाल जस्तो राष्ट्र र विशेष गरेर सीमित स्रोत र साधन भएको गण्डकी प्रदेशले सम्पूर्ण रूपमा त्यसको मुकाविला गर्नु पर्थ्यो गर्न सकेन भन्नु न्याय संगत नहोला । केही पनि गरेन कत्ति पनि गरेन भन्नु पनि सही नहोला । हाम्रो चिन्ता र संकल्प प्रस्तावको ध्येय के हो भने स्रोत र साधनको अधिकतम् सदुपयोग गर्न र सामर्थ्य अनुसारको स्रोत र साधनको उपलब्ध गराउनेतर्फ प्रदेश सरकार गम्भीर नभएको कटु यथार्थ हो । उपचारात्मक भन्दा रोगसँग लड्न ठोस पर्यत्न गरोस् सरकारले भन्ने ध्येय संकल्प प्रस्तावले गरेको छ । कोभिड १९ को प्रभावको प्रारम्भिक समयमा महत्वपूर्ण निर्णय गर्ने, लकडाउन कहाँ गर्ने ? कहाँ नगर्ने ? कहिले सम्म गर्ने ? नाकाबन्द गर्ने कि खोल्ने ? हवाइमार्ग सञ्चालन गर्ने कि नगर्ने ? देशभरी आवातजावात गर्न कोको पाउने कोको नपाउने ? नीति नियम

बनाउने, स्वास्थ्य उपकरण खरिद गर्ने, टेस्टिङ र ट्रेसिङ गर्ने, अन्तिम सम्पूर्ण निर्णय गर्ने दायित्व संघ सरकारले गर्‍यो, राहत वितरणको सम्पूर्ण दायित्व स्थानीय तहले लियो, यो महामारीको बेला संघ र स्थानीय तहको भूमिका त प्राप्त देखियो तर प्रदेश संरचनाको उपस्थिति अत्यन्त कमजोर रह्यो । राहत बाँड भनेर केही रकम स्थानीय तहलाई दिने अनुगमन र निरीक्षण गरेको दृश्य र समाचार सञ्चारमाध्यमबाट सम्प्रेसित गर्ने, निर्देशन दिने तर धेरै जसो पालना नगर्ने दिनचर्या प्रदेशमा सरकार व्यस्त सदस्यहरूको रह्यो । हामी प्रदेश सभाका सदस्यहरू पनि भूमिकाविहीन भयौं । लकडाउनको अवधिमा प्रभावकारी भूमिका खेल्ने कुरा त टाढाको विषयवस्तु भयो । आफ्नै निर्वाचन क्षेत्रमा हिँड्न पनि सिडियो सँग अनुनय विनय गर्नु पर्‍यो। सिडियोको अध्यक्षतामा बनेको समितिको सल्लाहकार रहेको कुरा रोष्टमबाट माननीय मुख्यमन्त्रीज्यूले बोल्नु भएपछि हामी त्यसको सल्लाहकार भएको कुरा याद भयो । अझै सम्म त्यसको लिखित जानकारी पनि पाइएको छैन त्यस्ता कुनै पनि प्रकारका वैठकमा अझैसम्म बोलाउन नसकेको कटु सत्य रोष्टमबाट मैले भन्नै पर्छ । आफ्नो टोल निर्वाचन क्षेत्र जिल्लाका जनताहरू समस्यामा परेको बेला आफ्नो भकारीको धान र कोदो दिन खोज्दा आफ्नो व्यक्तिगत पैसाले व्यक्तिगत समस्यामा परेको नागरिकको गर्जो टार्ने खोजी गर्दा सिडियोले थुन्नेसम्मका धम्की दिए । स्थानीय जलप्रतिनिधिले अवरोध खडा गरे । जे सहयोग दिने हो हामीलाई दिनुहोस् हामी बाँड्छौं तपाईं त्यहाँ उपस्थित हुन पाउनुहुन्न भन्ने स्थानीय जनप्रतिनिधि र त्यस किसिमको आसय निर्णय दिने सिडियोको कारण पीडामा परेको बेला प्रदेशका जनप्रतिनिधि कहाँ गए निर्वाचनमा त आउलान् नि भनेर जनताहरूले भनिरहेको स्थिति छ । पीडामा महामारीमा काम नलागेको प्रादेशिक संरचना के को लागि चाहियो र हामीलाई भनेर जन अभिव्यक्ति हाम्रा लागि चिन्ताको विषय बन्नुपर्छ बहसको विषय बन्नसक्नु पर्छ । कोभिड १९ सबैमा राहत वितरणको प्रदेश भित्रको लकडाउन, टेष्टिङ कन्ट्रयाक्ट ट्रेसिङको, क्वारेन्टाइनको आइसोलेसनको सम्पूर्णको नेतृत्व प्रदेश सरकारले लिएर प्रभावकारी कार्य गर्न सकेको भए प्रादेशिक संरचनाको महत्व बढ्थ्यो । संघीयता र सबल निर्विकल्प बन्थ्यो । संघीयताको औचित्य सावित गर भन्ने मान्छेलाई एउटा निर्मम जवाफ हुन्थ्यो । संघीयताको पक्षमा जनसमर्थन प्राप्त हुन्थ्यो । यो अवसर हामीले चुकायौं ।

सभामुखज्यू, कोरोनाको उद्गम स्थल चीनको उहान शहरमा १८-२४ घण्टाको लकडाउन भयो, सारा संसार चकित भए । नेपालले उहानलाई पनि पछि पार्दै २३५९ घण्टाको लकडाउन गऱ्यो । सधैंभरी लकडाउन गर्नु समाधान थिएन खोल्नुपथ्र्यो सरकारले खोलेको छ । यस अवधिमा २२.५ प्रतिशतले रोजगारी गुमाएको राष्ट्र बैंकको तथ्याङ्कले बताएको छ । आर्थिक गतिविधि रोकिँदा रोगले भन्दा भोकले मान्छेको ज्यान जाने डर थियो । लकडाउन खोल्नु सरकारको बाध्यता थियो लकडाउन खोल्यो । लकडाउन खोल्दा मानिसको चहलपहल बढेको छ । आवातजावत बाक्लिएको छ । भौतिक दूरी कायम हुन सकिरहेको छैन । मास्क नलगाई हिँड्ने अन्य सुरक्षा मापदण्डलाई पालन नगर्ने जीवन शैली बढेको छ । कोरोनाको डर मानिसबाट विस्तारै हराइ रहेको छ । जसले गर्दा सुरक्षा नियम उपेक्षा बढेको छ भने भारतमा दैनिक ४० हजार भन्दा बढी संक्रमित भई रहेका छन् । गत साता मात्र साढे २ लाखभन्दा बढी संक्रमित भएको र ४३०० जना मृत्यु भएको भयाभह स्थिति छ । भारतमा बढेको संक्रमण मध्ये नेपालको सिमावर्ती प्रदेश र उत्तरप्रदेश उत्तराखण्डमा मात्र ठूलो संख्यामा यो संक्रमणको दर बढेको छ । एक समाचार अनुसार उक्त दुई प्रदेशमा भारतबाट नेपाल प्रवेश गर्ने भारतीयको परीक्षण गर्दा १५ जनाको लगभग ७५ प्रतिशत संक्रमित भएको पाइएको छ । यो प्रतिनिधिमूलक घटनाले पनि हामीलाई आगामी दिनको प्रतिनिधित्व गर्न सक्छौं । तदनुरूपको तयारी गरिएन भने स्थिति नियन्त्रणभन्दा बाहिर जानसक्छ । लकडाउन खुलेपछि नेपालमा कोरोनाको संक्रमण २२ प्रतिशतले बढेको छ । पीसीआर परीक्षण बढाउँदै जाने हो भने यो दर अझै बढ्न सक्ने विज्ञहरूको आँकलन छ । कोरोना भाइरसको संक्रमण प्रजननदर १.१ देखि ३.६ गुना छ । यसको अर्थ १०० जना संक्रमितले १८० देखि लिएर ३६० जनालाई रोग सार्न सक्छन् भन्ने हो । लकडाउन खुलेपछि कोरोना संक्रमण समुदायमा फैलन लागेको निष्कर्ष विज्ञहरूको मात्र होइन नेपाल सरकारको पनि छ । आगामी केही महिना हाम्रा लागि कोरोना सर्वाधिक चुनौती बन्ने कुरा स्पष्ट छ ।

सभामुखज्यू, कोरोनाको पहिलो केश नेपालमा २४ जनवरीमा देखियो तर दोस्रो केश मार्च २३ मा मात्र देखियो पहिलो र दोस्रो दोस्रो केशको बीचमा ६० दिनको अवधिमा रोगको गम्भीरतालाई बुझेर आवश्यक तयारी गर्न नसकेका कारण हामीले यो ठूलो क्षति व्यहोर्नु सक्यो त्यो तयारी गर्न पाएको भए क्षति न्यूनीकरण

गर्न सक्थ्यौं त्यहाँ हामी चुक्यौं । अब समुदायमा फैलीन नसक्दै आवश्यक र उपयुक्त तयारी गर्नलाई गम्भीर भएनौं भने पछुताउने समय पनि प्राप्त नहुन सक्छ । क्वारेन्टिन सरकारी विद्यालयमा राख्ने, बेन्चमा जमिनमा सुताउने, शौचालय, किचन, खाना खाने ठाउँ धेरैले एकै ठाउँ प्रयोग गर्नु पर्ने बाँसको पोलको त्रिपालले छोपेको टहरोलाई क्वारेन्टाइन बनाइएको छ । डब्लुएच्ओको त कुरा छोडौं नेपाल सरकारको मापदण्ड विपरित थुप्रै क्वारेन्टाइन सञ्चालनमा भइरहेको छ । क्वारेन्टाइनमा बलात्कार, आत्महत्या गरिएको छ आन्दोलन भई रहेको छ । क्वारेन्टाइनबट भाग्ने दिउँसो क्वारेन्टाइनमा बस्ने राति घर सुत्न जाने अनि बिहान फर्कने प्रवृत्ति फेला परिरहेको सन्दर्भमा विश्व स्वास्थ्य संगठन डब्लूएच्ओले र नेपाल सरकारले तय गरेको मापदण्ड अनुसारको क्वारेन्टाइनको व्यवस्था तत्काल मिलाउने प्रबन्ध गर्ने संकल्प गर्न प्रदेश सभाले आवश्यक छ, सभामुखज्यू गण्डकी प्रदेशमा कोरोनाका कारण भएको ४ मृत्यु मध्ये ३ मृतकको दाहसंस्कार गर्न खोज्दा समुदायले आपत्ति जनाउनु सुरक्षाकर्मीले बल प्रयोग गर्नुपर्ने स्थिति अमानवीय छ। असंवेदनशील छ । यसबाट शिक्षा लिन आवश्यक छ । शव बोकेर ठाउँठाउँमा सो व्यवस्थापन खोज्दै हिँड्ने अवरोध भएपछि फेरि शव लिएर घाटको खोजीमा हिँड्ने पीडादायी छ, अवैज्ञानिक छ यसमा सुधार्न आवश्यक छ । तसर्थ कोरोनाका कारण मृत्यु हुनेहरूको ससम्मान शव व्यवस्थापन गर्न गण्डकी प्रदेशका ११ वटै जिल्लाहरू तत्काल स्थापना र व्यवस्थापन गर्न संकल्प गर्न आवश्यक छ, हाल गण्डकी प्रदेशसँग ५४ वटा भेन्टीलेटर छ, यो प्रस्ताव लेख्ने बेलासम्म १३३ आइसीयू र बेड रहेको र ५१ वटा आइसीयु थप्ने प्रकृयामा रहेको सरकारी तथ्याङ्क छ । १८९ मात्र संक्रमित भएको र त्यसमा पनि सिभियर केस कम भई रहेको स्थितिमा यो प्रर्याप्त जस्तो लागे तापनि भोलि समुदायमा संक्रमण फैलिएको अवस्थामा यो भेन्टिलेटर, आइसियू, बेड र स्वास्थ्य जनशक्ति पूर्वाधार अपर्याप्त जस्तो हुने छ व्यवस्थापन तत्काल गर्न खोज्नु भन्दा विकराल भविष्यको परिस्थितिको आकलन गरेर स्वास्थ्य जनशक्ति, भेन्टिलेटर लगायतका आवश्यक स्वास्थ्य उपकरणयुक्त आइसीयू आइसोलेसन कक्षको तत्काल व्यवस्थापन गर्न प्रदेश सभाले संकल्प गर्न आवश्यक छ ।

सभामुख महोदय, नेपाली कांग्रेस संसदीय दलको निर्णयअनुसार म लगायत माननीय मेखलाल श्रेष्ठ माननीय सरिता गुरुङले संकल्प प्रस्ताव दर्ता गरायौं

२०७७ असार २३ गते त्यसप्रति सरकार जिम्मेवार संस्थाहरूको गम्भिर ध्यानआकर्षण हुन सकेन कार्यसूचीमा चढ्यो तर माननीय मन्त्रीलाई संकल्प प्रस्ताव म त्यस दिन बोल्नुपर्छ भन्ने जानकारी नभएको कार्यसूचीबाट हटाउने र श्रावण ११ गते कार्य सूचीमा राखेर अगाडि बढाउने सहमति भयो । ७७ साउन ९ गते आकस्मिक रूपमा कार्यव्यवस्था परामर्श समितिको वैठक बोलाइयो, कुरो सहमतिमा भएको ११ गतेको निर्धारित कार्यक्रम अगाडि बढाउने भन्दा पनि नेपाली कांग्रेसले एक्लै संकल्प प्रस्ताव राख्न गलत भएको, केन्द्रमा भएको संसदीय परम्परा तोडिएको अरु दलसँग मिलेर साझा प्रस्ताव ल्याउनु पर्ने संकल्प प्रस्तावमा संख्या तोकिन नहुने सबैदल सहमत भएमात्र संकल्प प्रस्तावको प्रकृयाले अगाडि बढाउन सकिने बहस नेपाली कांग्रेसले ५ औं अधिवेशनको उत्तरार्धमा कोरोना परीक्षणबारे ज्ञापनपत्र मुख्यमन्त्रीज्यूलाई बुझाएको हो । त्यससँगै कांग्रेसले समयअनुकूल अवरुद्ध गर्दाका मागहरूमध्ये एकमा कोरोना परीक्षण बढाउने पनि थियो । हठात अधिवेशन अन्त्य भो, अधिवेशन पश्चात पनि नेपाली कांग्रेस सांसदीय दलले भर्चुअल वैठक गरेर पटकपटक कोरोना सम्बन्धित विषयमा माननीय मुख्यमन्त्रीलाई ज्ञापनपत्र ध्यान आकर्षणपत्र दिएको हो तर माननीय मुख्यमन्त्रीज्यूले सरकारले जे गरीरहेको छ उत्कृष्टता तथा प्राप्त छ भनेर हाम्रो मागको औचित्य नरहेको स्पष्टबाट अभिव्यक्ति दिएपछि यही विषयमा सत्ता पक्षमा रहेका दलहरूसँग साझा प्रस्ताव बन्न नसक्ने हाम्रो निर्कोल थियो जुन आज प्रमाणित समेत भएको छ । हामीले संकल्प प्रस्ताव दर्ता गरेर यस बारे सम्बन्धित सबैलाई गम्भिर हुन आग्रह गरेका छौं । जहाँसम्म संकल्प प्रस्थाव एउटै पार्टीले राख्न नपाउने वा केन्द्रमा नजिक नभएको तर्क छ । २०७७ वैशाख २९ गते प्रतिनिधि सभामा माननीय दिलेन्द्रप्रसाद बडु, माननीय मीनबहादुर विश्वकर्मा, माननीय रामबहादुर विष्ट र माननीय प्रकाश रसाइलीले राष्ट्र मन्त्रालयसम्बन्धित संकल्प प्रस्ताव दर्ता गर्नु भएको छ । उहाँ ४ जना माननीयहरू नेपाली कांग्रेससँग सम्बन्धित हुनुहुन्छ । जहाँसम्म प्रस्तावहरू नीतिगत मात्र हुन्छन् संख्या तोक्ने प्रचलन छैन तोक्नु हुँदैन भन्ने तर्क छ । वर्तमान महामहिम राष्ट्रपतिज्यू, सांसद हुनुहुँदा उहाँले राज्यको हरेक निकायमा महिलाको सहभागिता न्यूनतम ३३ प्रतिशत हुनुपर्छ भन्ने प्रस्ताव राख्नु भएको छ । नजिर हामीसँग छ ।

माननीय सभामुखज्यूले नेपाली कांग्रेसका ३ जना माननीयले दर्ता गराएको संकल्प प्रस्तावलाई सबै दलको साझा प्रस्ताव बनाउन गर्नु भएको पहल प्रशंसनीय र सकारात्मक थियो । त्यस्तै गरी ४ वटै राजनीतिक दलले यसमा एक्यबद्धता जनाउनु संकल्प प्रस्ताव पास गर्न साझा बनाउने पर्यत्नलाई हामीले सम्मान गर्नु पर्छ र आभारसमेत प्रकट गर्दछौं । सभामुखज्यूले ६ सदस्य कार्यदल गठन गर्नुभएपश्चात कार्यदलले ६ वटा वैठक गरी घनीभूत बैठक गरेकै हो । संकल्प प्रस्तावको केही वाक्यांश र भाषा सुधार गर्ने संकल्प प्रस्तावका २, ३ र ४ मा छलफल गर्ने सहमतिमा पुग्नसक्ने कोणबाट छलफल भएपनि बुँदा नं. १ मा हाम्रा दृष्टिकोण मिलेन जसका कारण सहमति हुन सकेन फलस्वरूप हामीले संकल्प प्रस्तावलाई साझा बनाउन नसकेपछि प्रकृयामा अगाडि बढाउने सहमति अनुसार म हाम्रो संकल्प प्रस्तावलाई यहाँ पेश गरिरहेको छु । संकल्प प्रस्तावको पहिलो संकल्प न्यूनतम एक घर एक पीसीआर पहिचान गर्ने गरी तत्काल प्रकृया प्रारम्भ गर्नुपर्ने थियो । गण्डकी प्रदेशमा ५ लाख ७७ हजार ६ सय ८२ परिवार छन् । १ जनाको पहिचान गर्दा १५ हजारको दरले साढे ८ अर्ब भन्दा बढी खर्च लाग्छ । हाम्रो अर्थतन्त्रले धान्न सक्दैन भन्ने तर्क अगाडि आयो । जब कि नेपाल सरकारले निजी ल्याबहरूलाई ५ हजार ५ सय रूपैयाँ नबढ्ने गरी शुल्क लिएर परीक्षण गर्न अनुमति दियो । एउटा नाफामूलक प्राइभेट संस्थाले नेपाल सरकारसँग अनुमति लिएर ५ घण्टामा रिजल्ट दिने गरी प्रतिव्यक्ति ४ हजार रूपैयाँमा परीक्षण गर्ने गरिरहेको छ यही हिसाबले पनि २ अर्ब भन्दा बढ्ता पैसा लाग्ने स्थिति हामीले देखिरहेका छैनौं । एक घर एक पीसीआर सकिदैन भने जसले कोभिडसँग लड्न सरकारलाई अझ बढी गम्भीर अझ बढी जिम्मेवार बनाउन सकिन्छ र विशेष गरी सत्ता पक्षलाई पनि सहमत गराउन सकिन्छ भनेर हामीले प्रयत्न गऱ्यौं त्यसको विकल्पमा । गण्डकी प्रदेशमा ३ वटा पीसीआर मेसिन २ वटा अटो कन्ट्र्याक्ट मेसिन रहेछ । मनाङ र मुस्ताङमा संक्रमण दर कम भएकोले नजिकको जिल्लासँग समन्वय गर्ने गरी ९ जिल्लामा १/१ पीसीआर मेसिन उपलब्ध हुने गरेर ६ वटा पीसीआर मेसिन थप्ने भए हामी सहमति गर्न सक्छौ भनेर नेपाली कांग्रेसकातर्फबाट हामीले प्रस्ताव राख्यौं, त्यसो गर्न त्यो अस्वीकृत भयो, त्यसो गर्न नसके ६ वटाको साटो ३ वटा पीसीआर मेसिन खरिद गरौं र पूर्ण क्षमतामा परिचालन गरी अगाडि बढाऔं भन्ने हाम्रो तेस्रो प्रस्ताव पनि अस्वीकृत भयो । यही बीचमा संघ संस्थाले एउटा मेसिन लिन आऊ भनेको छ । जुन ९६ फ्लवरको छ र

प्रदेश आफैले एउटा मेसिन किन्ने प्रकृया अगाडि बढाइएको छ जुन भाद्र १० गतेभित्र आइपुग्ने कुरा सामाजिक विकास मन्त्रालयका सचिव र स्वास्थ्य निर्देशकज्यूले कार्यदललाई बताउनु भयो । उहाँहरूको ब्रिफिङ अनुसार प्रदेश सरकारसँग तीनवटा पीसीआर मेसिन र एक अटो एक्ट्रेक्सन मेसिन रहेको र जसले समुदायमा परीक्षण गर्दा प्रतिदिन १००० जनाको गर्न सक्छ भने आइसोलेसन र क्वारेन्टाइनमा रहेको १.१ चेक गर्दा दैनिक ५०० गर्न सकिन्छ भनियो । भाद्र १० गतेभित्र प्रदेश सरकारसँग ४ वटा पीसीआर मेसिन र २ वटा अटो एक्ट्रेक्सन मेसिन हुन्छ जसले प्रतिदिन २००० जनाको सम्मको परीक्षण गर्न सक्छ भनियो । हामीले त्यसो भए असोज मसान्तसम्म न्यूनतम १ लाख ५० हजारसम्म परीक्षण गरौं न त त्यो भयो भने सहमत हुन्छ भन्दा पनि त्यो प्रस्ताव पनि अस्वीकृत भयो । त्यो भनेको के हो भने ? माननीय सभामुखज्यू भनेको २००० परीक्षण क्षमता भएको मेसिनको सम्पूर्ण क्षमतामा परीक्षण गर्ने हो भने यो एउटा नयाँ पीसीआर मेसिन किन्ने भनेको हो । यो प्रस्ताव पनि फेरि अस्वीकृत भयो । सरकारले जे गरेको छ राम्रो गरेको छ । अब गर्ने पनि ठीकै गर्छ । अरु राम्रो गर भनेर लेख्ने आशय सत्ता पक्षका साथीहरूको रह्यो । त्यही भाषा राख्ने हो भने संकल्प प्रस्ताव किन चाहियो ? यसलाई फिर्ता लिएर धन्यवाद प्रस्ताव लेख्नपर्ने भो जुन हाम्रालागि मान्य थिएन ।

सभामुखज्यू, सरकारसँग हाल १००० जाँच्ने १००० मानिस जाँच्न सक्ने दैनिक क्षमता छ जो भाद्र १० गतेपछि प्रतिदिन २००० जनाको परीक्षण गर्ने क्षमतामा पुग्छ भन्ने सरकारको दाबी छ । यसैको आधारमा तुलना गर्दा भाद्र १० सम्म २०००० जाँच्न सकिन्छ र भाद्र १० गते पछि असोज मसान्तसम्म दैनिक २००० को दरले ५० दिनमा १ लाखको परीक्षण गर्न सकिन्छ । संकल्प प्रस्ताव नै नराख्ने हो भने पनि असोज मसान्तसम्म सरकारले १ लाख ३० हजार परीक्षण गर्न सक्छु भनेर भनिरहेको छ । त्यसो भएपछि हाम्रो माग डेढ लाख परीक्षण गर्न थप ३० हजार जनाको परीक्षण गर्न पर्‍यो । त्यो १ पीसीआर मेसिन जुन १ करोड ४५ लाखमा आउँछ । खरिद गरेपनि पुग्ने देखिन्छ । तसर्थ यो प्रस्ताव अव्यवहारिक छ भनेर मान्न म तयार छैन । सभामुखज्यू, एउटा पीसीआर मेसिन बझाङ जिल्लाले समेत खरिद गरेर उल्ले टेस्टिङ गरिरहेको छ भने एउटा जिल्लाले किन्न सक्ने प्रदेशले किन्न नसक्ने कुरा हामीले बुझ्न सकेका छैनौं । मेसिन किन्न अन्य अडचन

भए प्राइभेट ल्याबसँग समझदारी गरे पनि ३० हजार जनाको परीक्षणको लागत १२ करोड भन्दा कम हुन्छ यो धेरै ठूलो रकम हो जस्तो मलाई लाग्दैन सरकारले आफूसँग दैनिक हजार जना जाँच्ने क्षमता छ भनिरहेको छ तर सरकारसँग तथ्याङ्क माग्दा ०७६ चैत १८ बाट हिजोको मितिसम्म १४७ दिनमा ३६ हजार २७ परीक्षण गर्‍यो जुन औसतम प्रतिदिन १७७ जनालाई मात्र हुन्छ । आसार महिनामा न्यूनतम दैनिक ४२ देखि अधिकतम ३२८ गरेर ७७०२ परीक्षण गरिएको छ जुन औसतम २४८ दिन हुन्छ । त्यस्तै गरी श्रावणको १२ दिन न्यूनतम ११२ र अधिकतम ३४५ परीक्षण प्रतिदिन गरेर २४४६ परीक्षण गर्‍यो जुन औसतम २२२ प्रतिदिन हुन्छ । त्यस्तै गरी गतसाता श्रावण १३ देखि श्रावण १९ मा न्यूनतम १६६ देखि अधिकतम ५४२ गरी २ हजार ६ सय ८७ परीक्षण भयो जुन औसतम ३८४ प्रतिदिन मात्र हुन्छ । सभामुखज्यू, तथ्याङ्कले के बताउछ भने हामीसँग भएको क्षमताको पूर्ण प्रयोग पनि हामीले गरिरहेका छैनौं । परीक्षण प्रारम्भ गरेपछि ५ सय जनाको परीक्षण भएको भनेको श्रावण १७ गते मात्र हो अन्यथा औसतम २५० को हाराहारिमा हामीले परीक्षण गरिरहेका छौं । तसर्थ सरकार अझ बढी जिम्मेवार भएर जनताको पेसाले जनताको जीवन रक्षा गर्न आनाकानी गर्न हुँदैन । कोरोनासँग लड्न ६४ करोडको बजेट हामीले पास गरिसकेका छौं । त्यो ६४ करोडबाट १ करोड ४५ लाखको मसिन किन्नका निम्ति हामीलाई गाह्रो हुन्छ जस्तो लाग्दैन । यो जनताप्रतिको जिम्मेवारी र हामीले बहन गर्नुपर्छ र संकल्प प्रस्तावले जुन ४ वटा प्रस्ताव राखेको छ । त्यो प्रस्तावप्रति त्यो सम्मानित सदनले सकारात्मक रूपमा विचार गर्ला भनै यो प्रस्ताव राजनीतिक दलको आएपनि त्यो सदनको साझा सम्पत्तिको रूपमा यसमा स्वीकार गरेर जनताका जीउ र धनको रक्षाका निम्ति कोरोना विरुद्धको लडाइमा गण्डकी प्रदेशको जनताको सम्पूर्ण रूपमा अभिभावको भूमिका निर्वाह गर्नका निम्ति यो प्रदेश सरकार सक्षम छ र हामी सदनमा प्रतिनिधित्व गरेका ४ वटै राजनीतिक दलले राजनीतिक आग्रह पूर्वाग्रहबाट माथि उठेर आ-आफ्ना गति बढाएर यो कोरोनासँग लड्ने साझा संकल्प गर्न जरुरी छ यो संकल्प प्रस्ताव यहाँ असफल हुँदा यो प्रदेशका जनताप्रति सबैभन्दा ठूलो विश्वास घात हुन्छ । यो संकल्प प्रस्ताव यहाँ अस्वीकृत हुँदाखेरी जनताको जीउ र धनको रक्षा गर्ने दायित्वबाट हामी हात उठाएर दिने बात उठाएर तिमी बाच्ने भए आफैं बाँच तिम्रो लागि हामी केही गर्दैनौं भनेर प्रदेश

सभाले घोषणा गरे हुन्छ । त्यो बाटोतिर नजान आग्रह गर्दै म आफ्ना विचारहरू यही विश्राम दिन चाहन्छु । धन्यवाद ! जय नेपाल !!

**माननीय सदस्यहरू अब म माननीय सामाजिक विकासमन्त्री श्री नरदेवी पुन मगरलाई संकल्प प्रस्तावको सम्बन्धमा आफ्नो भनाइहरू राख्न अनुमति दिन्छु समय २० मिनेट**

माननीय सभामुख महोदय, कोभिड १९ को विद्यमान संक्रमित अवस्थाको सन्दर्भमा प्रमुख प्रतिपक्ष दलकोतर्फबाट यस सम्मानित सभामा संकल्प प्रस्ताव पेश भएको र उक्त प्रस्तावमा उठाइएका विभिन्न जिज्ञासा तथा प्रश्नहरूको बारेमा गण्डकी प्रदेश सरकारको तर्फबाट तथ्यपरक जानकारी गराउने अनुमति चाहन्छु । सभामुख महोदय, नेपालमा कोभिड १९ को संक्रमण ३१ डिसेम्बर २०१९ मा चीनको बुहान प्रान्तबाट पुष्टि भएको थियो भने नेपालमा २०७६ साल माघ ९ गते पहिलो पहिलोपटक संक्रमण पुष्टि भएको थियो । यसले आम नागरिकहरूमा एक प्रकारको भय र त्रास फैलाएको थियो । त्यसबाट यस प्रदेशमा कोभिड १९ मा नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने अस्पताल भौतिक पूर्वाधार प्रयोगशाला अनुभवि स्वास्थ्य जनशक्ति यन्त्र उपकरण तथा अन्य स्वास्थ्य सामग्रीको अभाव थियो । तथापि गण्डकी प्रदेश सरकारले नेपालमा कोभिड १९ पुष्टि हुनासाथ माघ १२ गते २०७६ बाटै तत्सम्बन्धी पूर्वतयारीका कार्यहरू सुरु गरेको थियो । गण्डकी प्रदेशमा पहिलो पटक २०७६ चैत्र १८ गते बाग्लुङ जिल्लामा कोभिड १९ को पुष्टि भएको थियो । यसले आम नागरिकहरूमा भय र त्रास पैदा गरेको थियो । यस प्रकारको विषम अवस्थालाई संयमताका साथ एकीकृत रूपमा व्यवस्थापन गर्दै अगाडि बढिरहेको र तुलनात्मक रूपमा गण्डकी प्रदेश सरकारले सबै क्षेत्रको साथ र सहयोगबाट कोभिड १९ लाई नियन्त्रीत अवस्थामै राख्न सफल भएको व्यहोरा यहाँहरूलाई अवगतै छ । सभामुख महोदय, कोभिड १९ को महामारीलाई नियन्त्रण र व्यवस्थापन गर्न गण्डकी प्रदेश सरकारले सम्पादन गरेका मुख्य कार्य यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## समितिहरू गठन तथा परिचालन

सरकारको सीमित स्रोत र साधनको अधिकतम उपयोग गरी कोभिड १९ संक्रमणको रोकथाम प्रभावकारी नियन्त्रण तथा व्यवस्थापन गर्न सर्वप्रथम माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा उच्चस्तरीय निरीक्षण समिति माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको संयोजकत्वमा व्यवस्थापन सहजीकरण समिति र प्रमुख सचिवको नेतृत्वमा समन्वय समिति गठन गरिएको थियो । निरिक्षण समितिको निर्देशन अनुसार कोभिड १९ को महामारी प्रभावकारीको रूपमा नियन्त्रण तथा व्यवस्थापन गर्नका निम्न थप १० वटा विषयगत समितिको गठन गरी परिचालन गरिएको थियो । कोभिड १९ संक्रमणको सुरुवातकै अवस्थामा यसको संक्रमण रोकथाम नियन्त्रण र उपचार व्यवस्थापनसँग सम्बन्धित विषयहरू परिचालन गरी स्पष्ट भूमिका एवं जिम्मेवारीको साथ उपर्युक्त समितिहरूको परिचालन गरिएको कारण पनि कोभिड १९ जस्तो उच्च संक्रमण युक्त महामारीको नियन्त्रण एवं व्यवस्थापन कार्यलाई सहज व्यवस्थित एवं प्रभावकारी बनाउन मद्दत पुगेको थियो ।

## कोभिड १९ संक्रमितको उपचार गर्ने अस्पतालहरू छनौट

तत्कालीन परिस्थितिमा गण्डकी प्रदेशमा कोभिड १९ का संक्रमितहरूको उपचार एवं व्यवस्थापनमा गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान कास्की, जिपि कोइराला उपचार केन्द्र र धौलागिरी अस्पताल बाग्लुङलाई जिम्मेवारी दिएको थियो । ल्याब व्यवस्थापन कोभिड १९को संक्रमणको सुरुवातको अवस्थामा नेपालमा पीसीआर परिक्षाको व्यवस्थानै थिएन । केही समय पश्चात काठमाडौं पीसीआर परीक्षणको व्यवस्था भए तापनि गण्डकी प्रदेशमा उक्त सुविधा थिएन, त्यसैले कोभिड १९ को स्वाबको परीक्षणका लागि काठमाडौं नै पठाउनु पर्ने बाध्यता थियो । प्रदेशमै स्वावको परीक्षण गर्नका लागि पीसीआर मेसिनसहितको आवश्यकता थियो । सोही आवश्यकतापूर्ति गर्ने सन्दर्भमा प्रदेश सरकारको सिफारिसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तुरुन्तै एउटा पीसीआर मेसिनसहित दुई जना विज्ञ प्राविधिकहरूसमेत खटाइदिएकाले पोखरा स्वास्थ्य विज्ञानप्रतिष्ठानको प्रयोगशालामा २०७६ चैत्र १८ गते देखिनै नमुना परीक्षण कार्य सुरुवात गरिएको थियो । त्यतिन्जेलसम्म प्रदेश जनस्वास्थ्य प्रयोगशालामा कुनै

उपकरणहरू नै थिएन भने ज्यादै न्यून जनशक्ति रहेको थियो । प्रदेश सरकारले तत्काल उक्त प्रयोगशालाको क्षमता अभिवृद्धि गर्ने सोचका साथ अगाडि बढ्यो त्यसैले प्रदेश जनस्वास्थ्य प्रयोगशालाको मातहतमा प्रदेश क्षयरोग उपचार केन्द्रमा दुई ओटा पीसीआर मेसिनसहितको प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइयो । हालै नेपाल सरकारबाट प्राप्त गरेको एउटा अटो एक्ट्रयाक्सन मेसिनसमेत जडान गरेकाले प्रदेश जनस्वास्थ्य प्रयोगशाला र पोखरा स्वास्थ्यविज्ञान प्रतिष्ठानमा गरी दैनिक कम्तिमा ५ सय ३२ देखि ६ सय ७६ वटा सिङ्गल परिणाम प्राप्त गर्न सक्ने अवस्था रहेको छ । यो क्षमतालाई अझै बृद्धि गर्नका लागि प्रदेश सरकारले निकट भविष्यमा थप एक पीसीआर र एक्ट्रयाक्सन मेसिनसमेत थप्दै गरेको जानकारी समेत गराउन चाहन्छु । सभामुख महोदय, प्रदेशमा ल्यापको कुनै पूर्वाधार नभएको अवस्थामा पनि २०७६ चैत्र १८ गते गण्डकी प्रदेशमा पहिलो कोभिड १९ को संक्रमित देखा पऱ्यो र सोही दिनदेखि नै प्रदेशमै नमुना परीक्षण कार्य सुरु गर्नु अवश्य पनि सुयोग नभएर प्रदेश सरकारको कोभिड १९ को नियन्त्रण तथा व्यवस्थापन प्रतिको अहम् जिम्मेवारी र दायित्व बोधको परिणाम नै हो ।

## जनशक्ति व्यवस्थापन

तत्कालीन परिस्थितिमा प्रदेश विद्यमान स्वास्थ्यकर्मीमा कोभिड १९ को संकास्पद व्यक्तिहरूको पहिचान कन्ट्रयाक ट्रेसिङ स्वाव परीक्षण, पीसीआर परीक्षण लगायतका अत्यावश्यक कार्यहरु गर्न सक्ने ज्ञान, सीप र अनुभवको कमी थियो । उनीहरूलाई प्रयोगशाला सम्बन्धित ज्ञान सिकाउने काममा लगाउन पर्ने अवस्था रहेकोले १ हजार ६ सय ५१ जनालाई विभिन्न तालिमहरू दिएर कामकाजमा लगाइएको थियो । प्रयोगशालाको समस्यालाई तुरुन्तै समाधान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आएका दुई जना विज्ञ प्राविधिकबाट प्रदेशका ४ जना स्वास्थ्य प्राविधिकहरूलाई ती ४ जनाको सहयोगबाट अन्य २४ जनालाई अनसाइड तालिम दिई २८ जना आफ्नै दक्ष जनशक्ति उत्पादन गरिएको छ ।

## जनचेतनामूलक कार्यक्रम सञ्चालन

कोभिड १९ ज्यादै छिटो सर्ने र फैलिने प्रकृतिको भएकोले यसलाई उपचारात्मक विधिले मात्रै नियन्त्रण गर्न सकिँदैन भन्ने तथ्यलाई आत्मसात गरी प्रदेशका आम

नागरिकहरूलाई यस सम्बन्धित आधारभूत ज्ञान, सीप र जानकारी प्रदान गर्न हेलो डक्टर सेवा, टेलिभिजन, रेडियो, एफएम्, यूटुब, चेतनामूलक दोहोरी गीत, मोबाइल एप्स, बेबसाइड, वेबपेज, प्रेस विज्ञप्ति वक्तव्य तथा सामाजिक सञ्जालहरूको उपयोग गरिएको छ । यसबाट आम नागरिकहरूले मास्कको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, पटक-पटक हात धुने, सेनिटाइजर प्रयोग गर्ने जस्ता जानकारी सहजै प्राप्त गर्न सकेका छन् । यसबाट नागरिकहरू थप सचेत भई कोभिड-१९ को संक्रमणलाई प्रभावकारी रूपमा नियन्त्रण तथा व्यवस्थापन गर्न सहयोग मिलेको छ । यस अवसरमा प्रत्यक्ष, परोक्ष रूपमा सहभागी हुनुहुने जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मी, सञ्चार माध्यमहरू, पत्रकार मित्रहरू, सुरक्षाकर्मीहरू, गायककारहरू, संघसंस्था तथा प्रदेशवासीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**प्रमुख नाकामा हेल्थ डेक्स तथा ज्वरो क्लिनिक स्थापना**

कोभिड १९ एक व्यक्तिबाट अर्को व्यक्तिमा स्वासप्रश्वास तथा अन्य सम्पर्कका माध्यमबाट सर्दै जाने भएकोले गण्डकी प्रदेश भित्र यसको फैलावटलाई नियन्त्रण गर्ने उद्देश्यले प्रदेशका मुख्य नाकाहरू स्याङ्जाको राम्दी, तनहुँको आँबुखैरेनी र नवलपरासीको बर्दघाट सुस्तापूर्वको दाउन्ने र गैंडाकोटमा हेप्प डेक्स स्थापना तथा सञ्चालन गरिएको थियो । यसैगरी, देशका सबै अस्पताल, स्वास्थ्य केन्द्र तथा अन्य अत्यावश्यक स्थानहरूमा ज्वरो क्लिनिकहरू स्थापना तथा सञ्चालन गरिएको छ । यसबाट शंकास्पद संक्रमितको नियन्त्रण गर्न सहज भएको छ ।

**संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना**

कोभिड १९ को संक्रमण तथा महामारीको उपचारका लागि लागि मात्र नभई भविष्यमा यस्तै प्रकृतिका कैयन सरुवा रोगहरुको प्रकोप पनि आउन सक्ने सम्भावनालाई विचार गरी प्रदेशस्तरमा नेपालमै पहिलो पटक पोखरामा लेखनाथ सामुदायिक लायन्स अस्पतालालाई प्रदेश सरकारको स्वामित्व कायम हुने गरी ५० शैया क्षमताको प्रदेश संक्रामक तथा सरुवा रोग अस्पतालको स्थापना तथा सञ्चालन गरी सकिएको छ । यसलाई निकट भविष्यमा १०० शैयाको क्षमताको अस्पतालको रूपमा स्थापना गर्ने योजनासमेत रहेको जानकारी गराउन चाहन्छु ।

## कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार कोषको स्थापना

कोभिड १९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारका लागि आर्थिक अभाव हुन नदिन प्रदेश सरकारले यो कोषको स्थापना तथा सञ्चालन गरेको छ । यस कोषमा प्रदेश सरकारकोतर्फबाट ३० करोड र जनप्रतिनीधि कर्मचारी विभिन्न व्यक्ति तथा संस्थाबाट २०७७/४/१९ सम्म ४ करोड ३७ लाख ६१ हजार २ सय ६६ रूपैयाँसमेत गरी कुल ३४ करोड ७० लाख, ६१ हजार २ सय ६६ रूपैयाँ जम्मा भएको छ । २०७६/४/२० सम्म उक्त कोषबाट कुल १८ करोड ८० लाख २६ हजार खर्च भई हाल १५ करोड ९० लाख ३५ हजार २ सय ६० रूपैयाँ बाँकी रहेको जानकारी गराउन चाहन्छु । स्थानीय तथा जिल्ला संकट समन्वय तथा व्यवस्थापन केन्द्रलाई प्रदेश सरकारले कोभिड १९ को कारण व्यरोजगार भएका तथा अति विपन्न नागरिक भोकभोकै बस्न नपरोस भन्ने उद्देश्यका साथ तत्काल राहत पुऱ्याउन स्थानीयतहलाई ६ करोड ५० लाख र जिल्ला संकट समन्वय तथा व्यवस्थापन केन्द्रलाई २ करोड ७० लाख रूपैयाँ गरी जम्मा ९ करोड २० लाख रूपैयाँ निकाशा दिएको कुरा म जानकारी गराउन चाहन्छु । अस्पतालहरूको स्तरोन्नति प्रदेशमा कोभिड १९ सुरुहुनु पूर्व पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३ वटा भेन्टिलेटर सहित ९ सैया क्षमताको सघन उपचार सेवा बाँकी बाहेक अरु जिल्ला अस्पतालमा यो उपचार सुविधा थिएन । त्यसैले प्रदेश सरकार सबै जिल्ला अस्पतालहरूमा आइसीयूहरूमा सुविधा उपलब्ध गराउने उद्देश्यले विद्यमान भौतिक संरचनाको स्तर उन्नति तथा सघन उपचार सेवाको लागि बजेट व्यवस्था गरेको थियो । हाल जिल्ला अस्पतालहरूमा मात्रै १३ वटा भेन्टिलेटर सहित २७ सैयाको सघन उपचारको सेवा सञ्चालन हुने अवस्थामा रहेको छ । लकडाउनको कारण समेत भेन्टिलेटर, आइसीयू सैयालगायतका स्वास्थ्य सामग्री तथा उपकरणहरू सहज आपूर्ति हुन नसकेकोले सबै अस्पतालमा लक्ष्य अनुसार आइसीयू सेवाको स्थापना हुन नसकेता पनि चालु आ.व.मा बाँकी अस्पतालहरूमा उक्त सेवा सञ्चालन गर्ने योजना रहेको जानकारी गराउन चाहन्छु ।

## क्वारेन्टाइन तथा आइसोलेसन व्यवस्थापन

क्वारेन्टाइन व्यवस्थापनको जिम्मेवारी मूलत स्थानीय प्रशासनको भए तापनि यसलाई थप व्यवस्थित बनाउनको लागि ४७ वटा स्थानीय तहहरूमा संचालित क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको खाना खर्च बापत रु १ करोड ५३ लाख निकाशा

दिएको थियो । त्यसका अतिरित्त स्थानीय तहको माग र आवश्यता अनुसारको विभिन्न स्वास्थ्य सामग्री एवं उपकरणहरू समेत उपलब्ध गराइएको थियो । पदेश सरकारले आफ्नै पहल प्रयासमा प्रदेश स्तरीय क्वारेन्टाइनको स्थापना समेत गरेको थियो । हाल प्रदेशका ४७ स्थानीय तहहरूमा ९ सय ९१ वटा क्वारेन्टाइनमा १० हजार १ सय ५८ सैया क्षमता रहेको छ । हाल क्वारेन्टाइनमा १ हजार ११ जना रहेका छन् । त्यसैगरी प्रदेश सरकारको व्यवस्थापन जिम्मेबारीमा १ हजार ३ सय ९७ शैया क्षमताका ३८ वटा आइसोलेसन केन्द्र स्थापना तथा सञ्चालन गरिएको छ । यी आइसोलेसनमा हाल २ सय ११ जना व्यक्तिहरू रहेका छन् । ती आइसोलेसन केन्द्रको स्थापना स्तर उन्नति एवं सुधारका लागि आवश्यक साधन स्रोतको व्यवस्थापन प्रदेश सरकारले गरेको छ यसका लागि जम्मा ४ करोड ३७ लाख ८८ हजार निकाशा भएको छ भने कतिपय केन्द्रको स्थापन तथा सञ्चालनमा स्थानीय तहसँग समेत सहकार्य गरेको छ । हालसम्म भारतबाट नेपाल फिर्ता हुने १२ हजार २ सय ९१ जना र अन्य मुलुकहरूबाट आउने ५ हजार १ सय ४ जना रहेको कुरा जानकारी गराउन चाहन्छु ।

## आवश्यक कार्यविधिको निर्माण तथा कार्यान्वयन

कोभिड १९ का सन्दर्भमा हुने हरेक प्रकारका क्रियाकलापहरूमा एकरूपता तथा सान्दर्भीकता कायम गर्नको लागि तथा नेपाल सरकारले तयार पारेका मापदण्ड तथा कार्यविधिहरूलाई प्रदेश सरकारले निम्नअनमुसारका कार्यविधि तयार पारी कार्यान्वयन गरेको छ :

कोरोना भाइरस रोग

रोकथाम नियन्त्रण तथा उपचारसम्बन्धी कार्यविधि सव व्यवस्थापन कार्यविधि कोरोना भाइरस संक्रमणको रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिका लागि जोखिम पर्दा तथा विमा व्यवस्थापन कार्यविधि २०७७

## अनुगमन तथा पृष्ठपोषण

कोभिड १९ का सन्दर्भमा क्वारेन्टाइन आइसोलेसन अस्पताल व्यवस्थापन तथा क्रियाकलापहरूको सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूहरू तथा सचिवबाट अस्पताल, क्वारेन्टाइन तथा आइसोलेसनमा भएको अनुगमनले कोभिड १९को

संक्रमणको नियन्त्रण गर्न आवश्यक पृष्ठपोषण हुँदा कार्यस्थलका समस्याहरु तत्काल व्यवस्थापन हुनका लागि क्वारेन्टाइन, आइसोलेसनका व्यक्तिहरूलाई स्वास्थ्यकर्मीहरूको मनोबल समेत उच्च बनाउन सहयोग पुगेको छ साथै सामाजिक विकासमन्त्री सचिवसम्बन्धी सामाजिक महाशाखा तथा निरिक्षणबाट नियमित अनुगमन गरी सम्बन्धित पक्षलाई आवश्यक पृष्ठपोषण गरिएको छ ।

## कोभिड १९ का बारेमा तुलनात्मक स्थिति

आजको मितिसम्मको तथ्याङ्क अनुसार प्रति १० लाखमा कोभिड १९ परीक्षण गर्ने सन्दर्भमा छिमेकी मुलुकहरूसँग तुलना गर्दा भारतले १५ हजार ५ सय ५४, प्रति १० लाखमा १५ हजार ५ सय ५४ बंगलादेशले ७ हजार ३ सय ५५ पाकिस्थानले ९ हजार २ सय ३६ र  श्रीलङकाले ७ हजार ७ सय ८३ जना गरेको देखिन्छ भने नेपालले प्रति १० लाखमा २४ हजार ८ सय ८८ जनाको पीसीआर परीक्षण गरेको देखिन्छ । २०७७/४/२१ सम्मको आँकलन अनुसार गण्डकी प्रदेशमा कुल २६ हजार ३८ जनाको नमुना संकलन गरिएको छ । त्यसमध्ये २४ हजार ४ सय ७२ संक्रमण देखिएको छैन । संक्रमित १ हजार १ सय ६६ छन् भने निको भएर जाने संख्याको दर १ हजार ३ सय ६२ रहेको जानकारी गराउन चाहन्छु । मृत्युदर आजसम्म पनि ४ वटा रहेको जानकारी गराउन चाहन्छु । उपयुक्त तथ्याङ्क दृष्टिगत गर्दा कोभिड १९ परीक्षण गर्ने सन्दर्भमा नेपालले गरेको प्रयास त्यति कमजोर नरहेको स्पष्ट हुन्छ । गण्डकी प्रदेशले पनि सीमित स्रोत र साधनको बाबजुत स्पष्ट दृष्टिकोण र दृढ इच्छाशक्तिका साथ बीच कोभिड १९को महामारीमा जुधिरहेको सम्बन्धित सबैको साथ सहयोग र निरन्तर प्रयासको फलस्वरूप अन्य क्षेत्रमा जस्तो यो महामारी विरुद्धको लडाइमा समेत हामी सबै प्रदेशबासी गर्व अनुभूति गर्ने अवस्थामै छौं । हामीले हिनताबोध गर्नुपर्ने वा शीर निहुराउनु पर्ने कुनै अवस्था छैन तर यसको मतलब अब हामी चुप लागेर बसौं भन्ने होइन । हामी अझ दृढताका साथ स्पष्ट रणनीतिसहित अगाडि बढ्छौं भन्ने प्रतिबद्धता समेत प्रदेश सरकारको तर्फबाट यस सम्मानित सदन समक्ष प्रस्तुत गर्न चाहन्छु । माननीय सभामुखज्यू, कोभिड १९को सन्दर्भमा प्रदेश सरकारबाट भए गरेका काम कार्यहरूको सम्बन्धमा माथि नै प्रकाश पारिसकेको छु, उल्लेखित विषयहरूबाट पनि प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यज्यूहरूले संकल्प प्रस्ताव

मार्फत उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरूको बारेमा धेरै छलफल भई सकेको छ परन्तु यहाँ पुन बुँदागत रूपमा थप स्पष्ट पार्ने अनुमति चाहन्छु :

१) गण्डकी प्रदेश भरी १ घर १ पीसीआर टेस्टको व्यवस्था हुनुपर्ने तत्कालै प्रकृया प्रारम्भ गर्ने भन्ने सम्बन्धमा प्रदेश सरकारले डब्लूएचओ नेपाल सरकार तथा प्रदेश सरकारका निर्देशिकाका कार्यविधि मापदण्ड तथा निर्णयहरूलाई आधार मानेर गर्नुपर्ने हुन्छ । यसका साथै प्रदेशको भूबनोट बस्तीका अवस्थिति आर्थिक परिवेश आदिलाई आधार मान्नुपर्ने हुन्छ । पीसीआर परीक्षण सम्बन्धी राष्ट्रिय निर्देशिका २०७७ अनुसार देहायका अवस्थाका व्यक्तिहरूको मात्र पीसीआर परीक्षण गर्न सकिने प्रावधान रहेको छ ।

**पहिलो प्राथमिकतामा :** विदेशबाट फर्केका क्वारेन्टाइन तथा आइसोलेसनमा रहेका र संक्रमित व्यक्तित्वको सम्पर्कमा रहेका व्यक्तिहरूको जाँच गरिन्छ ।

**दास्रो प्राथमिकतामा :** अग्रपंक्तिमा रहेका स्वास्थ्यकर्मीहरू सहयोगी कर्मचारीहरू जस्तै एम्बुलेन्स चालक अन्य सहयोगी कर्मचारी सुरक्षा कर्मी र तुरुन्तै अप्रेसन गर्नुपर्ने विरामीहरूको जाँच गरिन्छ ।

**तेस्रो प्राथमिकतामा :** कुनै संक्रमितबाट धेरै मात्रामा समुदायमा संक्रमण फैलिएका पुष्टि भएमा र लक्षणको संका भएमा चिकित्सकको सल्लाह अनुसार जाँच गर्न लगाइका व्यक्तिहरूको जाँच गरिन्छ । साथै उक्त निर्देशिकाको पछिल्लो संशोधन अनुसार लक्षण देखिएका सबै विमारी स्वास प्रश्वास सम्बन्धी गम्भिर रोग लागेका विरामी आइसीयूमा रहेका तथा सिकिस्त विरामी रोग प्रतिरोधात्मक क्षमता कम भएका ६० वर्ष भन्दा माथिका विरामी र अग्रपंक्तिमा रही सेवा पुऱ्याउने स्वास्थ्यकर्मीको अलवा सुरक्षाकमी एम्बुलेन्स चालक आदिसमेतलाई प्राथमिकतामा राखी परीक्षण गर्नु पर्ने व्यवस्था छ । उक्त निर्देशिकामा परीक्षण गर्नु नपर्ने अवस्थामा पनि निम्नानुसार व्यवस्था गरेको छ

**लक्षण नदेखिएका व्यक्ति**

संक्रमित क्षेत्रको यात्राको इतिहास नभएका व्यक्ति संक्रमितसँग सम्पर्कमा नभएका व्यक्ति स्वइच्छाले परीक्षण गर्न चाहने व्यक्ति प्रदेशको भूवनोट तथा भौगोलिक विकासको विगटताका कारण कयौं गाउँ बस्तीहरू प्राकृतिक रूपमा छुट्टिएर रहेका छन् । यी बस्तीहरू हाल स्थानीय तहका स्थानीय बासीहरूको पहलमा बाहिरी

मानिसहरूको आवातजावतलाई पूर्ण रूपले नियन्त्रण गरिएको छ । उदाहरणको लागि हाल मनाङ तथा मुस्ताङ जस्ता जिल्लाहरूमा कोभिड १९ को संक्रमण शून्य देखिएको छ भने अन्य कयौं जिल्लाहरूको खासखास बस्तीहरूमा पनि संक्रमण देखिएको छैन । यस्तो अवस्थामा रहेका बस्तीमा १ परिवार १ पीसीआर परीक्षण गर्न कति आवश्यक सेवा उपर्युक्त वा व्यवहारिक होला हामी सबैले गम्भीरता पूर्वक मनन गर्न आवश्यक छ । पीसीआर परीक्षण १ पटक गरेर मात्रै सधैंभरी ढुक्क हुने अवस्था हुँदैन नमुना परीक्षण गरी नदेखिदैंमा रोग छैन भनी सधैभरी ढुक्क हुने अवस्था रहदैन तसर्थ एउटै व्यक्तिको पटकपटक नमुना परीक्षण गर्नु पर्ने पनि हुन सक्छ । यस्तो अवस्थामा पटक-पटक घरघरमा पुगी नमुना संकलन तथा परीक्षण गर्न आर्थिक, प्राविधिक तथा व्यवहारिक रूपले उपर्युक्त देखिँदैन । वैज्ञानिक दृष्टिकोणमा अन्यन्त्रको अवस्थालाई हेर्दा संक्रमणको हंका लागेको र प्राथमिकतामा परेका व्यक्तिलाई मात्र पीसीआर परीक्षण गर्नु उपर्युक्त हुन्छ । गण्डकी प्रदेशमा हाल भइरहेको कोभिड १९ नियन्त्रणका सम्बन्धमा सरकारका तर्फबाट विभिन्न स्थानमा पुगी स्वाबको नमुना संकलन तथा परीक्षणका लागि प्रतिव्यक्ति औसत खर्च ९ हजार ७ सय १० रहेको देखिन्छ । यसरी हेर्दा गण्डकी प्रदेशका कूल ५ लाख ७७ हजार ६ सय ८२ रहेको प्रतिव्यक्तिको पीसीआर परीक्षण गर्न एकै पटकका लागि करिब ५ अरब ६१ करोड लाग्ने देखिन्छ । तोकिएको मापदण्ड बाहेकका व्यक्तिहरूले कोभिड १९ को परीक्षण गर्न चाहेमा सम्बन्धित परीक्षणमा पुगी परीक्षण गर्न नेपाल सरकारले प्रतिव्यक्ति रु ५ हजार ५ सय शुल्क तोकिदिएको छ ।

**डब्लूएचओ तथा नेपाल सरकारले तय गरेको मापदण्ड अनुसार क्वारेन्टाइनको व्यवस्था तत्काल मिलाउन प्रबन्ध गर्ने सम्बन्धमा**

क्वारेन्टाइन सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्नु भनेको मापदण्ड २०७६ मा भएको व्यवस्था हरेक जिल्लामा क्वारेन्टाइन व्यवस्थापन समिति गठन भई क्वारेन्टाइन व्यवस्थापन गर्दै आइरहेका छन् । उक्त समितिलाई आवश्यक सल्लाह उपलब्ध गराउनको लागि संघीय संसदका सदस्यहरू प्रदेश सरकारका सदस्यहरू र जिल्ला समन्वय समितिको गठन सहितको व्यवस्था गरेको छ । माननीय सदस्यज्यू समय सिद्दियो । धन्यवाद !

माननीय सदस्यहरू अब संकल्प प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको लागि समय ७ मिनेट निर्धारण गरेको छु निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु**

**माननीय सभामुखज्यू,** सम्मानित प्रदेश सभाको वैठकमा प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसका केही माननीयहरूले दर्ता गर्नु भएको कोभिड-१९ सम्बन्धी संकल्प प्रस्तावमा छलफलमा सहभागी भएको छु । प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १३ उपदफा ८४ मा संकल्प प्रस्ताव ल्याउन पाउने व्यवस्था गरिएको छ संसदीय अभ्यासमा गण्डकी प्रदेशमा यस्तो प्रस्ताव पहिलो अनुभव र अभ्यास हो । संघीय संसदको अभ्यासलाई हेर्दा संकल्प प्रस्ताव सहमति तरिकाबाट पारित भएको इतिहास छ । हाम्रो प्रदेश सभामा कोभिड १९ को सम्बन्धमा संकल्प प्रस्ताव दर्ता गर्दा सहमतिय विधि अपनाइएन । दलीय हिसाबले दर्ता गरियो । दर्ता गर्ने अधिकार स्वभाविक रूपमा सबै माननीयको  भए पनि पारित हुन बहुमत चाहिने र दलको बहुमत नपुग्ने भनेर प्रस्तावसँग परिस्थितिको अवगत हुँदाहुँदै प्रस्ताव दर्ता गरियो । माननीय सभामुखको पहल गतिविधिमा यस प्रस्तावलाई सहमतिय बनाउने संसदको कार्यव्यवस्था प्रारम्भ वैठकमा गम्भीर छलफल भयो र ६ सदस्यका सर्वददीय कार्यव्यवस्था बन्यो । त्यस कार्यदलको ६ वटा वैठक सम्पन्न भए माननीय मुख्यमन्त्रीज्यू, माननीय सामाजिक विकास मन्त्रीज्यू सँग आवश्यक परामर्श छलफल र परामर्श गरी सहमतिको प्रयास गरियो । सामाजिक विकास मन्त्रालयका सचिवज्यू र प्रदेश स्वास्थ्य निर्देशकज्यूलाई बैठकमा बोलाएरै धेरै अस्पष्ट विषयहरूलाई स्पष्ट हुने काम भयो । प्रस्तावमा प्रस्तावक माननीयको जिज्ञासा पनि स्पष्ट भयो । अन्तिममा फेरि पुरानै विषय १ लाख ५० हजार परीक्षण हुने निर्णय भए सहमति हुन्छ नभए हुँदैन भनेर विषयको प्रस्ताव माननीयले अडान लिएको कारणले सहमति हुन सकेन र हामी ऐले प्रकृयामा अगाडि बढ्न सकेन सहमति भएरै प्रकृयाको निम्ति अगाडि बढ्न सहमति भएरै यहाँ उपस्थित भएका छौं । संकल्प प्रस्ताव ल्याउँदा नै राजनीतिक निर्देशनमा आएकोले सहमति जुट्न सकेन सरकारले हालसम्म शून्यअवस्थामा रहेको बाट

हालसम्म गरेको प्रयासले महामारी नियन्त्रणमा छ, समुदायमा फैलन पाएको छैन । त्यो विषयमा सरकारलाई धन्यवाद दिनु पर्नेमा त्यो संकल्प प्रस्तावमा कञ्जुस्याइँ गरिएको छ । पूर्वाग्रह राखिएको छ सरकारले केहि पनि गरेको छैन भनेर मिथ्या आरोप लगाइएको छ । आगामी चुनौती र जोखिमलाई सामना गरी सरकार अलि गम्भीर बन्नुपर्दछ र महामारी रोकथाम नियन्त्रण र उपचारलाई अझै प्रभावकारी बनाउनु पर्दछ भनी नीतिगत सैद्धान्तिक प्रस्ताव साझा सहमतिका साथ पास गर्दा हामी सबैको विषय बन्थ्यो तर संख्यामा लगेर अड्काइयो । यसरी महामारी त प्रमुख विपक्षलाई लाग्ने मात्र होइन होलानी यो त सारा दुस्मन हो हामी सबैको सबैको साझा प्रयासमात्र सामना गर्न सकिन्छ भन्ने कुरा खै त बुझेको ? माननीय सभामुखज्यू, विश्वभरी फैलिएको महामारी कोभिड १९ मा नेपाल पनि अछुतो रहने कुरो भएन महामारी पहिले सूचना गरेर आउने कुरा पनि भएन यस अघि पनि देशमा धेरै सरकारहरू बने अनि अनेक नामको महामारी आएकै थियो । तर काठमाडौंको टेकुमा बाहेक कही कतै सरुवा एवं संक्रामक रोग अस्पताल किन बन्नसकेन ? एउटा भेन्टिलेटर आइसीयूसम्मको व्यवस्था किन हुन सकेन, जनताको जीउधनको जीवन रक्षाका निम्ति स्वास्थ्य क्षेत्रको सुदृढिकरणमा किन ध्यान दिइएन तर प्रदेश सरकारले अहिले लेखनाथ सामुदायिक अस्पताललाई प्रदेश स्तरको संक्रामण तथा सरुवा रोग अस्पताल भनेर त्यसलाई निर्णय गरेर काम सुरु गरेको छ । त्यसलाई अगाडि बढाउन कोसिस गरेको छ । महामारी रोकथाम नियन्त्रण उपचारको निम्ति नेपाल सरकारले प्रभावकारी ढङ्गले योजना बनायो । शुरुमा कोरोना संक्रमितलाई हड्कडमा उपचार गरेको यथार्थ हाम्रो अगाडि छ । स्वास्थ्य क्षेत्रको सुद्रिणीकरण गर्ने प्रयास सरकारले चलायो । प्रदेश र स्थानीयसँग समन्वय गरेर महामारी नियत्रणलाई प्राथमिकता दियो । प्रदेश सरकारले आइसोलेसनको सम्पूर्ण व्यवस्थाको जिम्मा लिने र स्थानीय तहले क्वारेन्टाइनको जिम्मा लिने व्यवस्था भयो । सो बमोजिम रकम, सामाग्री संघ सरकारले व्यवस्था केही मिलायो भने अरु थप प्रदेश सरकारले पनि आफ्नो कामलाई प्रभावकारी बनाउँदै स्थानीय तहका क्वारेन्टाइनहरू दौलिया चरण नेपाल सरकारको मापदण्ड अनुसार निर्माण गर्न अनुगमन गर्न समन्वय गर्ने सामाग्री र आर्थिक सहयोग समेत दिएको स्थिति छ । महामारीलाई रोकथाम नियन्त्र र उपचारलाई अन्डोर पोलिसीमार्फत गर्ने विधि प्रभावकारी भएको छ । एउटा पनि डेलिग्रेटर अस्पताल नभएको परिस्थितिमा ३ वटा डेलिग्रेटर अस्पताल पोखराविज्ञान प्रतिष्ठान,

धौलागिरी अञ्चल अस्पताल र विपि कोइराला स्वास्थ्य उपचार केन्द्र स्थापना गरी कामलाई प्रभावकारी बनाएको कुरा हाम्रा अगाडि प्रष्ट छ । ११ वटै जिल्ला अस्पतालमा आइसोलेसन कक्ष स्थापना गरेर त्यसपछि उपचारलाई प्रभावकारी बनाएको छ । त्यो बाहेकै पनि ३८ वटा आइसोलेसन कक्षहरू थप व्यवस्था गरिएको थियो । त्यो सहित ३८ वटा आइसोलेसन व्यवस्था गरिएको कुरा अघि माननीय मन्त्रीले व्यक्त गरिसक्नु भएको छ । एउटा मात्र पीसीआर मेसिन भएकोमा प्रदेश सरकारले २ पीसीआर मेसिन किनेको हो । त्यसैले प्रदेश सरकारले २ वटा मेसिन पीसीआर मेसिन थपेको छ र हालसालै संघ सरकारले एक पटकमा ९६ जनाको उपचार चेकजाँच हुन सक्ने गरी अटो एक्ट्रेक्सन मेसिन पठाइसकेर त्यसलाई जोडि सकेको छ । अब के छ भने अब अझै त्यस कारणले यसले छिटो छरितो जाँच हुन सक्ने दायरा र क्षमतालाई बढाएको छ । प्रदेश सरकारले थप एउटा पीसीआर मेसिन एउटा प्रत्येक पटक ९६ क्षमताको अर्को अटो एक्ट्रेक्सन मेसिन किन्ने कामलाई अन्तिम चरणमा पुऱ्याएको कुरा जानकारी गराएको छ । यी सबै थप मेसिन भाद्रको दोस्रो हप्तासम्म आइपुग्ने सरकारको जानकारी छ । त्यस हुने भएकोले पनि सबै मेसिन आइसकेको आइसोलेसन, क्वारेन्टाइनमा रहेका एकएकको जाँच गर्दा प्रतिदिन १ हजार र स्वाव परीक्षण गर्दा प्रतिदिन १८ सय देखि २ हजार परीक्षण गर्न सक्ने क्षमता भएको हुन सक्ने कुरा सरकारका प्रतिनिधिहरूले बताउनु भएको छ । जनताको जीवन रक्षाको निम्ति सरकार जिम्मेवार छ । व्यवस्थित र प्रभावकारी रूपमा आ-आफ्नो काम सबैको सहयोग लिएर अघि बढ्ने प्रयास गरेको देखिन्छ । परीक्षण स्याम्पिङ दायरा बढाएको छ । त्यसमा संका लागेको क्षेत्रमा तुरुन्त गरिरहेको छ । अझै दायरा बढाउने कुरामा पनि हाम्रै अगाडि प्रतिबद्धता जनाएको छ । यो विषयलाई सकारात्मक रूपमा लिनुपर्दछ र हामी जनतापक्ष प्रतिपक्ष नभनी यो साझा शत्रुलाई परास्त गर्न विभाजित भएर होइन, एकताबद्ध भएर अगाडि बढ्न सके परास्त गर्न सके सजिलो हुन्छ । कमजोरी औंल्याउन सकिन्छ । सुझाव दिनुपर्दछ । सरकारको कामलाई अझै प्रभावकारी बनाउन सहयोग गर्नु पर्दछ यो हाम्रो पनि दायित्व हो/जिम्मेवारी हो । माननीय सभामुखज्यू प्रदेश सरकारले संघ सरकार स्थानीयतहसँग समन्वय गर्ने जनताको जीवन रक्षाको निम्ति प्रयास गरिहेको कुरा हाम्रा अगाडि जनजायरै छ । यसमा गण्डकी प्रदेशमा संक्रमित संख्या र ज्यान गुमाउने संख्या पहिला न्यून थियो तर अहिले हामी कोरोना मुक्त हुने वातावरण अपेक्षा त थियो तर भारतमा काम

गर्न गएका अरबमा काम गर्न गएका यूरोपतिर पढ्न गएका मानिसहरूको प्रवेशले उनीहरूलाई सरकारले ल्याउने अथवा आफै आउने काम गर्दा संक्रमण संख्या ह्वात्तै बढेको छ। सरकारको कामलाई अझ तिब्रता वा प्रभावकारी बनाउने काम त भएकै छ। त्यसैले लकडाउन खोलेर पनि केही भयो कि थपियो कि भन्ने पनि संका छ तर त्यस्तो होइन त्यसमा सरकारले आफ्नो व्यवस्थित योजना साथ अगाडि बढिरहेको कुरा हामी जानकारीमै छौं। परीक्षणको दायरा बढाउन कामलाई व्यवस्थित गर्नुपर्दछ। जनताको अभिभावक सरकार भएको हिसाबले सरकारको कामलाई तिब्रता बढाउन प्रभावकारी बनाउन कोरोना संक्रमण नियन्त्रण गर्न सक्छ अहिले भएको पर्याप्त हुन्छ भन्ने होइन। महामारी संक्रमण अझ फैलिएर गएको नफैलियोस् हाम्रो अपेक्षा हो। तर फैलिएर गएमा सरकारले यो भन्दा बढी तिब्रगतिमा कामहरू अगाडि बढाउनुपर्ने कुरा जनजाहेरै छ। माननीय प्रस्तावकज्यूले शक्तिशाली मुलुक अमेरिका जस्तो पनि कोरोना महामारीमा निर्यो भोग्नु पर्‍यो भने जस्तै हाम्रो देश त अमेरिका जस्तो त छैन। हाम्रो धेरै गरिब मुलुक छ तर त्यसको बाबजुत पनि हामीले नियन्त्रण गरेका छौं। जुन चाहिँ प्रभावकारी ढङ्गले काम गरेका छौं यसलाई अझै व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ र म प्रस्तावक साथीहरूलाई भन्न चाहन्छु सरकारले पीसीआर एउटा मेसिन लिदिए हुन्थ्यो। अनि उहाँहरूको भनाईमा एउटा मेसिन लिने प्रक्रिया त अगाडि बढाएकै छ। एउटा अटो एक्ट्रेक्सन मेसिन किन्ने कुरा पनि अगाडि बढाएर अन्तिम चरणमा पुगेछ भनेपछि त्यसमा विवाद गर्नु पर्ने जस्तो लाग्दैन सरकार जिम्मेवार भएर प्रस्तुत भएको छ। काम अगाडि बढाएको छ त्यसका निम्ति नेपालमा नेकपा गण्डकी प्रदेश संसद दलको तर्फबाट यो प्रस्ताव राखिरहनु पर्ने अहिले जरुरी छैन। सरकारलाई अझ तीब्रगतिमा प्रभावकारी रूपमा काम गर्नका निम्ति सुझाव दिँनु उचित हुन्छ भन्ने भनाई म राख्न चाहन्छु। धन्यवाद !

**माननीय सदस्य श्री विन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु**

सभामुख महोदय, आज हामी यो माननीय कुमार खड्का, मेखलाल श्रेष्ठ र माननीय सरिता गुरुङ्गद्वारा यो संकल्प प्रस्तावको विषयमा छलफलमा जुटेका छौं र म नेपाली कांग्रेस पार्टीकोतर्फबाट यो संकल्प प्रस्तावको पक्षमा केही कुराहरू म राख्न चाहन्छु। सभामुख महोदय, नेपालको कूल जनसंख्याको ९.६ अर्थात् २४

लाख ३ हजार ७ सय ५७ जना गण्डकी प्रदेशमा बसोबास गर्दछन् । यहाँ ५ लाख ७७ हजार ६ सय ८२ वटा परिवार रहेका छन् भने क्वारेन्टाइनमा रहेको संख्या १ हजार १३ रहेको छ त्यस्तै गरेर पीसीआर परीक्षण २६ हजार ३८ जना र यो संक्रमितको संख्या मलाई आज मात्रै प्राप्त तथ्याङ्क अनुसार संक्रमितको संख्या १५ सय ६६ जना रहेका छन् र निको भएको संख्या १३ सय ६२ जना छ र मृत्यु भएको यो प्रदेशको तथ्याङ्कमा ४ जना छ भने संघको तथ्याङ्कमा ५ जना भनिएको छ । हालसम्म ट्रेसिङ गरिएको २६ सय २३ जना आइसीयू संख्या १३७ वटा भेन्टिलेटर ५९ वटा र गण्डकी प्रदेशमा एम्बुलेन्सको संख्या २ सय ३२ वटा रहेको छ । गण्डकी प्रदेशको कोरोना र यसको उपचारको अवस्था यस्तो रहेको छ :

अहिले जनताहरूलाई विकास निर्माण भन्दा पनि जनतालाई कसरी बचाउने र कसरी बाँच्ने भन्ने यही प्रमुख सबाल देखिरहेको छ । त्यसकारण यो संकल्प प्रस्तावमा जुन पीसीआर टेष्टलाई १ परिवार १ पीसीआर टेष्ट गर्ने भनेर संकल्प प्रस्ताव अगाडि बढेको छ । त्यस्तै क्वारेन्टाइनलाई डब्लुएचओको मापदण्ड अनुसार व्यवस्थापन गर्ने कुराहरू र यो कोरोना अस्पताललाई अझै सुविधा सम्पन्न अस्पताल बनाएर लैजाने कुराहरू यसमा समेटिएको छ । त्यस्तै गरेर संक्रमितहरूको मृत्यु भएको खण्डमा सव व्यवस्थापनलाई कसरी सहजीकरण गर्न सकिन्छ भन्ने सबालमा गण्डकी प्रदेश सरकार अझै सचेत भएर कोरोनाासँग लड्नको लागि अगाािडि बढोस् भन्ने धारणाका साथ यो संकल्प प्रस्ताव आएको छ । त्यसकारण म मेरो पार्टीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पनि यो संकल्प प्रस्तावको पक्षमा म यो सम्मानित सभामा कुराहरू राख्न चाहन्छु । यो सन्दर्भमा निश्चय पनि सरकारले पीसीआरको दायरा बढाउने कुराहरू र धेरैभन्दा धेरै पीसीआर टेष्टको दायरा बढाउने क्वारेन्टाइनहरू अव्यवस्थित अवस्थामा छ त्यसलाई व्यवस्थापन गर्ने कुराहरू भए र यो सव व्यवस्थापन गर्ने कुराहरूमा पनि धेरै अप्ठ्यारो स्थिति हामीले देखेका छौं । सव व्यवस्थापन गर्ने कुरामा यो कार्यविधि संक्रमितहरूको मृत्यु प्रश्चात सव व्यवस्थापन गर्ने कुरामा कार्यविधि नै बनेको अवस्था छ र यसमा स्थानीय निकायले स्थानीय सरकारले जग्गाको उपलब्ध गराउने र शान्तिसुरक्षाको व्यवस्था सिडियो कार्यलयबाट गर्ने र सवलाई व्यवस्थापन गर्ने जिम्मा यो कार्यविधिमा आर्मीहरूले लिने नेपाली सेनाहरूले लिने यसलाई समन्वय गर्ने कार्य यो प्रदेश सरकारले गर्ने तथापि यो कास्कीकै केशमा

पनि २ ठाउँमा दुईवटा शव व्यवस्थापन गर्दा खोज्दा दुवैठाउँमा झडप भएको अवस्था छ । यसलाई पनि कोरोना पार्ककै रूपमा एउटा ठाउँ छनोट गरेर यो प्रदेश सरकारले शव व्यवस्थापनलाई सहजीकरण गर्नुपर्छ भन्ने जस्तो मलाई लाग्छ । पोखरा ११ र पोखरा ३२ को यो सेती नदी किनारमा शव व्यवस्थापन गर्ने प्रयास गरियो त्यो समयमा पनि जनताहरूसँग झडप भएको अवस्था छ । यसलाई प्रदेश सरकारले समन्वय गरेर एउटा ठाउँ स्थानीय निकायले ठाउँ छनोट गर्ने छ त्यो ठाउँलाई कोरोना पार्कको रूपमा विकास गरेर त्यहाँ सुरक्षित रूपमा त्यसलाई व्यवस्थापन गर्न सकिने खालको प्रबन्ध प्रदेश सरकारले गर्नुपर्छ भन्ने कुराहरु राख्न चाहन्छु । यो गण्डकी प्रदेश सरकारले कोरोनातर्फ धेरै संयमित भएर एउटा प्रमुख प्रतिपक्ष दलले राखेका यो संकल्प प्रस्तावलाई मनन गरेर अगाडि बढेर एउटा सहमतिको बाटो खोजेर अगाडि बढ्नुपर्ने ठाउँमा यो प्रदेश सरकार प्रदेश सरकार सेवा सुविधाहरू बढी लिने मन्त्रीहरू पनि विलाशितातिरै बढी लालाहित भएको हो कि ? भन्ने खालको प्रवृत्ति हामीले देखेका छौं । यही गएको २९ गते सम्झौता गरेर ३० गते ६ वटा गाडी प्रदेश सरकारले मगायो जुन सुन्दा पनि अचम्म लाग्ने खालको व्यवहार हामीले देख्यौं । ५ वटा स्कारपियो गाडी ५३ लाखको दरले २ करोड ६५ लाख र त्यस्तै एउटा इलेक्ट्रिक कार ५६ लाखमा खरिद गरिएको छ । अब यो प्रदेश सरकारले पीसीआर टेष्टको दायरा फराकिलो गर्ने, क्वारेन्टाइन, व्यवस्था गर्ने, आइसोलेन बेडहरूको विस्तार गर्ने, भेन्टिलेटरहरू थप्दै लैजानुपर्ने ठाउँमा यो मन्त्रालयहरू, मन्त्रीहरू, सेवासुविधातर्फ बढी लालायित भएको हामीले पाएका छौं । त्यसकारण प्रदेश सरकारले अब यो व्यवस्थित रूपमा यो भेन्टिलेटरको व्यवस्थाहरू थप गर्ने कुराहरूदेखि लिएर आइसोलेसनको बेड संख्याहरु थप्ने पीसीआरलाई अझै यसको दायरा फराकिलो गर्नेतर्फ सरकार लागोस् भन्ने मेरो आफ्नो सुझाव राख्दै बिदा हुन्छु धन्यवाद जय नेपाल ।

**माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, कोरोना भाइरस संक्रमणको कारण हाल विश्व मानवजगत्मा ठूलो मानवीय क्षति सँगैर आर्थिक मन्दी हुँदै गइरहेको अवस्था सर्वविदितै छ । हाम्रो नेपाल पनि यसमा अछुतो नरहेको सबैलाई जानकारी नै छ ।

र अहिलेसम्म कोभिड १९ को नेपालको सन्दर्भमा भन्नु पर्दा पीसीआर परीक्षण ४ लाख १२ हजार ९ सय ५३, आरडिटी टेष्ट ३ लाख १२ हजार ४ सय २ गरी टोटल ७ लाख २५ हजार ३ सय ५५ रहेको र पीसीचार पोजेटिप २१ हजार ३ सय ९० र मृत्यु हुनेको संख्या ६० र रिकभरी हुनेको संख्या १५ हजार एक सय ५६ रहेको र गण्डकी प्रदेश भित्र परीक्षणको संख्या २६ हजार, संक्रमितको संख्या १५ सय र मृत्यु हुनेको संख्या र रिकभर हुनेको संख्या १३ सय रहेको छ । कोरोना भाइरस संक्रमणका कारण हाल विश्वमा प्रत्येक १५ सेकेण्डमा १ जनाको, प्रत्येक १ घण्टामा २ सय ४७ जनाको र प्रदेश २४ घण्टामा ५ हजार ९ सय जनाको मृत्यु भएको तथ्यांकले जनाउँछ । एक जना कोरोना भाइरस संक्रमितले थोरेमा एक जना र धेरैमा १२५ जना र सामान्यतया १२ जनालाई संक्रमण सारेको अनुसन्धानले बताउँछ ।

माननीय सभामुख महोदय, यो विषम परिस्थितिमा जुन हाम्रो गण्डकी प्रदेश सभामा प्रमुख प्रतिपक्ष दलले जुन संकल्प प्रस्ताव ल्यायो एकदमै जनजीविकासँग जोडिएको र अहिलेको विषम परिस्थितिसँग जोडिएको र आम जनताको स्वास्थ्य र जीवनसँग जोडिएको विषय हुनाले यो महत्वपूर्ण छ भन्ने मेरो धारणा रहेको जानकारी गराउन चाहन्छु । माननीय सभामुख महोदय, संकल्प प्रस्ताव सार्वजनिक महत्वको विषयमा पेश गर्न सकिने छ । जुन हाम्रो नियमावलीले व्यवस्था गरेको छ । यो संकल्प प्रस्ताव गण्डकी प्रदेश सभाको हकमा भन्ने हो भने यो हाम्रो पहिलो संकल्प प्रस्ताव रहेको सबैलाई जानकारी नै रहेको छ । यो संकल्प प्रस्ताव सहमतिले पास भएमा गण्डकी प्रदेश सभाको एउटा सम्पत्तिको रूपमा रहने कुरा पनि हामीलाई सर्वविधितै रहेको छ । संकल्प प्रस्तावले उठान गरेको विषयवस्तुहरू ४ वटा बुँदामा कोट गरेको छ । सायद यो हामी प्रदेश सभाका माननीयहरूले एक एक गरेर नियाली सकेका छौं । यसमा म विस्तृत रूपमा जान चाहिन । यो संकल्प प्रस्ताव अहिलको समयमा सादर्भिक छ भन्ने मलाई लाग्छ हाम्रो गण्डकी प्रदेशमा कुल परिवार संख्या ५ लाख ७७ हजार ६८२ रहेको छ । कुल जनसंख्या जुन ५८ को जनगणना अनुसार २४ लाख ३ हजार ७५७ रहेको छ हाम्रो संकल्प प्रस्तावले के भन्यो भने एक घर एक पीसीआर भन्यो के हामी त्यसमा हाम्रो प्रदेश सरकारको क्षमता त्यो छ ? यसलाई सरदर हिसाब गरेर हेर्दा ५ लाख ७७ हजार ६८२ जनसंख्यालाई एक घर, एक पीसीआरको नियममा जाने हो भने करिब-करिब

८ अर्ब ६६ करोड ५२ लाख ३० हजार खर्च आउने देखिन्छ । र हामीले यस विषयलाई जुन कार्यदलमा म पनि रहेको र हामीले ६ वटा बैठक बसेर यो निष्कर्षमा पुग्न नसकेको सम्भवत लाग्छ यो गण्डकी प्रदेशमा प्रतिनिधित्व गर्ने हरेक राजनीतिक दलले यो संकल्प प्रस्ताव हाम्रो गण्डकी प्रदेशमा पहिलो पटक आएको छ, यो जनताको स्वास्थ्यको पक्षमा रहेको छ र यसलाई सर्वसम्मति ढंगले पास गरेर लैजानुपर्छ भन्ने धेयका साथ थुप्रै समय रात, बिहान, दिन, नभनीकन निरन्तर छलफलमा भाग लिइरहयौं तर निष्कर्षमा पुग्न सकेनौं । हामीले खर्चलाई हेर्ने हो भने निकै ठूलो रकम व्ययभार हुने जुन एक नम्बर बुंदालाई हामी ४ वटा बुंदा रहेको छ त्यो संकल्प प्रस्तावको सबैमा व्यापक छलफल गर्दा करिब करिब ३ वटा बुँदामा सहमति जुटेको र हाम्रो बुँदा नं. १ मा जुन एक घर एक पीसीआर छ त्यसमा आर्थिक कार्यभार बढी हुने भएको कारणले त्यसमा सहमति जुट्न नसकेर आज संकल्प प्रस्तावलाई निर्णयार्थ पेश गर्न गण्डकी प्रदेश सरकारलाई सुम्पेको छ जुन कार्यदलले जुन एक घर एक पीसीआर हामीले सक्दैनौं भने त्यसको विकल्पको रूपमा पीसीआर टेष्टलाई निश्चित क्षेत्र तोकेर, शिक्षा, स्वास्थ्य, सुरक्षाकर्मी र यो एकदमै भिडभाड हुने सरकारी निकाय छ त्यसलाई पनि त्यति समयमा जस्तै असोज, कार्तिक अथवा मंसिरसम्ममा यति संख्या तोकेर जाऊ न त भनेर प्रस्तावहरू पनि नआएको होइन र हामी त्यसमा पनि सहमतिमा जुट्न सकेनौं । मेरो प्रस्ताव अझै पनि के छ भने यो कोरोना भाइरस संक्रमणको कारण विश्वसँगसँगै नेपाल र गण्डकी प्रदेशसमेत अति नै प्रभावित रहेको कारणले यो स्वास्थ्य र शिक्षा भनेको राज्यको दायित्व भित्र हुनुपर्ने क्षेत्र हो । जुन अहिले अस्तव्यस्त छ । यसमा गण्डकी प्रदेश सरकारले र सम्बन्धित मन्त्रीज्यूले विशेष ध्यान दिएर ६ महिना भइसक्यो हाम्रा बालबालिकाहरू अन्धकारमय अवस्थामा रहेको छ । शिक्षा छैन, भर्चुअल शिक्षा भनिराछ, नीति तथा कार्यक्रमले, बजेटले बोल्यो र पञ्चवर्षीय योजना जुन ठूलो ठेलीको बुक छ त्यो पल्टाएर हेर्दा कोभिड १९ बाट प्रभावित भएको अर्थतन्त्र छ गण्डकी प्रदेशको त्यसलाई हामीले पहिलाकै लयमा ढाल्नका लागि गण्डकी प्रदेशले बजेटको व्यवस्था गरिएको छ र गर्नेछ भन्ने कुरा यही रोष्टमबाट हामीले यो गण्डकी प्रदेश सभामा मात्र हामीले बजेट पास गरेर पठाइसकेको अवस्थामा यो गण्डकी प्रदेश सरकारले बजेट मात्र पास गरेर पठाउने तर आफ्नो काम कारवाही गतिशील ढंगले अगाडि नबढाउने हो भने यो दुर्भाग्यपूर्ण हुन सक्छ भन्ने लाग्छ । हाम्रो अहिले गण्डकी प्रदेशको कोरोना भाइरस

प्रभाव र यसको न्यूनिकरणको क्षेत्रलाई हेर्दा कन्ट्रयाक ट्रेसिङ्गमा एकदमै कम ध्यान पुगेको छ र परीक्षणको दायरा बढाउनुपर्ने देखिन्छ र मृत्युपश्चात मात्र कोरोना टेष्ट हुने जुन परम्परा छ यसलाई पनि हामीले सञ्चाउन जरुरी छ । र इच्छाशक्ति भयो भने असम्भव भन्ने कुरा केही पनि हुँदैन । त्यसैले संकल्प प्रस्तावको बुँदा नं. १ लाई सञ्याएर संकल्प प्रस्ताव पास गर्न सकेँ गण्डकी प्रदेशको जनताको सरकारको हितमा र गण्डकी प्रदेशको जनताको हितमा हुनेछ भन्ने मेरो मतहरू राख्दै मेरो भनाई यहीँ अन्त्य गर्दछु हवस् त धन्यवाद ।

**माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुखज्यू, माननीय कुमार खड्का, माननीय मेखलाल श्रेष्ठ, माननीय सरिता गुरुङले प्रस्तुत गर्नु भएको यो संकल्प प्रस्ताव माथि हामी आज छलफलमा जुटिरहेका छौं । मलाई लाग्छ गण्डकी प्रदेशको सन्दर्भमा यो हाम्रो पहिलो संकल्प प्रस्ताव हो । अनुभवको हिसाबले पनि हामी अनुभव लिँदै छौं । र यसलाई फेरि हल गर्ने एउटा प्रयासमा पनि हामी जुटिरहेका छौँ । हामीले देख्यौं कोभिड १९ ले विश्वलाई नै एउटा आक्रान्त पारिराखेको  अवस्थामा हामीलाई पनि नेपाललाई त्यसलाई असर नपार्ने भन्ने भएन । गण्डकी प्रदेशको सन्दर्भमा पनि यो नयाँ रोग जहाँ कसरी सर्छ ? कसरी यो रोगले ठूलो सानो, धनी गरीब  नभनी लाग्ने रोग जसलाई हामीले पहिचान गर्न पनि गाह्रो र यो नयाँ रोग भएको कारणले गर्दा पनि संघीयताको पहिलो अभ्यासमा जुटिरहँदा खेरी, संघीयताको पहिलो अभ्यास हामीले गरिरहँदा खेरी मलाई लाग्छ प्रदेश सरकारले एकदम पहलकदमीका साथ धैरै संक्रमणबाट यसलाई बचायो । धेरैलाई निको पारेर घर पठाएको र यसलाई धेरै नै सिरियसपूर्वक यो कोभिड १९ का बारेमा प्रदेश सरकारले हामीले देख्यौं प्रदेश सरकारले बजेट वक्तव्यदेखि लिएर नीति कार्यक्रममा पनि कोभिड १९ लाई प्राथमिकता दिएर अगाडि सारिरहेको सन्दर्भममा गण्डकी प्रदेशका जनताले, सिंगो नेपाली जनताले एउटा संघीयताको औचित्य सकारात्मक रूपमा लिइराखेको अवस्थामा  यो संकल्प प्रस्ताव जसरी दर्ता भाको छ मलाई लाग्छ यो सुखद विषय हो र हामीले कही कतै राजनीतिक आग्रह पूर्वाग्रह राख्नु हुँदैन भन्दा खेरी राजनीतिक पूर्वाग्रहका साथ अथवा एउटा राजनीतिक उद्देश्य चुम्नका लागि मात्रै यो आएको हो कि भन्ने मैले महसुस गरेको छु । र यो हाम्रो साझा संकल्प हामीले पनि बनाउन खोजेका थियौं । म नेकपाकोतर्फबाट दलिय हिसाबमा पनि एउटा

सदस्यको रूपमा गएको थिए । र अघि नै माननीय धनमायाले राखिसक्नु भयो हामीले रात भनेनौं, बिहान भनेनौं, हामीले झरी भनेनौं हामी त अझ स्कुटरलमा हिँड्ने हामीसँग त चारपाँग्रे गाडी पनि थिएन हामीले रेनकोट ओढि-ओढि राती आठ नौ बज्थ्यो हामीले रुटलाई पनि चेन्ज गरिगरी यो प्रस्तावलाई हामीले साझा प्रस्ताव बनाऔं भनेर धेरै नै कोसिस गऱ्यौं, अझ हामीसँग राम्रो अनुभव पनि छ । हामी नदिपुरबाट फूलबारी जाँदाखेरी हामी दुई माननीयहरू राति हुँदाखेरी यो बाटो ठीकै होला, मान्छेहरू हिँड्छ भनेर हामी त्यो बाटो पनि हिँडेर त्यति अबेरसम्म हामी बैठक बस्यौं किन भन्दा खेरी यो हामी यो प्रस्तावालई साझा बनाउन खोजिरहेका थियौं हाम्रो दलले साझा बनउान खोजेको थियो हामी त्यो प्रयत्नमा लाग्यौं ।

यसमा हाम्रो दलको नेता मुख्यमन्त्री, माननीय सामाजिक विकास मन्त्रीले यसलाई एउटा साझा संकल्पको रूपमा तपाईंहरूले लानुपर्छ भनेर हामीलाई एउटा निर्देशन दिइराख्नु भएको थियो र हामी पनि हाम्रो दलको जिम्मेवारी तहमा भएको हिसाबले त्यो भूमिका पूरा गर्नुपर्छ भनेर हामी रातदिन नभनी लागि रह्यौं तर हामीले त्यो लागिरहँदा खेरी हामीले यो संकल्प प्रस्तावलाई साझा बनाउन सकेनौं । हाम्रो त्यो को यो चार वटा बुँदाहरू यहाँ प्रस्तुत गर्नु भाछ । हाम्रो करिब करिब तीन वटा बुँदामा सहमति भइसकेको थियो । एक घर, एक पीसीआरको कुरामा हाम्रो कुरा मिलेन । खास गरी हामीले पनि भन्यौं, जसरी अघि माननीयज्यूहरूले राख्नु भयो हामीले लाष्टमा एक लाख १५ हजार भन्दा खेरी संख्यामा कुरा मिलेन हो कुरा त्यहिँनेर नमिलेको हो । हामीले संख्यामा होइन, यो प्राथमिकताका आधारमा यो पीसीआरलाई बनाऔं, यसको दायराहरू बढाऔँ यो समुदायमा गैहाल्यो भने प्रदेश सरकारले एक घर एक पीसीआर होइन, त्यहाँका सबै परिवारका सदस्यलाई गाउँ शिलबन्दी गरेर त्यहाँको क्षेत्र शिलबन्दी गरेर पूरै जनताहरूलाई पीसीआर गर्नुपर्ने एउटा आवश्यकता पनि हुन्छ त्यसकारणले गर्दा खेरी हामीले सुरुमा हाम्रा दायराहरू छ सात वटा थिए तर दायरा बढाउने सन्दर्भमा हामीले ३० वटा ३५ वटा सम्म पनि दायरा बढाएर लैजाऔं र एउटा आवश्यकता र औचित्यताका आधारमा यसलाई अगाडि बढाएर लैजाऊ र यो हाम्रो प्रदेशको एउटा सम्पत्तिको रूपमा सबैले ग्रहण गरौं । ४ वटा दल सहमति होऔं भनेर हामीले पनि हाम्रो दलकोतर्फबाट एकदम जिम्मेवारीपूर्वक प्रस्तुत भयौं, तर सकेनौं । पीसीआर मलाई

लाग्छ यो एक घर, एक पीसीआर गर्ने कुरा यो कोभिड १९ लाई हाम्रो नियन्त्रण गर्न सक्छौं कि सक्दैनौं भन्दा सक्दैनौं । एक घर, एक पीसीआररले यो नियन्त्रण हुँदैन यो वैज्ञानिक पनि छैन । वैज्ञानिक विधि पनि होइन आज पीसीआर गऱ्यो भोलि त्यो रोग कसरी आउँछ भन्ने कुरा हामीलाई थाहा छ यो वैज्ञानिक विधि होइन, अघिनै माननीयज्यूले भन्नुभयो खर्चको कुरा, सरकारको स्थिति के छ भन्ने कुरा हामी सबैलाई थाहा छ । हामी ६० जनाको । हाम्रो बाबुआमाले पाएको सन्तान त सय डेढ सय हुन्छौं भने हामी ६० जना एउटा परिवार जस्तो त्यो प्रदेश सरकारको स्थितिको हामीले सबै कुरा बुझ्न सक्छौं । त्यसकारणले गर्दा खेरी हामीले साझा बनाउन खोज्दाखोज्दै पनि यो कुरामा हामी सहमत हुन सकेनौं यसकारण म के भन्न चाहन्छु भने प्रदेश सरकार सुतेर बसको छैन । प्रदेश सरकारलाई धन्यवाद दिनुपर्छ, प्रदेश सरकारलाई बधाई दिनुपर्छ । गण्डकी प्रदेश सरकार सुतेर बसेको छैन ।

मलाई लाग्छ हाम्रा कोरोना बिरामी कोभिड १९ लागेको बिरामीहरू ८७ प्रसेन्ट बिरामीहरू निको भएर घर जानु भयो । के प्रदेश सरकार सुतेर बसेको छ ? छैन प्रदेश सरकारले धेरै काम गरेको छ । अघि नै माननीय मन्त्रीज्यूले राखिसक्नु भयो राजनीतिक पूर्वाग्रह हामीले यस्ता कुरामा राख्ने होइन । यो हाम्रो साझा हो भोलि यो मुख्यमन्त्रीज्यूले देशलाई हाक्न पर्छ भनेर त्यसलाई कोभिड १९ ले नछुने त होइन, त्यसलाई त कोरोना नसर्नी भन्छ र ? यो माननीय हो यसले विधेयक बनाउछ, फेरि हाम्रो गण्डकी प्रदेश सरकारलाई विधेयक तयार गर्ने सन्दर्भमा कोभिड १९ ले असर गर्छ र ? यो ठूलो, सानो न क्षेत्र भन्छ यसले न वर्ग भन्छ, न यसले लिंग भन्छ त्यसकारणले गर्दा खेरी यो कोभिड १९ हाम्रो साझा विषय हो यो प्रदेश सरकारले राम्ररी हेण्डलिंग गरेको छ र आम जनतालाई प्रदेश सरकारको औचित्य पुष्टि गरेको छ । यसकारणले गर्दा खेरी यो संकल्प प्रस्तावको सन्दर्भमा मलाई लाग्छ यो प्रस्ताव त्यति औचित्य छैन । सक्नुहुन्छ भने माननीयज्यूहरूले यसलाई सहमतिका साथ अगाडि बढाएर लैजान पनि सक्नुहुन्छ त्यो आफ्नो इच्छाको कुरा हो । मैले यो आग्रह भयो यो संकल्प प्रस्ताव यो सन्दर्भमा ठीक नभएको जानकारी गराउँदै बिदा हुन चाहन्छु, धन्यवाद ।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुख महोदय, हामी असार २३ गते नेपाली काँग्रेस गण्डकी प्रदेशमा प्रतिपक्षी दलकोतर्फबाट राखेको संकल्प प्रस्तावको विषयमा हामी छलफलमा छौं । धेरै कुराहरू संकल्प प्रस्तावका प्रमुख प्रस्तावक कुमार खड्काजीले डाटासहित भनिसक्नुभएको छ । त्यो विषयमा म अगाडि जान चाहन्न । खाली के भन्न चाहन्छु भने, यहाँ संकल्प प्रस्तावको विषयमा जुन कुरा उठाइएको छ त्यो प्रस्तावले जे भन्न खोजिएको छ त्यो विषयमा केही साथीहरूले यो राजनीतिक पूर्वाग्रहको आधारमा आएको थियो । यो सरकारले धेरै कामहरू गरेको छ धन्यवाद दिनपर्ने ठाउँमा संकल्प प्रस्ताव गरेर सरकारलाई यो काम गर्न पर्छ भनेर निर्देशन गर्न खोजियो भन्ने जुन अभिप्रायका कुराहरू आएको छ त्यसलाई त मन्त्रीज्यूको तथ्यले नै बुझाउँछ । गण्डकी प्रदेशमा टोटल जनसंख्याको कति प्रसेन्ट भएछ नेपालमा कति प्रसेन्ट भएछ, मन्त्रीजीको तथ्याङ्कले बुझाउँछ र अहिलेको जनता २१ औं शताब्दीका जनताले आफैं बुझ्छन् । नेपालभरी कति प्रसेन्ट पीसीआर भयो, गण्डकी प्रदेशमा कति प्रसेन्ट पीसीआर भयो र त्यसको जरुरी थियो कि थिएन ? र काँग्रेसले अहिले जनतालाई स्वास्थ्यबाट बचाउनु पर्दछ । नेपाली जनताको जुन समाजवादउन्मुख भनेका छौं उनीहरूको स्वास्थ्य रहन पाउनु, स्वास्थ्य उपचार हुन पाउनु नैंसगिक अधिकार हो । त्यो अधिकारलाई हनन गर्न कसैले पनि पाउँदैन । यो संविधान त उल्लेख भएको कुरा हो । हामीले त काँग्रेसले त खाली प्रमुख प्रतिपक्षको एउटा जिम्मेवार भूमिका मात्र निर्वाह गरेका हौं । सरकारले यो काम गलत गर्दैछ । सरकार चाहिने यो विषयवस्तु भन्दा अर्कोतर्फ मोड्न खोजिरहेको छ, यसलाई मोड्न हुँदैन । प्रमुख प्रतिपक्षले सरकारले बाटो भुल्दै गर्दा त्यसलाई डोऱ्याएर सही बाटोमा ल्याउने कर्तव्य पनि भएको हुनाले यो अहिलेको रोगले अघिनै साथीहरूले भन्नुभयो । मुख्यमन्त्रीलाई नि छोडेको छैन, मन्त्रीलाई पनि छोड्दैन र माननीय न्यायाधिशहरूलाई पनि छोडेको छैन । हो त्यही कारणले गर्दा यो रोग भनेको नै पहिला पहिचान गर्नु जरुरी छ । पहिचान गरिएन भने यसले भयावह स्थिति सिर्जना गर्छ । पहिचान गर्नको लागि परीक्षण गर्नुपर्छ । परीक्षण तबमात्र हुन्छ जब त्यो मात्रालाई बढाइन्छ, प्रत्येक घरघरमा, प्रत्येक समुदायमा, प्रत्येक क्षेत्रमा, प्रत्येक भिडभाड हुने ठाउँमा परीक्षण गराऔं

परीक्षणबाट निस्केको मात्रालाई छुट्ट्यायौं । यो रोगको अन्तिम उपाय भनेको नै कुनै दबाइ बनिसकेको छैन । खोप बनिसकेको छैन । त्यसलाई रोगीहरूलाई अरु समुदायबाट छुट्टै राखेर त्यसलाई सञ्चो बनाउने हो । माननीयज्यूहरूले भने जस्तै गण्डकी प्रदेशको सरकार सक्षम भएर, बिरामीहरू सक्षम र सञ्चो भएको होइन, हामीले त यो रोगबाट लड्नका लागि गण्डकी प्रदेशको सरकारमा होइन, डब्लुएचओदेखि लिएर सबै समुदायहरूलाई परीक्षण गरायौं सिकायौं त्यसमा सिकायौं र त्यो परीक्षणबाट निष्केको परिणामलाई छुट्टै राखेर उहाँहरूलाई आत्मबल दिएर मात्रै सञ्चो बनाएको हो । गण्डकी प्रदेश सरकारसँग कुनै दबाइ छैन हामीले त्यहीकारण भन्यौं यो स्थिति भयाभह छ । आज यही कास्कीमा गण्डकी प्रदेशको राजधानीमा आइसोलेसनको बेड नभएर, घरमा क्वारेन्टनाइन भएकोमा नै आइसोलेसन राख्नुपरेको छ । यही हो गण्डकी प्रदेश सरकारको सक्षमता ? त्यही हो भनेर धन्यवाद दिनुपर्ने भो, एउटा आइसोलेसनको बेडसम्म पूरा गर्न नसक्ने गण्डकी प्रदेश सरकार अहिले हामीले पीसीआरको मात्रा बढाऔं, पीसीआर गरेर परीक्षण भइसकेपछि त्यसबाट प्रभावित भएका बिरामीहरूलाई छुट्टै राखौँ । अन्य समुदायहरूमा सल्नन नदिऔं के समुदायमा सल्किसकेपछि अहिले नसल्किदै जसलाई हस्पीटलको बेडसम्म उपलब्ध गराउन नसक्ने सरकारले समुदायमा गइसकेपछि के गर्न सक्ला ? हामीले भनेको छौँ त्यसका लागि पूर्व तयारी गर्नुपर्छ । हामीले भनेका छैंनौं । गण्डकी प्रदेश सरकारले कामै गरेकौ छैन, एकपट्टि पीसीआर गरेको छैन । सबै डाटाले बताउँछ हामीले नेपाली काँग्रेसले यो कोभिड शुरु हुने बित्तिकै पि.सि.आर. मेसिन किन्नदेखि लिएर यो पीसीआरको मात्रालाई बढाउनको लागि भर्चुअल मिटिङ गरेर मुख्यमन्त्रीलाई ज्ञापनपत्र दिएर हामीले सहयोग गरेका छौँ । प्रतिपक्षको धर्म भनेको जनाको अधिकारको रक्षा गर्ने हो, सरकारलाई गलत गर्न थाल्यो भने त्यसलाई खबरदारी गर्ने र जनताको अधिकारलाई अक्षुण राखिराख्नका लागि सधैं प्रतिपक्षको जिम्मेवार भूमिका निर्वाह गर्न पर्ने हो हामीले रेलिङ भाचेका छैनौं, हामीले सदन अवरुद्ध गरेका छैनौं, हामीले बजेट अधिवेशन रोकेनौं । किनभने अहिलेको परिस्थिति सरकारलाई सहयोग गर्ने अवस्थामा छ । महामारीलाई जित्नका लागि सबै एकैठाउँमा उभिन पर्दछ । यही कारणले गर्दा खेरी हामीले सदनमा सरकारलाई धेरै सहयोग गर्दै गयौं । अरुहरु अन्य प्रदेशमा के भइरहेको छ तपाईंहरूले देखिरहनु भएको छ । यो कुरामा गण्डकी प्रदेश सरकारले जुन हामीले यो संकल्प प्रस्ताव पेश ल्याएका छौं । अझै पनि केही

बिग्रेको छैन । नेपाली काँग्रेसको मात्रै जनता होइन, नेपाली काँग्रेसलाई मात्र ती जनताहरूले भोट दिएका छैनन् । र काँग्रेसको भोटरलाई मात्रै कोभिड १९ ले प्रभावित गर्दैन । सबै गण्डकी प्रदेशको जनताहरूलाई गर्छ । ती जनतालाई सुरक्षित गराउन सकियो भने मात्र हामीले शासन गर्न सक्दछौं र गण्डकी प्रदेशको मुहारलाई उज्यालो बनाउन सक्छौं भनेका हौ । हामीले कुनै सरकारलाई अप्ठ्यारो बनाउन खोजेका होइनौं । हामीले सरकारलाई टाङ लडाउन खोजेका छैनौ, हामीले त सरकार अझै धेरै कोसिस गरौं । कमसेकम बचनबद्धता होऔं, हामीले अंकमा नै गऱ्यौ भने सरकारलाई प्रेसर हुन्छ । हामी कुनै काम गर्दा टार्गेट लियौं भने त्यो पुऱ्याउनका लागि जसरी कार्यदलमा बस्ने साथीहरूले सहमति गर्नका लागि धेरै कोसिस गर्नुभयो । तपाईंहरूले भनाइ अनुसार १ लाख ३० हजार गर्न सरकार तयारी रैछ गर्दै रैछ तर मात्रामा त्यो नगरेको कारणले तपाईंहरूको क्यापेसिटी १८ सय छ । तर ३ सय र ५ सय भन्दा भएको छैन । हामीले देशलाई, सरकारलाई अझै जिम्मेवार बनाएर १८ सय होइन, ३ हजारै गरोस् । ३ हजार गर्दा खेरी ६० दिनमा टार्गेट पुग्छ । गण्डकी प्रदेशको जनताहरूलाई स्वास्थ्यको खेलवाड हुँदैन । सरकार जिम्मेवार छ भन्ने कुरा बोलेर हुँदैन गरेर देखाऔं । हामीले १ लाख ५० हजार भनेका थियौं । १ लाख ३० हजारमा सहमति हुन्थ्यो होला किन तपाईंहरू अंकमा आउन सक्नु भएन ? अंकमा आऔं हामी अब पहिलाको जस्तो झुलाएर, गोलमटोल गरेर अगाडि बढ्न सक्दैनौं । गण्डकी प्रदेशको जनताप्रति नेपाली काँग्रेस इमान्दार छ, उसले हामीलाई जुन मत दिएर यहाँसम्म पुऱ्याएको छ हामीले त्यसलाई आफ्नो भूमिका निर्वाह गर्नका लागि हामी पछाडि पर्दैनौं । आग्रह छ अझै पनि सबै माननीय साथीभाइहरूलाई हाम्रो प्रस्ताव जनताको हो, स्वास्थ्यमा हामीले बाच्नुपर्दछ । जनताको पक्षमा उभिँदा तपाईंहरूलाई कसैले औला ठड्याउने छैनन् अन्यथा जनताहरू सडकमा आएर हाम्रो पीसीआर गर, हाम्रो अधिकार हो भन्ने जस्ता नारा नघन्कियोस् यही कुराहरू राख्दै सहमतिमा पुऱ्याउनका लागि अनुरोध गर्दै विदा हुन्छु धन्यवाद जयनेपाल ।

**माननीय सदस्य श्री मोहनप्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु**

**माननीय सभामुखज्यू,** प्रस्तुत संकल्प प्रस्तावको सन्दर्भमा मैले आफ्ना केही भनाइहरू राख्ने अनुमति चाहन्छु । सर्वप्रथम त प्रतिपक्ष दलका माननीय सांसदहरूले जुन संकल्प प्रस्ताव प्रस्तुत गर्नु भएको छ । त्यसमा विभिन्न चरणमा

छलफल गरेर सबै राजनीतिक दल, कार्यदल सबैसँग छलफल गरेर एउटा निष्कर्षमा पुगेर यो साझा सहमतिको आधारमा संकल्प प्रस्ताव आउनु पर्थ्यो । त्यसले औँचित्यता पुष्टी गर्न सक्थ्यो, कोभिड १९ को उपचार, नियन्त्रण र व्यवस्थामा कुनै भूमिका निर्वाह गर्नुपर्ने वा नपर्ने संसद भइसकेपछि जनताको प्रतिनिधि भइसकेपछि संसदबाट र प्रदेश सरकारबाट प्राप्त उपलब्धिहरूप्रति ईष्र्या गर्ने, त्यसमा नकारात्मक दृष्टिकोण राख्ने र विभिन्न क्षेत्रमा विशेष गरेर नागरिकहरूका बीचमा गलत सन्देश प्रवाह गर्ने र यो सरकार जनताप्रति उत्तरदायी छैन भन्ने खालको सन्देश दिन खोजिएको छ । म यसमा असहमति जाहेर गर्न चाहन्छु । संकल्प प्रस्तावको प्रक्रिया र यसको औचित्यको सन्दर्भमा चर्चा गर्ने हो भने कम्तिमा संसद सचिवालयमा दर्ता गर्नुभन्दा अगाडि सबै राजनीतिक दलहरूसँग छलफल गरेर साझा संकल्प प्रस्ताव दर्ता गर्न प्रतिपक्ष दलका नेताहरूलाई केसले रोक्यो ? यो प्रतिपक्ष दलको नेताले वा त्यसको नेतृत्वले सरकारप्रति र संसदप्रति लक्षित गरेर बेकम्मा बनाउन खोजिएको त होइन ? कतै राजनीतिक अभिष्ट पूरा गर्ने लक्ष्यका साथ, उद्देश्यका साथ यो संकल्प प्रस्ताव आएको त हैन ? यहाँ प्रश्न गर्ने ठाउँ देखिएको छ । मलाई लाग्छ कोभिड १९ को सामना सरकारले गरेका काम, योजना र प्राप्त उपलब्धिहरूको समीक्षा, राजनीतिक दल र तीनै तहका सरकारको, नागरिक समाज, सञ्चारकर्मीले पनि यसको विश्लेषण गरेका छन् भन्न मैले महसुस गरेको छु । यसको मतलब के हो भने, आज हामी जुन समुदायमा जहाँ पुग्छौं त्यहाँको परिस्थिति, त्यहाँको विश्लेषण गरेर नागरिकहरू सुरक्षित हुन प्रदेश सरकारले गरेका काम कुराको बारेमा पनि सुक्ष्म विश्लेषण गरेका छन् । सबै तहका जनप्रतिनिधिहरूले त्यसको नेतृत्व लिइरहेका छन् । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तीनै तहको ठाउँबाट जनताप्रति उत्तरदायी भएर आफ्नो भूमिका निर्वाह गरेका छन् र प्रदेश सरकारको पनि प्रशंसा गरेका छन् भन्ने कुरालाई पनि भुल्न हुँदैन । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, नागरिक समाजको योगदानलाई गण्डकी प्रदेशले उच्च मूल्यांकन गरेको छ र गण्डकी प्रदेशले अगाडि सारेका योजनाहरूलाई कार्यान्वयन गर्ने समयमा अगाडि बढेका छन् । मलाई लाग्छ यसको नियन्त्रण, रोकथाम र व्यवस्थापनको सन्दर्भमा केही कमी कमजोरी, केही व्यवस्थापन गर्ने सन्दर्भमा कमी, कमजोरी हुनसक्छन् त्यसलाई व्यवस्थापन गर्ने सन्दर्भमा हाम्रो ध्यानाकर्षण हुनुपर्नेछ । सरकारलाई पनि यसमा ध्यानाकर्षण गर्न चाहन्छु । आइसोलेसनका

सन्दर्भमा होस्, क्वारेन्टाइन व्यवस्थापन गर्ने सन्दर्भमा होस् या उपचार केन्द्रको स्थापना गर्ने र उपचार गराउनेदेखि लिएर आवश्यक सामग्रीहरूकोसमेत व्यवस्थापन गर्न गण्डकी प्रदेश सरकारले जसरी अगाडि बढिरहेको छ लाग्छ यो प्रत्यक्ष जनताले प्रत्याभूति गरेको विषय हो । छलफल यहाँहरुले गर्नुभयो । संकल्प प्रस्तावमा आएका विषयमध्ये सबैभन्दा सहमति हुन नसकेको एक घर, एक पीसीआर भन्ने सर्त हो । मलाई यो शब्दमै अचम्म लाग्छ । आज गण्डकी प्रदेश सरकारले, सामाजिक विकास मन्त्रालयले, सम्बन्धित निकायले जहाँ समस्या छ त्यहाँ रातदिन खटेर एक घर एक पीसीआर होइन, एक घर एक परिवार मात्र होइन, एक गाउँ वा एउटा समुदाय मात्र होइन, सकारकारी कार्यालय वा सबै समुदाय जहाँ संक्रमित हुने अवस्था छ त्यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ ? त्यसको रोकथाम कसरी गर्न सकिन्छ र त्यसको व्यवस्थापन कसरी गर्ने भनेर निरन्तर लागिरहेको छ र पीसीआरलाई त्यही ढंगले अगाडि बढाएको छ । मैले तथ्य प्रस्तुत गर्न पर्दैन जस्तो लाग्छ । माननीय मन्त्रीज्यूले प्रस्तुत गरिसक्नुभएको छ । हामी अन्तर्राष्ट्रिय, राष्ट्रिय डाटाहरू पेश गरौंला तर यथार्थता गण्डकी प्रदेशको भूगोल, यहाँको संक्रमण देखिने क्षेत्र, जिल्ला वा स्थानीय तहहरू, गाउँवस्तीहरूको पनि हामीले सुक्ष्म अध्ययन गर्न जरुरी छ । यसो भनिरहँदा, मैले यसो बोलिरहँदा यो जनताप्रति अनुत्तरदायी बन्यो, मोहन माननीय जनताप्रति उत्तरदायी नबनेर पीसीआर वा जनताको सुरक्षाको सन्दर्भमा, स्वास्थ्य परीक्षण सन्दर्भमा, उपचार गर्ने सन्दर्भमा गैरजिम्मेवार बन्यो भन्ने ढंगले प्रस्तुत भएको भनेर चर्चा गर्न सकिन्छ । मेरो भनाइको मतलब यति मात्र हो, हामी जनताप्रति संवेदनशील छौं । प्रदेश सरकार र संसद जनताप्रति उत्तरदायी छ किनकि जनताको जीउधनको रक्षा गर्नु, संसदीय परम्परा, संसदीय व्यवस्था र सरकारले अवलम्बन गर्ने नीति, नियम र त्यसको विधि भित्र रहेर हामी अगाडि जानुपर्छ र मलाई लाग्छ आज जुन ढंगले हामी अगाडि बढिरहेका छौं । साझा सहमतिको आधारमा हामी अगाडि बढ्न कोसिस गरिरहेका छौं । छलफल गरिरहेका छौं । यो संकल्प प्रस्ताव जुन एक घर, एक पीसीआर भन्ने जुन ढंगले आएको छ यो राजनीतिक अविष्ट पूरा गर्ने लक्ष्य र उद्देश्यका साथ गण्डकी प्रदेश सरकारले केही गरेन भन्ने सन्देश दिन खोजिएको छ । म आग्रह गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु त्यो ढंगले हामी जान हुँदैन । हामी सबैको साझा दायित्व हो हामी जनताप्रति संवेदनशील बनेका छौं । बनौं र अझै संवेदशील भएर अगाडि बढौं भन्दै आफ्नो

भनाई राख्दै यो संकल्प प्रस्तावप्रति अहसमति जाहेर गर्दै आफ्ना भनाई अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु**

**माननीय सभामुखज्यू,** आज हामीले यो विश्वमहामारीको रूपमा फैलिएको कोभिड १९ को बारेमा संकल्प प्रस्तावबारे छलफल हुन गइरहेको छ । गत असार २३ गते विपक्षी दल नेपाली काँग्रेसकातर्फबाट ३ जना माननीयहरूले पेश गरेको यो मैले थाहापाए र यो परम्परा अनुसार एक हप्तापछि यो संकल्प प्रस्तावको बारेमा सरकारले जवाफ दिनुपर्ने हो । तर यसलाई धेरैपछि कहिले के, कहिले के बहानामा टार्दै गयो । टार्दै जाँदा खेरी पनि यो हामी सबैको सार्वजनिक समस्याको कुरा हो । यो जनतासँग सीधै जोडिएको विषय हुँदा-हुँदा पनि सरकारले मलाई थाहा छैन किन हो यसको बारे यसलाई असहमति जनाउने र यसका बारेमा अनेक कुराहरू राख्दै गइराख्नु भएको छ माननीयज्यूहरूले । मलाई लाग्यो यस्तो कुराहरूले, यस्तो शब्दहरूले जनतामा सोझै घात पुऱ्याएको हुन्छ र यो सरकारले जनताको शान्ति, सुरक्षा र संरक्षण गर्दैन भन्ने कुरा पनि प्रष्ट हुन्छ भन्ने मैले गरिमामय सभामा भन्न चाहन्छु । माननीय सभामुखज्यू हामीले असार २३ गते पेश गरेको चार बुँदे संकल्प प्रस्तावमा एक नम्बरमा एक घर एक पीसीआर थियो । दुईमा आएर यो स्वास्थ्य जनशक्ति भेन्टिलेटरको कुराहरू थियो र तीनमा आएर कोरोनाको कारण मृत्यु हुनेहरूको शवसम्बन्धी त्यसलाई व्यवस्थापन गर्ने र विश्वस्वास्थ्य संगठन डब्लुएचओको मापदण्डमा क्वारेनटाइन र आइसोलेसनको बेडहरू हुनुपर्छ भन्ने थियो । यो असाध्यै जायज कुरा हो र यो सबैले मनन गर्नुपर्ने कुरा हो तर त्यति हुँदाहुँदै पनि यहाँ धेरै कुराहरू आइराखेको छ । अघि नै माननीयज्यूहरूले भनिसक्नु भयो । यो महामारी सधैँ आउनी गर्छन् । तर नेपालमा किन सरुवा अस्पताल एउटा मात्रै भन्ने त्यो बारेमा म अचम्म लागिरहेको छ किन भने यो विश्व महामारी हो । यो महामारी हामीले एउटा हैजाको महामारी फैलियो, एउटा त्यो दादुराको महामारी फैलियो भने जस्तै यो महामारी होइन, त्यसैले अझै पनि हामीले यो महामारी आउँदै गर्दा आउँदै गर्छन् जाँदै गर्छन्, मर्ने मर्छन् बाँच्ने बाँच्छन्, घाइते हुने बिफरले बिग्रने मान्छे, अनुहार बिग्रने मान्छे, शरीर बिग्रने बिग्रेकै छ भन्ने हो भने कोरोनाले नेपाली जनता हौ भनेर नरहन सक्छन् । यही विचार हो भने मलाई लाग्छ त्यसैले यो एउटा पेन्डेमिक विश्व महामारी एउटा

महामारी हो यसैले अर्को महामारी र यो महामारीका बीचमा तुलना गर्नुभयो भने नेपाली जनता अझै मृत्युको मुखमा पुग्नलाई नजिक-नजिक पुगेको छ भन्ने बुझिन्छ । त्यसैले मलाई लाग्छ, यो कोरोना सम्बन्धी र कोभिड १९ सम्बन्धी हामी कसैले मूर्खता नगरीकन यो संवदेनशील हो र हामी सबै संवेदनशील भएर लाग्नुपर्छ भनेर म यो गरिमामय सभालाई सुझाव दिन चाहन्छु किन भने हामीले एउटा मात्रै एजेन्डा, इस्यु एउटा मात्रै के रह्यो भने यो सबैको सहमतिबाट, सबै यहाँ प्रतिनिधि गर्ने दलकोतर्फबाट संकल्प प्रस्ताव पेस गर्न पर्थ्यो भन्ने यहाँहरूको मनसाय हो भन्ने कुरा बुझिन्छ । राम्रो कुरा, यो खाली नेपाली काँग्रेसको जनतालाई मात्र बचाउने कुरा नभएर कुरा भएकोले गर्दा हामी सरकारमा भुले होला, चाहे कुर्चीको तानातानको भागवण्डामा भुले होला, चाहे हामी औषधि उपचारको भ्रष्टाचारमा भुले होला, चाहे जनतालाई बाढीपीडित राहतमा भुले होला योबारे हामीले सम्झिन सकेन, नेपाली काँग्रेसले समयमै यो कुरा हामीलाई स्मरण गरायो, समयमै हामीलाई सचेत गराएको कारणले गर्दा हामी सबै सचेत गर्नुपर्छ भन्ने प्रदेश सरकारले र सत्ता पक्षले मनन गर्नुपर्ने कुरामा मलाई थाहा छैन किन यो भनिरहनु भएको छ एकोहोरो । यहाँहरू धेरै अनुभवीहरू हुनुहुन्छ, धेरै राजनीतिज्ञहरू हुनुहुन्छ, धेरै विद्धानहरू हुनुहुन्छ, तै पनि त्यति हुँदाहुँदै यहाँलाई जनताले नेकपाको सरकार भनेको त, गण्डकी प्रदेश सरकार भनेको त जनताको स्वास्थ्यमाथि खेडलाड गर्ने सरकार हो भन्ने सन्देश पक्कै पनि जानेछ त्यसैले यी कुराहरूलाई हामीले सचेत भएर अलिकति संवेदनशील भएर लाग्नुपर्छ भन्ने म यस गरिमामय सभामा अनुरोध गर्दै एवम् सुझाव दिँदै बिदा हुन्छ र यो संकल्प प्रस्तावलाई यहाँहरूले असहमति जनाए पनि यहाँहरूको आत्मले पक्कै पनि सहमति जनाउनु भएको छ भन्ने पनि मलाई लागेको छ । यसमा यो जनताको जिऊधनको सुरक्षा गर्न पर्ने कारणले, संरक्षण गर्न पर्ने कारणले गर्दा मेरो दल र मेरोतर्फबाट यसलाई पूर्ण रूपमा समर्थन गर्दछु । धन्यवाद जय नेपाल !

**माननीय सदस्य श्री कृष्णबहादुर थापा छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुख महोदय, आज हामी यो गण्डकी प्रदेशको सम्मानित सभाको ४९ औं बैठकमा विषय एकदम महत्वपूर्ण भएर पनि हामी आ-आफ्नै विचारहरू यो सम्मानित सभामा राखेका छौं । आजको यो विषय जुन संकल्प प्रस्ताव प्रस्तुत भएको छ । त्यो प्रस्तावको बारेमा आफ्नो विचार राख्नका लागि सभामुखज्यूसँग

म हार्दिक अनुरोध गर्न चाहन्छु । मलाई यो समय दिनुभएकोमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सभामुख महादेय, यो सम्मानित सभामा हामी गण्डकी प्रदेशका के सत्ता पक्ष र के प्रतिपक्ष हामी सबैको गण्डकी प्रदेशका जनताको हितका लागि गरिने हरेक कामहरूमा आजसम्म गरिने हरेक गतिविधिहरूमा हाम्रो साझा सरोकार रहेको छ । र धेरै सवालहरूमा हामीहरू मिलेर नै त्यो काम गरिरहेको इतिहास जगजाहेर छ । जहाँसम्म यो संकल्प प्रस्तावको बारेमा हाम्रो हामीले बनाएको सत्ता पक्ष र विपक्षी र प्रदेशको कार्यव्वयवस्था समितिमा रहेका साथीहरू र सबै सभासद्हरूले सर्वसम्मत निर्णय गरेर हामीले हाम्रो प्रदेश सभालाई सञ्चालन गर्ने नियमावलीको व्यवस्था गऱ्यो त्यो नियमावली अनुसार नै आजसम्म हामी प्रदेश सभा सञ्चालन गरेर धेरै हाम्रा कामहरूलाई अगाडि बढाइरहेको त्यो तथ्य हामी सबैको अगाडि जगजाहेर छ । र यो नियमावलीको परिच्छेद १३ को धारा ८४ देखि ९३ सम्म संकल्प प्रस्तावको बारेमा कस्तो अवस्थामा संकल्प प्रस्तावहरू पेश गर्ने, त्यसको बहस छलफल कसरी चलाउने अझ स्पेसल्ली धारा ८५ बाट ९३ सम्म यसको व्यवस्था भएको हामीलाई सर्वविधितै छ र हामी सबैले अध्ययन गरेकै छौं । अब त्यति हुँदाहुँदै पनि त्यसको जुन मर्म थियो । हाम्रो संविधानको प्रस्तावनाको जुन मर्म हो हाम्रो नियमावली, हामीले बनाएको नियमावलीको मैले अघि नै भनिसकेँ । परिच्छेद १३ को धारा ८४ देखि ९३ सम्मको जुन मर्म हो । जुन महत्व त्यसको जुन मकसद हो वास्तवमा हामीले त्यो संकल्प प्रस्ताव पेश गर्नुभन्दा अगाडि त्यो भन्दा अगाडि मलाई लाग्छ अध्ययन सबै विद्वान् सभासद्हरूले गर्नुभएकै छ । तर हामी सबैले बुझेको कुरा यस्ता साझा र यस्ता महत्वपूर्ण प्रस्तावहरूलाई हामीले संकल्प प्रस्ताव भन्ने गरेका थियौं । तर हाम्रो त्यो अनुभवबाट सिकेका थियौं । तर त्यसको कार्यान्वयन गर्दा हामीले त्यसको महत्वलाई कति ध्यान दियौं । यो एउटा प्रश्न आजको यो संकल्प प्रस्तावको बारेमा हामी यहाँ छलफल गरिहँदा यो प्रश्न उब्जिएको छ ।

सभामुख महोदय, म भर्खर-भर्खर क्याम्पस पढ्न जाँदा पहिलो पटक मेडिसिन क्याम्पसमा भर्ना भएको र सञ्जोगले त्यही वर्ष नै यो करिब ३८ सालको कुरा हो, त्यही वर्ष यो चुनाव पनि भयो स्ववियुको । अनि एउटा क्याम्पसको एउटा कुनामा विद्यार्थीको एउटा झुण्ड गीत गाउँदै थियो । मादल पनि बजाएको थियो । मैले

त्यहाँ गएर सुनें । गीत अल्लि चर्को-चर्को स्वरमा जस्तो थियो । त्यो गीतले के भन्दै थियो भने दिल्लीमा सिल्ली बनेर हिँड्दा के थियो तिम्रो चाल, गण्डकी कोशी बेचेर हिँड्दा के थियो तिम्रो हाल, झुक्याउन फेरि नेपालीलाई भन्दै छौं जय नेपाल भन्दै थियो के भन्या हो यस्तो ? गीत त अल्ली अर्को भएको भए हुन्थ्यो । पछि अल्ली बुझ्दै गइयो, त्यसपछाडि कोशी व्यारेज पनि हेर्न गइयो अनि गण्डकी व्यारेज पनि हेर्न गइयो अनि अलि-अलि बुझियो । तसर्थ हामी सबै इमान जमानका साथ यहाँ चल्ने हो भने त्यो इमान जमानलाई तल माथि नपर्ने हो भने र हाम्रो नियत साच्चै नै जनताको हितमा, गण्डकी प्रदेशका जनताको हितमा नै हो भने हामी कहाँनेर चुक्यौं ? त्यो बारेमा पनि एक खालको हामीले समीक्षा गर्नु पर्ने हो कि ? साच्चै मलाई भन्ने हो भने यो संकल्प प्रस्ताव नोबेल कोरोना भाइरस कोभिड १९ ले जति प्रभाव अहिले संसारभरि पारेको छ । गण्डकी प्रदेशको कुरा गर्ने हो भने हालको तीन हप्ता यताको स्थिति हेर्ने हो भने बाढी पहिरोले वास्तावमा त्यो भन्दा धेरै ठूलो क्षती गरेको छ । र हामी सबै मिलेर गण्डकी प्रदेशका जनताहरूको हितमा यो कोभिड १९ को समस्या मात्रै होइन, यो समग्र समस्याको बारेमा हामीले किन त्यो साझा संकल्प प्रस्ताव बनाउन सकेनौं ? जहाँसम्म सत्ता पक्षले  पहल गरेन आदि इत्यादि धेरै कुराहरू पनि यहाँ सुनियो । म दुई हात जोडेर भन्न चाहन्छु । कहाँनेर सत्ता पक्षले कमी कमजोरी गऱ्यो ? वास्वतमा प्रतिपक्षको माग अनुसार कार्यदल बनाउने भनियो, कार्यदल बनाइयो, त्यसपछाडि दुवै नेताहरू दुवै पार्टीका नेताहरूसँग छलफल गर्ने भनियो मलाई लाग्छ सत्ता पक्षको दलको नेता, दलको प्रमुख सचेतक, सचेतक पटक-पटक त्यतिमात्रै होइन, सम्बन्धित मन्त्री सामाजिक विकास मन्त्रीज्यूको पटक-पटक पहल गर्नुभयो कहीँ-कहीँ त्यो कमी चाही भएन तर यो संकल्प प्रस्ताव प्रस्तुत गरिरहँदा प्रस्तुत गर्ने माननीयज्यूहरू, प्रस्तुत गर्ने साथीहरूलाई नै यो गलपासो, नहुँदा धेरै राम्रो हुन्छ । यो हुनुहुँदैन वास्तवमा । त्यसले सम्मान पनि हुँदैन । तसर्थ आगामी दिनमा हामीले यो घटनाबाट राम्रोसँग पाठ सिक्दै यस्ता प्रस्तावहरू प्रस्तुत गर्दा यो बोलेर बाँठो र दौडेर चाँडो हुँदैन के हुँदैन भन्ने हाम्रा बुढापाकाहरूको भनाइ छ । त्यसलाई पनि मनन गर्दै हामी सबैले एउटा साझा प्रस्तावको रूपमा अगाडि लान सक्यौं भने धेरै राम्रो हुन्छ । तसर्थ यो प्रस्ताव सुनियतका साथ साच्चै नै प्रदेश सरकारलाई सहयोग गर्ने त्यो भावनाका साथ आएको भए त्यो धेरै राम्रो हुन्थ्यो तर धेरै तथ्यहरू करिब यो एक महिनामा जुनसुकै तथ्यहरू केलाउँदा त्यो

भावनाहरू नभएको हुँदा यो संकल्प प्रस्तावप्रति म र मेरो पार्टीको समर्थन छैन, मलाई दुःख लागिराछ बाध्यताबस यो प्रस्तावबाट आज हामी खारेज गर्दै छौं त्योप्रति दुःखी हुँदै यो प्रस्तावप्रति समर्थन नभएको जानकारी गराउन चाहन्छु धन्यवाद । नमस्कार ।

**माननीय सदस्य श्री डोबाटे विश्वकर्मा छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुखज्यू, नेपाली काँग्रेस गण्डकी प्रदेश संसदीय दलकोतर्फबाट माननीय कुमार खड्का, माननीय मेखलाल श्रेष्ठ र माननीय सरिता गुरुङले चर्चा गर्नु भएको संकल्प प्रस्तावमा मेरो पार्टी र मेरोतर्फबाट समर्थन व्यक्त गर्न चाहन्छु । विशेष गरेर धेरै कुराहरू आइसकेको छ मैले त्यति धेरै कुराहरू भनिरहनुपर्ला जस्तो लाग्दैन । अहिलेको विश्वव्यापी रूपमा फैलिएको जुन कोरोना छ यसले विश्वको अर्थतन्त्रदेखि लिएर मानवीय क्षतिदेखि  लिएर हरेक क्षेत्रलाई ठूलो अप्ठ्यारोमा पारेको कुरा हामीले बुझ्केकै छौं । तथापि त्यसैलाई बल पुगोस् र सरकारलाई सहयोग होस् भन्ने हिसाबकिताबले प्रतिपक्ष दलले विशेष गरेर ४ वटा बुँदामा उल्लेख गरेर यो संकल्प प्रस्ताव दर्ता गरेको छ । निश्चय पनि आज असारको २३ गते दर्ता भएको आज साउन २२ गते पुगिसकेको छ । यति लामो समयसम्म जान हुँदैनथ्यो र यसलाई चाडो भन्दा चाडो पास गरेर जनताको आधारभूत आवश्यकता र मागलाई सम्बोधन गर्नुपर्थ्यो भन्ने हाम्लाई लाग्छ । र यहाँ माननीयज्यूहरूले कुरा उठाउनु भयो, यो गलपासो भयो कि भन्ने खालका कुरा मलाई लाग्छ सरकारलाई नै गलपासो भयो कि भन्ने लागेको छ । यो अति महत्वपूर्ण कुरा भएको कारणले प्रतिपक्षले ल्याएको र दर्ता गरेर संकल्प प्रस्ताव पास गर्दा काँग्रेसले जस लिने हो कि ? नगरौं भने सरकार अप्ठ्यारोमा पर्ने हो कि भन्ने हिसाबकिताबले यो सरकारलाई नै अप्ठ्यारो पर्‍या हो कि र सरकारलाई नै गलपासो भएको हो कि जस्तो लाग्छ । अब त्यहाँ कोशी गण्डकीका कुराहरू निकाल्नुभयो, यस्ता खालका कुरा विगतलाई कोट्याउने हो भने थुप्रै खालका कुराहरू होलान् त्यतातिर नजाऔं । वास्तवमा अहिलेको जल्दोबल्दो समस्या के हो ? त्यतातिर जाँदाखेरिमा उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ । अब यहाँ खर्चपर्चको पनि कुरा आएको छ । अहिले भर्खरकै कुरा गर्‍यो भने, मैले यो अलिकति सामान्य कुरा यहाँ राख्न चाहन्छु । हालसालै तनहुँको व्यास नगरपालिका

वडा नं. १० मा स्याङ्जामा कार्यरत प्रहरी जवान घरमा एउटा पूजाको सन्दर्भमा जानु भएको उहाँको रिपोर्ट पोजेटिभ आइदिएपछि त्यहाँ ५० जना भन्दा बढी मान्छेलाई त्यहाँ सिल गर्नुपर्ने अवस्था भयो भने एक जना मान्छेले त्यस्तो खालको अप्ठ्यारो हुन्छ भने आज दऔं जना मान्छे अथवा सयौं जना मान्छे भयो भने त्यसको कस्तो खालको असर पर्ला ? त्यसकारणले गर्दा खेरी पनि एक घर एक परिवारको टेष्टको कुरा जे गरिरहेका छौं त्यो जाहेज छ भन्ने मलाई लाग्छ । म थोरै मात्र कुराहरू यहाँ राख्न चाहें । हाम्रो सदन शुरु हुने बेलामा हामीले ट्रेस रिपोर्ट गरेका थियौं । तीन महिना अगाडि के-के न हामीलाई अहिलेसम्म कोरोना भएको र नभएको कुनै जानकारी भाछ र ? तर त्यो के भन्दा त्यसले हामीलाई एउटा बल पुऱ्यायो । त्यो बल पुगेका कारणले अहिले हामी तीन महिनासम्म ठीकै छौं भन्ने अनुभूति गरेका छौं । त्यसकारणले एक घर, एक पीसीआरले जनतालाई एउटा मनोवल बढाउने र कमसेकम प्रदेश सरकारले गऱ्यो भन्ने खालको एउटा जनतालाई विश्वास हुन्छ भन्ने हिसाबकिताबले हामीले त्यो कुरा ल्याएका छौं । आज बजेटको पनि कुरा उठेको छ, एक घर एक परिवारको हिसाब गर्दा आज १५ हजारको कुरा पनि आयो एक जनाको । चार हजारको कुरा पनि आएको छ, पाँच हजार, पचपन्न सयको कुरा पनि आएको छ । यो पचपन्न सयको दरले गऱ्यो भने जम्मा ३ अर्ब, १७ करोड ३५ लाख खर्च हुँदोरहेछ । अब चार हजारको दरले गऱ्यो भने जम्मा २ अर्ब, २० करोड ८० लाख रूपैयाँ खर्च हुँदोरहेछ । तर आज पैसाको कुराले, बजेटको कुराले गर्दा हामी जनतालाई खेलवाड गर्न खोज्यौं भने त्यो जनताका लागि हामी जनप्रतिनिधि र सरकार भएको अनुभूति हुन्छ कि हुँदैन ? त्यसमा पनि हामीले खर्चलाई, बजेटलाई पनि स्थानीय तहसँग समन्वय गर्न सक्यौं भने उनीहरू पनि यो विषयमा खर्च गर्न तयार छन् । त्यसकारण पनि खर्च बढी हुन्छ कि भनेर आत्तिनुपर्ने जरुरी जस्तो मलाई लाग्दैन । त्यसकारणले आज यो संकल्प प्रस्तावमा सशंकित हुने गजपासो ठान्नु हुँदैन, जनताका लागि र यो सरकारका लागिसमेत सपोर्ट हुने हिसाबकिताबले यो संकल्प प्रस्ताव आको भन्ने मलाई लाग्दछ । र अर्को कुरा क्वारेन्टाइन र आइसोलेसनको कुराहरू छ । अब सारा विद्यालयहरूबाट क्वारेन्टाइन हटिसकेको अवस्था छ । क्याम्पसबाट हटिसकेको छ । क्याम्पसहरू, विद्यालयहरू अब शैक्षिक सत्र फेरि शुरु हुन थालेको छ । आज कुनै पनि ठाउँमा आइसोलेसन नभएको अवस्था छ । क्वारेन्टानको भवन भनेर विद्यालयमा खाली गरेको अवस्था छ । के सरकारको सबै तयारी भाको छ

त ? त्यो कुरा सरकारले जवाफ दिनुपर्ने होला । हुन त माननीय मन्त्रीज्यूले अघि नै भनिसक्नु भएको छ । तर भनेर मात्रै भएन । म तनहूँको मात्र उदाहरण भन्न चाहन्छु, आज क्वारेन्टाइन नभएर पहिलाको त्यो कृषि विकास बैंकको भवनलाई अहिले क्वारेन्टानइको हिसाबमा स्थानीय तह र त्यहाँको प्रशासनले सामान्य हिसाबकिताबबाट त्यो एउटा व्यवस्थापन गरेको छ । आइसोलेसन बेड एउटा वीपीकोइराला स्वासप्रस्वास केन्द्र दुलेगौडामा भाको छ । के त्यसले मात्रै पुग्ने अवस्थाहरू छ त ? त्यसकारणले गर्दा सरकारले भनेर मात्र भएन गरेर देखाउनुपर्ने अवस्थाहरू सिर्जना भएको छ । अर्को कुरा, त्यस्तै अब प्रहरी, सेना, स्वास्थ्यकर्मी शिक्षा आज समूहमा जान खोजेको छ । अहिले दिन भन्दा रात चौगुना बढ्दै गइरहेको अवस्था छ । यो अवस्थालाई मध्यनजर गरेर यो संकल्प प्रस्तावलाई लिएर प्रतिपक्ष होइन, सत्ता पक्ष होइन यो सिँगो गण्डकी प्रदेश सांसद सरकारको सबैको दायित्व र जिम्मेवारी भएकाले यो साझा संकल्प प्रस्ताव भएको कारणले गर्दा यसलाई सहमतिका आधारमा हुन सक्छ आज एउटा सहमति २० लाख जनताको कुरा मिल्न सकेन । आज २० लाख जनताको पीसीआर थप्दैमा सरकारको कति करोड नोक्सान हुन्छ त ? यो सहमति नगर्ने भनेको आज संख्याको कारणले होइन । यो नियतबस ढंगले यो नगर्न खोजिएको हो । यसले यदि यो संकल्प प्रस्ताव पास भएन भने हामीले त हाम्रो बहुमतको निर्णयका आधारमा गर्ने निर्णयलाई केही लाग्दैन तर यो कुरालाई लिएर हामी जनताको माझमा जान्छौं । यिनै कुराको निवेदन गर्दै बिदा हुन्छु धन्यवाद जयनेपाल ।

**माननीय सदस्य श्री चन्द्रबहादुर बुढा मगरलाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुख महोदय, यो गरिमामय सदनमा आज हामी प्रतिपक्षका माननीय सदस्यहरूद्वारा प्रस्तावित संकल्प प्रस्तावमाथि छलफल चलाइरहेका छौं । यो छलफल चलाइरहँदा यो प्रस्तावको प्रक्रिया आवश्यकता र औचित्यबारे सायद हाम्रा मतहरू यहाँ व्यक्त भएका छन भन्ने मलाई लागिरहेको छ । पहिलो कुरा त यो संकल्प प्रस्ताव यो संवेदनशील स्थितिमा आउने कुरा हो । यो जसरी प्रक्रियागत हिसाबले त्रुटि हुन गएको छ म यसप्रति मेरो असहमति व्यक्त गर्न चाहन्छु । हामीलाई थाहा छ निश्चित रूपमा हामी विगतदेखि कोभिड १९ को महामारीबाट आक्रन्त छौं । यो मुलुक आक्रान्त छ, सायद यो गण्डकी प्रदेश पनि अछुतो छैन । हामीले हेऱ्यौं भने यो गण्डकी प्रदेशमा हामी आफै पनि र गण्डकी

प्रदेश सरकार र स्थानीय सरकारहरू पनि ठूलो मेहनत गर्नु भएको छ । हामीले यसो हेऱ्यौं भने सायद अहिलेसम्म हेर्दा खेरी उहाँहरूको मेहनत त्यो उल्लेख्य उहाँहरूको कार्य सम्पादन त्यो एउटा सराहनीय हामी पाउँछौं । सायद हामीले यसो भनिरहँदा खेरी गण्डकी प्रदेश सरकारको सन्दर्भमा गण्डकी प्रदेश सरकारले के गऱ्यो त ? माननीय मन्त्रीज्यूले यहाँ व्यक्त गरिसक्नु भएको छ । आफ्ना सीमा समस्याहरू यद्यपि छन् तर हाम्रो श्रोत र साधनबाट जति सक्यौं जति हामीले तदारूपताका साथ हाम्रा गतिविधिहरूलाई अगाडि बढायौं । कोभिड १९ को विरुद्धको संघर्षमा एउटा विजयको उत्कर्षता हासिल गऱ्यौं । यो सब हामीले सम्मान गर्न योग्य छ । हामी यसलाई सम्मान गर्नुपर्छ र हामीले यी उपलब्धिहरूलाई संस्थागत गर्नुपर्छ । सायद हाम्रा बुझाइहरूमा यहीँ नेर समस्या छ । हामीले धेरै गर्नुपर्थ्यो । गरेका हुन्थ्यौं भनेर मात्र सुख पाइनेवाला छैन । हामीले यसो संकल्प प्रस्तावलाई हेऱ्यो भने बुँदा नं. १ अल्ली बढी जोड गरेको पाइयो । बुँदा नं. १ नै एक घर, एक व्यक्ति पीसीआर टेष्टको कुरा त्यो सबैथोक हो त ? त्यो सबै थोक होइन, तर त्यो भित्रबाट हामी अल्लि प्रेरित भयौं कि ? अल्लि निर्देशित भयौं कि फरक कोणबाट, फरक नियतबाट । सायद हाम्रो छलफलमा व्यक्त भइरहेका छन् भन्ने कुरालाई पनि मैले अनुभूति गरेको छु । हामीले यता स्याङ्जामा महामारी बढिरहेको छ, हामीले त्यहाँ पीसीआर टेष्ट गर्ने कि हामीले रोष्टममा गएर रुलिङ गर्ने ? यो अल्ली नमिल्दो विषय हो त्यसैले हामीले यसलाई सापेक्षतामा बुझ्नुपर्छ, आवश्यकतामा बुझ्नुपर्छ । हाम्रो आवश्यकता के हो प्रदेशको सन्दर्भमा अर्थात् महामारी नियन्त्रण सन्दर्भमा अथवा महामारीलाई नियन्त्रण गर्ने सन्दर्भमा हाम्रा आवश्यकताहरू के हो ? कहाँ नेर समस्याहरू पैदा भएका छन् ? त्यहाँ हामी केन्द्रित हुन जरुरी छ । त्यसो भएको हुनाले मैले यहाँ तथ्यांक हेर्दा खेरी मैले के पाउँछु भने धेरै कामहरू भएको छन् । त्यो अहिले मापदण्ड विपरित छ छैन भन्ने एउटा बहस पनि भाछ । तर हामीले पार गरिसक्यौं एउटा स्टेज पार गरिसक्यौं । त्यो क्वारेन्टाइन व्यवस्थापनको कुरा, आइसोलेसन व्यवस्थापनको कुरा, डेडिकेटेट हस्पिटलको व्यवस्थापनको कुरा, अरु स्वास्थ्य सामग्रीको व्यवस्थापनको कुरा, जनशक्तिको व्यवस्थापनको कुरा, हामीले राहतको व्यवस्थापनको कुरा, हामीले अरु थुप्रै कुराहरूको व्यवस्थालाई हेर्दा खेरी हामी सायद यी कुरालाई हामीले संस्थागत गर्न सक्नुपर्छ । हामीले अहिलेसम्म सर्सती हेऱ्यौं भने डेटाअनुसार बिहानको डेटा अनुसार १५५६ जनालाई पोजेटिभ देखिएको

रहेछ । १३६२ जना निको भइसक्नु भएको छ । हामीले प्रतिशतको आधारमा हेऱ्यौं भने ८६:९७ प्रतिशत निको हुनुभएको छ । मृत्युदर हेऱ्यौं भने न्यून छ ४ प्रतिशत । सायद हामी यो ठाउँमा हुने थियौं त, हामी केही नगरेको भए हामी यो ठाउँमा हुने थियौं ? यो बुझाइ गलत हो, हामीले धेरै गरेका छौं । यद्यपि अझ केही गर्नु छ र प्रदेश सरकारले पनि कैयौं कुराहरूलाई अगाडि बढाउन कोसिस गरिरहेको छ र त्यो प्रक्रियामा छ । हामीले नीति, कार्यक्रममा छलफल गऱ्यौं, बजेटमा हामीले छलफल गऱ्यौं, सायद पहिलो कुरा हामीले मानवीय संकटको अन्त्य  गर्ने कुरा र हामीले यो अर्थतन्त्रको चलायमान गर्ने कुरा, विशेषतः महामारीसँग लड्ने कुरालाई हामीले प्राथमिकता राखेर अगाडि बढेका छौं । बजेट व्यवस्थापन गरेका छौं र त्यही अनुसार अहिले हेर्दा हामीले त्यो सायद भेन्टिलेटरको व्यवस्थापनको कुरा होस्, चाहे आइसोलेसन, आइसियु व्यवस्थापनको कुरा होस्, त्यो एउटा प्रक्रियामा पनि एउटा उत्कर्षमा हामी जिरोबाट शुरु गर्दा अहिले हेर्दा हामी धेरै माथि पुगेका छौं । यो एउटा सम्मान गर्नुपर्ने, यसको अझै संस्थागत गरेर सबैलाई मान्य बनाउने कुरा हामीले गर्नुपर्दछ । यसलाई म विशेष आग्रह गर्न चाहन्छु । त्यसो भएको हुनाले यसो हेर्दाखेरी यो संकल्प प्रस्ताव यो मैले अघि पनि भनेँ, यो आफैँमा राम्रो होला, यो औचित्यताका हिसाबले ठीक छ भन्ने बहस पनि गरौंला, तर यसो हेर्दाखेरी हामी के भन्छौं भने, माननीय सदस्यहरूले जो राख्नुभयो पक्षका साथीहरूले प्रस्ताव गर्नु भएको छ, दर्ता गर्नु भएको छ । तर हामी चुकेका छौं । हाम्रो बुझाइ केहो ? हाम्रो निष्कर्ष के हो ? हाम्रो निष्कर्षमा हामी चुकेका छौं । संकल्प प्रस्तावको निष्कर्षमा हामी चुक्दाखेरी यो अल्ली विषयान्तर हुन गाको छ । या अलि राजनीतिक हिसाबले प्रेरित भएको हुँदाखेरी अल्ली विषयान्तर भएको छ । अतिरञ्जित, अतिशयोक्तिकरण गर्दा खेरी अल्ली विषयान्तर हुन गएको छ । त्यसो भएको हुनाले यसलाई करेक्सन गर्न जरुरी छ । सायद छलफल पनि भयो । तर साझा मामिला बनेर आउन नसक्नु, आफ्नो कुरा नै सही हो, हुनुपर्छ भन्ने तर्क गर्नु त्यो गलत हो । हामी सरकारले गरेका कामकाजहरूलाई तपाई हामीले गण्डकी प्रदेशको सन्दर्भमा प्राप्त गरेका उपलब्धिलाई हामीले कमजोरी ठान्यौं भने हामीले यसलाई मिनिमाइज गर्न थाल्यौं भने सायद हामी फरक ढंगबाट अर्को अतिमा जान सक्छौं । त्यसो भएको हुनाले मैले के कुरा राख्न चाहन्छु भने हामीले धेरै बहस, छलफल भन्दा पनि एउटै कुरा के हो भने, हामी आफ्नो नियतबाट प्रेरित नहोऔं । अघि माननीयज्यूले राख्नु भयो । हामी जनताको बीचमा जान्छौं ।

जानुपर्छ जानुहोस्, हामी पनि जान्छौं । तर हामी तथ्यपरक यथार्थका लागि तोडमरोड गर्ने छुट त कसैलाई छैन नि त ? त्यसो भएको हुनाले हामी तथ्यमा बहस गरौं । हामी ग्राउण्ड रियालिटीलाई आत्मसाथ गरौं, हामी के छ त्यसलाई आत्मसात गरौं, हामी निश्चय नै साझा मामिला बनाएर यसलाई अगाडि बढाउन सक्छौं । सर्वसम्मत बनाउन सक्छौं नयाँस्थिति कायम गर्न सक्छौं र त्यसो भएको हुनाले विशेष ध्यानाकर्षण गराउँदै म यो संकल्प प्रस्तावको विपक्षमा आफ्नो मत जाहेर गर्दै आफ्नो भनाई यही अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु**

सभामुख महोदय, असार २३ गते संकल्प प्रस्ताव पेश गरियो । अहिलेसम्मन कुनै छलफल हुन सकेन । धेरै पल्ट बैठक बोलाइयो, धेरै पल्ट स्थगित भयो । त्यो कारण माननीय सदस्यहरूले भनिसक्नु भयो । यो तैपनि सहमतिमा तैपनि गण्डकी प्रदेशमा केही विवाद छैन भन्ने कुरामा आउँछ कि जस्तो लागेको थियो । सहमति हुन सकेन । यो प्रतिपक्षकै कारणले मात्रै आएको हो भन्ने सत्ता पक्षका साथीहरूले सोच्नु भयो । त्यो दुर्भाग्यपूर्ण भयो । मलाई के लागेको छ भने सभामुख महोदय, हाम्रो दलले के निणर्य गरेको छ भने, आज सम्मन गण्डकी प्रदेशमा कति भयो र के भयो भन्ने कुरा जनताले बुझ्नु भएको छ र हाम्ले पनि बुझेका छौं । सरकारमा बस्ने साथीहरूलाई एउटा बाध्यता छ ठीक छ भनेर । हामीलाई जनताको मान्छे हो भन्ने बाध्यता देखाउन खोजेको जस्तो । हामीले के सोचेका छौं जनतालाई अप्ठ्यारो परेको छ त्यो अप्ठ्यारोलाई चाडै र जनताले चाहेको कुरा गर्नुपर्‍यो भनेका छौं प्रतिपक्षले । सरकारमा बस्ने साथीहरूले भइरहेको छ मात्रै भन्नुभएको छ । त्यसैले म के आग्रह गर्दछु भने आज प्रतिपक्षले ल्याइदिएर सरकारलाई सहयोग गर्‍यो भन्नु कहाँ-कहाँ छ । यो त आयो बर्बाद भयो भन्ने पनि भाको महसुस भएको छ । त्यसैले म हालसम्म धेरै माननीयसदस्यहरूले भन्नुभयो हाम्रो लेखा समितिका सभापतिले त खाँका धरी पेस गरेर भन्नु भयो, पूर्ण समर्थन जनाउन चाहन्छु । आज गण्डकी प्रदेशमा २६ हजार ३८ जना अहिलेसम्म । २४ लाख भन्दा बढी जनसंख्या भएको प्रदेशमा जम्मा २६ हजारको पीसीआर भएको छ । अहिले तत्काल हिजो मात्रै पनि गोर्खालगायत विभिन्न जिल्लामा कोरोना पुष्टि भएर मिडियामा आएको छ । तै पनि अझै संक्रमित नदेखिएको भनेर २४ हजार ४ सय ६२ जनामा चेक भएको विवरण थप आएको छ । देखिएको १५ सय ६६, र

निको भएको १३ सय ६२, मृत्यु भएको ४ जना । निको हुँदै जाने साथीहरू कोही कोही त के भाको देखिन्छ भने घरमा बसेर आफैले आइसोलेसनमा बसेर उपचार भएर गाको छ । सरकारले त्यो त हामीले गऱ्यौं, घरमै बसेर उपचचार भाको छ । हामीले गऱ्यौं भन्ने कुरा खाका पेश भएको छ । कस्तो हास्यास्पद कुरो छ सभामुख महोदय, मलाई लागेको छ, आज क्वारेन्टानइमा रहेका संख्या १ हजार ११ छ । तर उहाँहरूको क्वारेन्टाइन हो कि त्यो पहिला पनि भन्ने गरेका थिए, के हो त त्यो क्वारेन्टाइनको संख्या अर्कै पो हो कि भन्ने चिन्ता लाग्छ सभामुख महोदय । क्वारेन्टाइन डब्लुएचओको मापदण्डअनुसारको क्वारेन्टाइन छ भन्ने कुरा सरकारको प्रमुखहरूले सधैं भन्नुभएको छ । कहीँ गएर हेर्नु भएको छ कि छैन होला ? बजारी क्षेत्रमा भएको होला सभामुख महोदय, हामी अलिकति भूगोल दुर्गम भाको क्षेत्रमा अलिकति विचार गर्नुपर्छ होला सभामुख महोदय, हामी त्यो किन वास्ता गरिएको छैन सरकारबाट ? त्यसलाई अलिकति ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । आज तेस्रो मुलकुबाट जम्मा ५ हजार १ सय चार जना नेपाल भित्रिनु भएको छ । र हाम्रो आज बिहानको तथ्याङ्क अनुसार भारतबाट १२ हजार २ सय ५१ जना हालसम्म नेपालमा आउनु भएको छ गण्डकी प्रदेशमा । अरु प्रदेशबाहेक गण्डकी प्रदेशमा यति जना आउँखा आउँदै पनि हामी यहाँ संक्रमण भएको छैन, संक्रमणितलाई हामीले उपचार गर्नलाई, हामी पीसीआर गर्न सक्दैनौं हामी कसरी पीसीआर गर्ने ? सरकारले धान्न सक्दैन भन्ने सरकार जनताको सरकार हो कि धानेर बस्ने सरकार हो सभामुख महोदय । म प्रश्न गर्न चाहन्छु । आज सरकारमा रहने साथीहरूलाई होला केही कुरो राम्रो भएको छ । हामी प्रतिपक्षले कुरा गर्दा विरोधका लागि मात्रै विरोध गर्दैनौं । र नभएको कुरा भन्दा त्यो पोइन्टलाई पनि अलि ध्यान दिन आग्रह गर्दछु । आज कोरोनाबाट जनता भोकभोकै हुने अवस्था भएको छ त्यो पनि मूल्यांकन गर्नुपर्छ सभामुख महोदय, हामी कहाँ भाको छ र हामी खेत रोपेका छौं सभामुख महोदय, त्यहाँ मल बिऊ पाएको छैन त्यस्तो अवस्था कोरोनाका कारणले भएको हो सभामुख महोदय, हामी किन त्यहाँ हेर्न जाँदैनौं ? किन त्यहाँ हामीले मध्यनजर राख्दैनौं सभामुख महोदय, हामी भोकै भएको अवस्था हामी त भोकै छैनौ केही न केही गरेर खाएका छौं । केही गरेर खानु भएको छ साथीहरूले तर जनता भोकै हुनुहुन्छ । उहाँको मध्यनजर किन राखिदैन ? कोरोनाको पीसीआरबाट हामी किन पछाडि परेका छौं ।

सभामुख महोदय, प्रतिपक्षले प्रतिपक्षका मान्छेहरूलाई मात्रै, प्रतिपक्षमा रहेका साथीहरूलाई मात्रै पीसीआर गर्नु भनेका छैनौं हामीले सबैलाई । हामीले गण्डकी प्रदेश यो साच्चै भन्दा उदाहरणीय काम गर्‍यो । यो प्रदेश साच्चै नमूना भयो भनेर किन देखाउन सकिँदैन सभामुख महोदय ? मेरो प्रश्न यहीँ छ । आज कोरोनाबाट हामी विदेशमा यति भएको छ, हाम्रो देशमा त के भाछ र ? भनेर माननीयहरूले बोल्नु भयो । मलाई अलि कति कताकता चसक्क भयो ।  अरुको देशको देखाएर गण्डकी प्रदेशमा अझै भाछैन भएपछि गरौंला भन्ने प्रश्न गर्ने त जरुर सान्दर्भिक होइन भन्ने लागेको छ सभामुख महोदय । अलिकति हामी यो प्रदेशमा बसेपछि गण्डकी प्रदेशको पहिलो डाटा हेर्नुपर्छ त्यसपछि नेपालको डाटा हेर्नुपर्छ जस्तो मलाई लागेको छ । हामी प्रदेशमा रहेका छौं, प्रदेशको प्रतिनिधि भएका छौं । त्यसैले यो साथीहरूले अरु देशको, अरुको ठाउँको देखाएर हामीले तराजुमा जोख्नु पर्ने जरुरी छैन सभामुख महोदय मेरो त्यो पनि प्रश्न छ । आज गण्डकी प्रदेशलाई जोखिममुक्त भनेका छौं । जोखिममुक्तको नाराहरू पनि भयो पहिले । तर कहिले पशुपतिको कुरा भए, कहिले त तपाईंको मुक्तिनाथको कुरा भए, कहिले मनकामनाको कुरा भए । त्यसले त धान्दो रहेन्छ नि सभामुख महोदय, यो पहिलो विकल्प भनेको पीसीआर टेष्ट नै हो भन्ने सबैले बुझ्नु भाको छ सभामुख महोदय तर त्यो पीसीआरको टेष्टका लागि किन दायरा बढाइँदैन ? पीसीआर टेष्ट गर्ने भनिरहेका छौं । यहाँ के देखिएको छ भने २ हप्तासम्म पनि पीसीआर टेष्ट गरेको रिपोर्ट अहिलेसम्म नगएका ठाउँहरू पनि छन् गोर्खाकै सबालमा मेरो हिजो मात्रै आयो पीसीआरको रिपोर्ट त्यो दुई हप्ता पछि मात्रै पुगेको छ सभामुख महोदय । स्याम्पल कलेक्सन गर्ने तर पीसीआर रिपोर्ट ढिलो जाने त्यो के भएको हो ? जनतामा एउटा महाकाल, एउटा महामारी सिर्जना भएको छ । पीसीआर रिपोर्ट अझैसम्म नगएको तथ्यांक पनि छ सभामुख महोदय । यसलाई अल्लि ध्यान दिनुपर्छ जस्तो लाग्यो । सरकारमा रहने साथीहरूलाई म आग्रह गर्छु, आज हामीले संकल्प प्रस्ताव पेश गर्‍यौं त्यो संकल्प प्रस्तावलाई नेगेटिभ मात्र होइन पेजेटिभ रूपमा लिएर त्यो तपाईंहरूलाई बाध्यता हुन सक्छ सरकारमा बसेर त्यो हुँदैन भनेर ताली पड्काउनु पर्छ । तर नहुने कुरा हुँदैन भन्दिन म आग्रह गर्दछु । यो प्रतिपक्ष र नेपाली काँग्रेसको संसदीय दलले निर्णय गरेर जसरी जनताको सामु साच्चै भन्दा जनताको पीडालाई अगाडि बढाएको छ । त्यो पीडालाई सरकारले

पनि बुझिदिन आग्रह गर्दै मेरो यो संकल्प प्रस्तावमाथि पूर्ण समर्थन रहेको प्रतिबद्धता जनाउँदै विदा हुन्छु धन्यवाद । जय नेपाल ।

**माननीय सदस्य श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, यो संकल्प प्रस्ताव दर्ता गरिरहँदा प्रतिपक्ष दलका एक जना विद्वान् माननीयज्यू जसलाई अहिले यहाँबाट झलझली देखिरहेको छु । तर उहाँको अहिले ठ्याक्कै नाम याद आएको छैन, उहाँले भनेको कुरा याद आइरहेको छ । माननीयज्यू यो संकल्प प्रस्ताव यो सम्मानित सदनबाट पास होस् या फेल होस् हामीलाई कुनै मतलब छैन । हामीले त राजनीतिक प्रोपोगण्डाका निम्ति हामी पनि नाच्नुपर्छ बीच बीचमा भने जस्तै हामी पनि छौं है प्रदेश सभामा भनेर चर्चा परिचर्चामा आउनका लागि यो कोभिड १९ सम्बन्धी संकल्प प्रस्ताव ल्याएका हौं । हामीलाई त आए आँप गए झटारो भने जस्तै हो भन्नुभएको थियो । सही कुरा भन्नुभएकोमा माननीयज्यूलाई हार्दिक धन्यवाद दिँदै आफ्ना कुराहरू राख्न चाहन्छु । यहाँ अघि कुरा सुनैं, बोल्नेलाई भन्दा सुन्नेलाई अप्ठ्यारो भने जस्तै यो संकल्प प्रस्ताव भनेको बेमौसमी बाजा हो । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने कुरालाई मान्यतालाई आत्मसात गरेर यो संकल्प प्रस्ताव आएको छ तसर्थ यसलाई म फिर्ता लिनका निम्ति अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, यो संकल्प प्रस्ताव गलत नियत र उद्देश्यका साथ मात्र आएको छैन, सभामुख महोदय, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको संघीय सरकार, माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ नेतृत्वको गण्डकी प्रदेश सरकार, स्थानीय सरकारहरू, जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत सरकारका सबै अंगहरूले दिनरात, भोक निद्रा तिर्खा नभनेर मात्र नभई मुलुकमा र गण्डकी प्रदेशमा र यहाँका जनतालाई कोरोनारूपी रोग र भोकबाट बचाउनका निम्ति, जोगाउनका निम्ति अहोरात्र लागिरहेको बेला यो विश्वव्यापी मानवजाति नै संकटमा परेको बेला सरकारलाई सहयोग गर्नु त कता हो कता, प्रदेश सरकारले कोभिड १९ को रोकथाम र नियन्त्रणको लागि गरेका ऐतिहासिक र महत्वपूर्ण कार्यहरू र त्यसबाट प्राप्त भएको उपलब्धिमुलक र उत्साहजनक परिणामलाई ओझेलमा पार्ने र यो असामान्य परिस्थितिमा जनतामा देखिएको सामान्य गुणस्तरलाई असन्तुष्टिमा परिणत गराएर जनतामा व्यापक

निराशा र वितृष्णा फैलाउने हिसाबले यो संकल्प प्रस्ताव ल्याइएको छ । झट्ट हेर्दा यो प्रस्ताव ठीक हो कि भने जस्तो लागे पनि यसमा बाँदर छ, यसको कुनै अर्थ र औचित्य मैले देख्दिन । यो गण्डकी प्रदेश सरकार जनताको सरकार हो । जुन सरकारको मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ नै जनतालाई रोग र भोकबाट, बाढी पहिरोबाट जोगाउन, बचाउनका निम्ति आफू अहोरात्र फिल्डमा खटिरहनु भएको छ । लागिरहुन भएको छ । सेनापति नै त्यसरी खटिइरहुन भएको छ भने रोकथाम, नियन्त्रण, उपचार र राहत वितरणका लागि भने अरु कति खटिरहनु भएको छ यहाँ भनिराख्नुपर्ने विषय होइन । माननीय सभामुख महोदय, समयको सीमितताको कारणले प्रतिपक्ष विद्वान् तीन जना माननीयहरूले संकल्प प्रस्तावमार्फत राखेका केही बुँदामा संक्षिप्त रूपमा आफ्ना धारणा राख्न चाहन्छु । विश्वमै कोभिड १९ सम्बन्धी अप्डेट तथ्यांक प्रदान गर्ने सबैभन्दा आधिकारिक ओल्टो मिटर डटकमका अनुसार सार्क राष्ट्रमै नेपाल कोरोनाको कम संक्रमणदरको मृत्युदर धेरै कोरोनाको परीक्षण गर्ने राष्ट्रहरूमा अब्बल स्थानमा रहेको छ र गण्डकी प्रदेश देशभित्रका अन्य ६ प्रदेशहरूमा अब्बल स्थानमा छ । तथ्य र तथ्यांकले भन्छ प्रति १० लाखलाई आधार मान्दा नेपालमा २४ हजार ८ सय ८८ पीसीआर टेष्ट गर्दा भारतमा १५ हजार ५ सय ३४ र पाकिस्तानमा ९ हजार २ सय ३७ को पीसीआर टेष्ट भएको पाइन्छ । यसबाट थाहा हुन्छ कि सभामुख महोदय, भारत र पाकिस्तानमा भन्दा नेपालमा पीसीआर टेष्टको अनुपात धेरै छ । विश्वमा कोरोना संक्रमणबाट मृत्यु हुने संक्रमित १०० राष्ट्रहरूमा सिंगापुरपछि नेपाल सबैभन्दा कम मृत्युदर हुने राष्ट्र हो । सिंगापुरमा ०.०५ प्रशेन्ट छ भने नेपाल जहाँ ०.०११ प्रशेन्ट मात्र छ । भारत र पाकिस्तानको त कुरै नगरौं । प्रति १० लाख जनसंख्यामा नेपालमा संक्रमण दर ७२० हुँदा भारतमा ५ हजार ९ सय ३८ र पाकिस्तानमा १२ सय छ । यस्तो बताउँदा हाम्रा छिमेकी देशहरूको तुलनामा हाम्रोमा संक्रमण कम छ, यसको सीधा अर्थ हुन्छ सभामुख महोदय, हाम्रोमा सरकारले प्रचारप्रसार, क्वारेन्टाइनको व्यवस्थापन र उपचारको बन्दोबस्त राम्रो भएको कारणले यो सम्भव भएको हो । विश्वास लाग्दैन भने मोवाइल र गुगलमा गएर माननीयज्यूहरूलाई हेर्नका निम्ति म हार्दिक अनुरोध गर्दछु । जहाँसम्म विपक्षी दलका विद्वान् माननीयज्यूहरूले गण्डकी प्रदेशभरी पीसीआर, एक घर एक पीसीआर टेष्टको व्यवस्था हुने गरी तत्कालै प्रक्रिया प्रारम्भ गर्न माग गर्नु भएको छ । यो प्रदेशलाई, राज्यलाई फजुल खर्च गराई टाट पल्टाउने र शून्यतामा

महल बनाउने जस्तो हास्यास्पद माग रहेकाले यो फिर्ता लिन माग गर्दछु । किनभने माननीयज्यूहहरूलाई थाहै होला, गण्डकी प्रदेशको कुल जनसंख्या २५ लाख रहेकोमा ५ लाख ७७ हजार ६ सय ८२ घरधुरी रहेको छ । प्रदेश सरकारले प्रकाशित गरेको आधिकारिक तथ्यांक र स्थिति पत्रमा उल्लेख छ यसको मतबल हुन्छ, संकल्प प्रस्तावको माग अनुसार टेष्ट गर्ने हो भने गण्डकी प्रदेशमा ५ लाख ७७ हजार ६ सय ८२ जनालाई पीसीआर टेष्ट गर्नुपर्ने हुन्छ । अहिले भइरहेको निःशुल्क पीसीआर टेष्टको व्यवस्थामा प्रतिव्यक्ति टेष्ट गर्नका लागि प्रदेश सरकारको कम्तिमा १२ हजार ७ सय १० रूपैयाँ लगानी भइरहेको छ । यसरी हिसाब गर्दा गण्डकी प्रदेशभरी घरधुरी अनुसार एक-एक जनाको परीक्षणण टेष्ट गर्दा सरकारको ७ अर्ब, ३२ करोड, ६५ लाख लगानी पर्न आउँछ । यो त टेष्टको कुरामात्र भयो उपकरण, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत अन्य खर्चको त कुरै छोडौं । गण्डकी प्रदेशको कुल बजेट ३४ अर्ब, ८४ करोड मात्र भएको हुँदा कुल बजेटको २१ प्रसेन्ट पीसीआर टेष्टमा मात्र लगानी गर्न सम्भव छ ? मलाई लाग्छ यो सम्भव छैन । यो सम्भव छैन भन्ने थाहा हुँदाहुँदै पनि प्रस्तावक माननीयज्यूहरूले क्रेडिटको निम्ति, मास कम्जनसनको निम्ति र सस्तो लोकप्रियताका निम्ति यो प्रस्ताव दर्ता गराएकोमा अब कुनै शंका छैन । यो नाराको निम्ति नारा र फजुल खर्च मात्र हो । एकछिनलाई मानी लिऊ प्रदेश सरकारले यो गर्ने भयो । यसले कुनै प्रतिफल दिन्छ ? दिँदैन किनभने यसो गर्दा गर्नुपर्नेले पीसीआर टेष्ट गर्न नपाउने र नगर्नुपर्नेले पीसीआर टेष्ट गर्ने हुनाले राज्यको सुविधाको दुरूपयोग हुने देखिन्छ । एक घर एक पीसीआर टेष्ट गर्दा कोरोना संक्रमणको यथार्थस्थिति देखिन्छ भन्ने विश्वसनीय आधार पनि देखिन्न । किनकि एकाघरमा पनि जसको गर्नुपर्ने हो त्यसको नगरिने र जसको गर्न आवश्यक छैन त्यसको गरिने, कसको गर्ने नगर्ने भन्ने कुरामा घर-घरमा हानथाप भई घरझगडा मच्चिने र सामाजिक विद्वेष मच्चिने खतरा झन् यो प्रस्तावले बढाउने देखिन्छ । त्यसैले एक घर एक पीसीआर टेष्टको सट्टा डब्लुएचओ र संघीय सरकारले अहिले बनाएको पीसीआर टेष्टको प्रोटोकललाई कार्यान्वयन गर्नु नै प्रभावकारी देखिन्छ । जुन अहिले प्रदेशको सरकारले गरिरहेको छ । अर्थात् कुरा विदेशबाट आएका, क्वारेन्टाइनमा बसेकाहरूको पीसीआर टेष्ट गरिनुपर्छ, उनीहरूमा पोजेटिभ देखिएमा उनीहरूको सम्पर्कमा आएकालाई कन्ट्र्याक ट्रेसिङका आधारमा प्राइमरी र सेकेन्डरीमा परेका शंकास्पद सम्भावित व्यक्तिहरूलाई मात्र अनिवार्य पीसीआर

टेष्टको व्यवस्था मिलाउँदा राज्यको अभिभावकीय भूमिका पनि देखिने र पीसीआर टेष्टको सुविधा पनि पाउने र फजुल खर्च पनि यही प्रोटोकलको निरन्तरता ठीक छ । जुन अहिले प्रदेश सरकारले गरेको छ । समयको पावन्दीले अन्तिममा एउटा स्वस्थानीको कथा भन्न गइरहेको छु । नारनजी स्वस्थानीको व्रतकथा निरन्तर सुनाइरहनु भएको छ । यो अगस्थायनी स्वरूपाय गण्डकी प्रदेश खण्डका सभामुनीहरू आखिरी कोरोनाको वितण्डा मञ्चाउला र अब चिच्याई-चिच्याई सरकारको विरोध गरौंला भनेको त नेपाल विश्वमा सबैभन्दा कम संक्रमण हुने सिंगापुरपछि दोस्रोमा पर्छ । गण्डकी प्रदेश त कोरोनाबाट सबैभन्दा सुरक्षित देशभरीका प्रदेशहरूको सर्वोत्कृष्ट प्रदेश पर्छ । त्यसबाट आश्चर्यचकित भएको छु । यसबाट कालकुट विषपान गरेका महादेव जसले मगराञ्चल प्रवेशको खोजीमा लाभ, भ्रम र झुटको खेती गर्दै आफ्नो कर्मलाई निरन्तर जारी राखौंला । यो कथालाई प्रसंग अनुसार आगामी दिनमा भन्दै जाउला अहिले विदा हुँला इती श्री कोरोना पुराणे कोभिड १९ खण्डे श्रावण महात्मे संकल्प संवादे कोरोना भाइरस कथा समाप्ते धन्यवाद, नमस्कार ।

**माननीय सदस्य श्री मनकुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश नेपाली काँग्रेस प्रमखु प्रतिपक्ष दलले २०७७ असार २३ गते दर्ता गरेको संकल्प प्रस्तावको विषयमा हामी यो सदनमा छलफलको क्रममा छौं र प्रमुख प्रस्तावक कुमार खड्काज्यूले डाटाबेस सबै पेश गरेर जुन कुराहरू राख्नु भयो त्यस विषयमा म १०० प्रशेन्ट सहमत हुँदै मेरा केही भनाइहरू अगाडि राख्न चाहन्छु । र अहिले यो मुलुक कोरोना भाइरसबाट आक्रान्त भइरहेको बेलामा नेपाली काँग्रेसले यो सरकारलाई आफ्नो जनताको निम्ति यो सरकार निदाइरहेको बेलामा उठाउँदै गर्दा सरकारले नेपाली काँग्रेसले एकदमै राम्रो कुरा उठाएको छ भनेर आत्मसात गरेर गर्व गरेर यो संकल्प प्रस्तावलाई अगाडि बढाएर लैजान्छ भन्ने हामीले सोचेका थियौं तर त्यस्तो भएन यहाँ हरेक सत्ता पक्षका माननीयज्यूहरूले भन्नुभयो कि, यो संकल्प प्रस्ताव बेमौसमी बाजा भयो । यो एकदम ठीक छैन । यो मुद्दालाई हाम्रो साझा बनाएर लान सकेनौं हाम्रो असहमति छ भनेर भन्नुभयो । तर नेपाली काँग्रेसले जनताको मुद्दा उठाउँदै गर्दा एक घर एक पीसीआर गर्नुपर्छ भन्दै गर्दा के यो आपत्ति जनक थियो र ? अनि पीसीआर टेष्ट गर्न यदि त्यो नभए हरेक जिल्लामा ११ वटा

पीसीआर मेसिन चाहिन्छ भन्ने त्यो जनताको मुद्दा उठाउनु त्यो बेठीक थियो र ? अनि नेपाली काँग्रेसले यो विषयमा, जनताको मुद्दाको विषयमा बार्केनिङ्ग गर्नुपर्ने ? यसमा अझै बार्केनिङ्ग गर्दै गर्दा त्यो नै हो ६ वटा सरकार मान्नेवालै भएन । हैन त्यो नभए ३ वटा भन्दा पनि सरकार मान्नेवाला भएन । के यो जनताको विषयमा जनताको मुद्दालाई हामीले बार्केनिङ्ग गर्नुपर्ने अवस्था हो र । यो गण्डकी प्रदेश सरकारले नेपाली काँग्रेस जस्तो एकदमै सहयोग गर्ने प्रतिपक्ष पाएको कुरामा गर्व गर्नुपर्थ्यो थियो । तर यहाँ किन हरेक जनताको मुद्दामा किन राजनीतिक चस्मा लगाएर पढ्ने गरियो ? यो मेरो सरकारलाई कोइसन छ । किन होला हामी यहाँ जनताको सामु कसम खाएर यो सदनमा हामीले जनताको विषयमा छलफल गर्दै आएको साँढे २० वर्ष भइसक्यो । ल विकास निर्माणको कुरा होला, अन्य कुरामा नेपाली काँग्रेसले उठाएको कुरा राजनीतिक भयो । भोलि नेपाली काँग्रेसले जनतालाई एकलौटी गर्छ भन्ने तपाईंहरूको विचारमा एउटा त्यस्तो विचार आयो ठीक छ । तर अहिलेको यो समय भनेको जनता बचाउने अभियानमा लाग्नुपर्ने हो । यो जनता बचाउने अभियानमा नेपाली काँग्रेसले ल्याएको जुन संकल्प प्रस्तावमा किन यहाँ बोर्गेनिङ्ग गर्नुपर्ने ? किन तपाईंहरूले हरेक कुरामा असहमति गर्नुपर्ने ? यस्तो त थिएन । यस विषयले कसलाई घाटा हुन्छ । त्यो त अवश्य पनि अहिलेको जनता पट्टी बाँधेर बसेको जनता त होइन होला । हामीले जनताको घरदैलोमा जाँदै गर्दा बोलेको बचन, प्रतिबद्धता गरेको सबै कुराहरू सरकारको चियरमा बस्दै गर्दा बिर्सने कुरालाई बिर्सिरहेको कुरालाई हामी प्रतिपक्षले सम्झाउँदै गर्दा पनि तपाईंहरूले नेपाली काँग्रेसले ल्याएको जुन यो मुद्दाहरू ओझेलमा पार्न खोज्नु र यो कुरा एकदम ठीक होइन, बेमौसमी बाजा हो भन्ने, यो एक घर, एक पीसीआर अवैज्ञानिक भन्ने मन्त्रीज्यूबाटै भन्नु भएको कुरा त्यो आत्मसात गर्नुहोस् । यो कत्तिको ठीक कुरा हो ? नेपाली काँग्रेसले उठाएको कुराहरू कत्तिको जायज हो भन्ने कुरा सबै माननीयज्यूहरूलाई राख्न चाहन्छु । सरकारको कुर्चीमा बस्ने व्यक्तिहरू अन्धो भए पनि हाम्रो सदनको माननीयज्यूहरू जनताको मुद्दामा आँखाचिम्म गरेर जुन घुम्ने मेचमाथिको अन्धो मान्छे जस्तो बन्नु हुन्थेन । सरकारलाई तपाईंहरूले पनि घच्घचाउनु पर्ने तपाईंहरूको पनि दायित्व हो । तपाईहरुले भनिरहँदा खेरि हामी जनतको मुद्दामा एकदमै संवेदनशील छौं, हामी जनताप्रति उत्तरदायी छौं भन्दै गर्ने तर जनताको मुद्दा जनतालाई आवश्यक मुद्दा काँग्रेसले अगाडि सार्दै गर्दा तपाईंहरू हामी असहमति छौं भन्ने । अहिलेको सरकार

साधारण बहुमत मात्र होइन, दुई तिहाइ बहुमतको सरकार छ । तपाईंहरूलाई हरेक विकास निर्माणको कामदेखि लिएर हरेक खालका काम गर्नलाई तपाईंहरूललाई एकदम सजिलो छ । त्यो दुई तिहाइको दम्भले कसैलाई रोकेको छैन, तर हामीले तपाईंहरूले गरेको हरेक क्रियाकलापलाई नियाल्दै गर्दा खेरी यो प्रतिपक्षको धर्म हो । यो प्रतिपक्षको धर्म निभाउन मात्र गरेको हो भनेर यो मुद्दालाई हलुका पार्नुभयो भने जनताले धिक्कार्ने छन् । म सबै माननीयज्यूहरूलाई भन्छु । त्यसैकारणले यो नेपाली काँग्रेसले ल्याएको डेढ लाख होइन, यदि सबै एक घर, एक पीसीआर नगरेर एक लाखमात्र गर्नुहोस् न भन्दा पनि किन पछाडि हट्नु पऱ्यो यो सरकार ? यही कारणले सबै माननीयज्यूहरू एक हुनुहोस्, जनताको विषयमा, जनता बचाउने विषयमा सबै सत्तापक्ष माननीयहरूलाई म भन्न चाहन्छु यसमा नहुनुहोस् तर्पाइंहरूलाई केहीले पनि छेकेको छैन । हामीसँग २ तिहाइ बहुमतले पास गर्छौं भन्ने दम्ब अगाडि नबढाउनुहोस् भन्दै यो संकल्प प्रस्तावको पक्षमा विचार राख्दै विदा हुन्छु हवस् धन्यवाद । जय नेपाल ।

**माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, गण्डकी प्रदेश सभामा प्रस्तुत भएका धेरै प्रस्तावहरूमध्ये यो संकल्प प्रस्ताव ऐतिहासिक प्रस्तावका हिसाबले आएको छ । किनभने यो प्रदेश सभा पहिलो, यसमा पहिलो संकल्प प्रस्ताव आएको छ । यो पहिलो संकल्प प्रस्तावमा छलफलमा आफ्ना विचार राख्न पनि उपस्थित भएको छु । हामी जुन लोकतान्त्रिक अभ्यास गरिरहेका छौं, उदार लोकतन्त्रको । उदार लोकतन्त्रको जुन अभ्यासमा छौं । यो लोकतन्त्रले जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाएको छ । जनताको सार्वभौमसत्ताको प्रतिनिधित्व संसदका सदस्यहरूले गर्नुहुन्छ अथार्त यो संसद सार्वभौमसत्ता सम्पन्न संसदको प्रतिनिधित्व गर्दछ । यहाँ हुने सांसदीय गतिविधि यो यहाँका सांसदीय दलहरूका दृष्टिकोणहरू, भूमिकाहरू, यहाँ व्यक्ति गरिएका विचारहरूले जनताको विचारको प्रतिनिधित्व गर्दछन् । जनताको भावनाको प्रतिनिधित्व गर्दछन् । जनताकै शासनका हिसाबले जनताले आफ्ना प्रतिनिधिका माध्यमबाट सरकार सञ्चालन गरिरहेको र सरकार काम कारवाहीहरूलाई संसद्मार्फत् जनतातर्फ जनउत्तरदायी बनाउने भूमिका पनि संसदको हो भन्नेमान्यता राख्दछु । यसकारणले यहाँ बोलिएका र भनिएका हाम्रा सबै क्रियाकलापहरू यस अघि पनि मैले भनेको छु । प्रत्येक पटक हामीले हाम्रो

जवफादेहिता लिनुपर्छ । एउटा इस्सुमा बोलिरहँदा एउटा कुरा र अर्कोमा बोल्दा अर्को कुरा गर्न थालियो भने हाम्रा प्रतिबद्धतामहरूमा प्रश्नहरू उठ्छन् भन्ने कुरा मैले प्रष्ट गर्न चाहन्छु । संसदीय इतिहासमा, संसदको अभ्यासमा, नेपालको राजनीतिमा पहिलो संसद् २०१६ सालको संसद हो । जसको जुन संसदको नेतृत्व नेपाली काँग्रेसका तत्कालीन सभापति हुनुभो प्रधानमन्त्री पनि हुनुभो श्रद्धेय कृष्णप्रसाद भटट्राईले गर्नुभएको थियो । त्यो सरकारको नेतृत्व विश्वेश्वरप्रसाद कोइरालाले गर्नु भएको थियो । त्यो संसद्मा ३१ वटा संकल्प संकल्प प्रस्तावहरू दर्ता भएका थिए । तीमध्ये १६ वटा फिर्ता भएका थिए । १३ वटा स्वीकृत भएका थिए र २ वटा अस्वीकृत भएका थिए । मैले यहाँनेर किन यो प्रसङ्ग उठाइरहेको छु भने त्यतिबेला त्यो ससंदमा त्यतिबेला जम्मा ४ जना कम्युनिष्ट पार्टीका सांसदहरूको सहभागिता थियो । अहिलेको काँग्रेसले जस्तै आफूलाई हतोत्साही ठानेका भए, अहिलेको काँग्रेसले जस्तै आफूलाई कमजोर ठानेका भए सम्भवतया यतिबेला कम्प्युनिष्टहरू दुई तिहाइ बहुमतका साथ शासन गर्ने ठाँममा हुने थिएनन् । यसैले खराब नियतका साथ असल प्रस्ताव राखियो भने त्यसले एउटा राजनीतिक दुर्घतना निम्त्याउने गर्दछ । सरकार जनताप्रति प्रतिबद्ध छ । जनताको हितमा क्रियाशील छ । सरकारले गरिहेका कामका आधारमा गण्डकी प्रदेश सरकारले जे-जे काम गरिरहेको छ त्यसका आधारमा कोरोनाको महामारीबाट आज सुरक्षित छौं । योबाट मुक्त भयौं भने ठाउँमा छैनौं, सुरक्षित छौं । यो सम्म काम गरेकोमा प्रदेश सरकारलाई धन्यवाद दिनुपथ्यो र सरकारले राम्रो काम गऱ्यो भन्नुपर्ने थियो । चैत्रबाट आरम्भ गरेको आइसोलेन र क्वारेन्टाइन निर्माणको कुरा यतिबेला डब्लुएचओको मान्यताअनुसार भएन भनेर देख्नका निमित्त यति धेरै समय तपाईंका लागि किन खर्च गर्नुपर्ने ? त्यतिबेला यो विषयमा तपाई छलफल किन गर्न नसक्ने ? यतिबेला पनि हामी संसदमै थियौं । यतिबेला हामी संसदको छलफलमै थियौं । त्यतिबेला यी प्रश्नहरू उठेनन्, यी विषयहरू आएनन् । यो मात्रै राजनीतिक खबरका लागि सार्वजनिक खबरका लागि अभिव्यक्त गरिएको हो भने फरक कुरा हो होइन जनताका प्रतिबद्धताका लागि हो, देशका निमित्त हो, समाजका निमित्त हो, राष्ट्रका निमित्त हो भने यस्ता खालका सार्वजनिक खबरका लागि दिइने अभिव्यक्तिहरूले संसदको गरिमा बलियो हुँदैन । संसद बलियो बन्दैन, संसदहरूको भूमिकालाई बलियो रूपमा स्वीकारिने व्यवस्था बन्दैन ।

एउटा सांसद रोष्टममा उभिएर बोल्दा एउटा कुरा, त्यही सांसद शव व्यवस्थापन गर्न नदिने जुलुसको नेतृत्व गर्ने अर्को कुरा, दोहोरो चरित्र निर्वाह गर्न मिल्छ एउटा सांसदले ? एउटा संसद सदस्यको भूमिका यस्तो हुन्छ र ? एउटा जनप्रतिनिधिको भूमिका यस्तो हुन्छ र ? उसले त आफ्नो जवाफदेहिता रोष्टमा उभिएपछि जनताका पक्षमा उभिने कुरा जनताका बीचमा गएर त्यो कुरा भन्न सक्नुपर्दछ । जनताका बीचमा ती कुरा राख्नुपर्दछ । मरेपछि पनि खाल्टो खनेर पुरिन नपाउनु जस्ता नारा जुलुस गर्ने एउटा संसदले जनताबीच आफैलाई लज्जित महसुस, हरेक संसदलाई लज्जित महसुस किन गराएको होला भन्ने विषयमा पो छलफल हुनुपर्थ्यो ? त्यो विषयमा पो हामी केन्द्रित हुनुपर्थ्यो होला । हाम्रा भूमिकाहरूमा, हाम्रा आचारसंहिताहरूमा, हाम्रा विधिहरूमा, हाम्रा व्यवहारहरूमा हामीले ती कामहरू गर्न सकेनौं त्यसकारण अझै पनि समय छ संकल्प प्रस्ताव त म फेरि पनि के आग्रह गर्न चाहन्छु संकल्प प्रस्ताव त हामी सांसदहरूका विधि, आचारण, व्यवहारहरूलाई कस्तो बनाउने भनेर सबभन्दा पहिला हामीले शुरुवात गर्नुपर्दछ । हाम्रा गतिविधिहरू कहाँनेर केन्द्रित छन् भन्ने कुरालाई सुरुवात गर्नुपर्दछ । त्यसपछि जब हामी स्पष्ट हुन्छौं जनताको बीचमा क्लियर हुन्छौं त्यसपछि त हामीले औला ठड्याउनु पर्दछ, बल्ल हामीले आफ्ना कुरा गर्नुपर्दछ भन्ने ठान्दछु । यसकारणले यी सबै विषयहरू जनतालाई सार्वजनिक खबरका निमित्त, सार्वजनिक प्रशारण गर्नका निमित्त, फेसबुकहरूमा, युट्युब लाइक प्राप्त गर्नका लागि गरिएका हुन भने मेरो भन्नु केही पनि छैन, होइन जनताप्रति प्रतिबद्ध भएर गरिएको हो । जनताप्रतिको प्रतिबद्धतामा आइएको हो भने फेरि पनि हामी सरकारलाई थप जिम्मेवार बनाउन, संसदलाई बलियो बनाउन चाहेको हो भने, प्रस्तावक माननीय सदस्यहरूलाई मेरो आग्रह छ तपाईंको प्रस्ताव फिर्ता लिनुहोस् । तपाईंले आफ्नो प्रस्ताव फिर्ता लिएर नै तपाईंले यो प्रस्तावमा विजय प्राप्त गर्नुहुन्छ । प्रस्ताव फिर्ता लिएर तपाईंले एकीकृत रूपमा यहाँका संसाद जनप्रतिनिधिहरूको भूमिका, उनीहरूको दायित्व, उनीहरूका क्रियाकलाप र उनीहरूले गर्ने विधि व्यवहारलाई सबभन्दा पहिला कोडअफ कन्डन्ट शुरुवात गरौं त्यसपछि अरु विषयहरूमा संकल्प प्रस्ताव राख्दै, छलफल गर्दै जान सकिन्छ भन्ने कुरा यहाँहरूलाई यो संसदमार्फत् आग्रह गर्न चाहन्छु । संख्या जित र हारको विषय होइन, कुरा के हो भने नियत कहाँनिरबाट आएको छ भन्ने कुरा खोजी गर्नुपर्ने छ । आज पीसीआर मेसिनको यतिधेरै बजारीकरण गर्नुपर्ने चर्को दायित्वमा जिम्मेवारीमा प्रतिपक्ष माननीयहरू

कसरी पुग्नुभयो भन्ने प्रश्नले मलाई बारम्बार डसिरहेको छ । पीसीआर मेसिन किन्यौं हिजो हामीसँग थिएन । जम्मा हिजो २ जना प्राविधिक जनशक्तिबाट शुरु भएको पीसीआर चेक आज हामीले दर्जनौं प्राविधिकको विकास गरिरहेका छौं र यसको फेस गर्ने ठाउँमा पुगिरहेका छौं भने यसमा निरन्तर विकास गरौं, लगानी गरौं, सरकारलाई सक्षम गराउने कुरामा हामीले आफ्नो भूमिका बढाउनु पर्छ, सुझाव दिनुपर्छ यो संसदमार्फत गण्डकी प्रदेश सरकारलाई फेरि पनि यो रोष्टममा उभिएर हार्दिक धन्यवाद दिन चाहन्छु । सरकार जनताप्रति जिम्मेवार भएकाले, उत्तरदायी भएकाले कोरोना फैलिन नदिने जे जति काम गरिरहेको छ, यसमा अझै बढोत्तरी गर्दै जानेछ भन्ने विश्वार व्यक्त गर्दै मैले यो संकल्प प्रस्तावलाई फिर्ता लिन आग्रह गर्दछु । संकल्प प्रस्तावको विपक्षमा भएको आफ्नो धारणा व्यक्त गर्दै बिदा हुन्छु, धन्यवाद ।

**माननीय सदस्य श्री ललीतकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुख महोदय, आज हामी जुन दर्ता भएको संकल्प प्रस्तावको बारेमा छलफलको क्रममा छौं । यहाँ मलाई यहाँ बसेर सुनिरहँदा आज यो ठाउँ वादविवाद प्रतियोगिता जस्तो लागिरहेको छ । आज विश्व अनि हाम्रो देशको यो गण्डकी प्रद्रेश कोरोनाको संक्रमणले ग्रसित छ । हामी जनताको आवाज राख्ने ठाउँ, हामी जनताको आवाज बोल्ने ठाउँमा आज हामी दलीय हिसाबले वादविवाद गरिरहेको मैले महसुस गरेको छु । सभामुख महोदय म प्रतिपक्ष दलको माननीयको हिसाबले बोल्दै गर्दा आज गण्डकी प्रदेशमा कम संक्रमति छन्, थोरै जनाको मात्रै मृत्यु भएको छ, यसरी बोल्ने जुन बोलाई, अरु जुन कुरा आएका छन् त्यो अल्ली सान्दर्भिक भएन कि भन्ने मलाई लाग्छ । किनभने गुणात्मक रूपमा जुन संक्रमणको संख्या बढेको छ । यसले हाम्रो गण्डकी प्रदेशमा पनि संख्या बढाइरहेको छ । पछिल्लो सातामा यो हिसाबले हेर्दा पछिल्लो सातामा संक्रमणको संख्या ह्वात्त बढेको छ भने जिल्ला-जिल्लामा व्यवस्था गरिएको क्वारेन्टाइनमा सीट भन्दा बढी बिरामीहरू क्वारेन्टाइनमा राखिएका छन् । पीसीआर टेष्टको संख्या जति हामीले जुन माग गरिएको थियो त्यो अनुसार हुन सकेको छैन । आज गण्डकी प्रदेशको हस्पिटल कोरोना उपचार गर्न तोकिएको हस्पिटल गण्डकी हस्पिटलमा जुन क्षमता भन्दा बढी बिरामी क्वारेन्टाइनमा बिरामी छन् र अझ संक्रमित पनि त्यहाँ बढिरहेको छ । अन्य हस्पिटलमा हामीले जुन व्यवस्था गर्नुपर्ने थियो त्यो पनि

भएको छैन । र अहिले हाम्रो संकल्प प्रस्ताव यो त बेमौसमी बाजा त होइन, भर्खरै मैले के सुन्दैछु यो समयमा आउनुपर्ने थियो, प्रतिपक्षले सरकारलाई सहयोग त गरेको थियो नि किनभने यो बेलामा महामारीको बेलामा, यो अप्ठ्यारो बेलामा हामी मिलेर जानुपर्छ र सरकारलाई हामीले सहयोग गर्नुपर्छ भनेर हामी साथमा थियौं । तर जनताका आवाज कल्ले बोलिदिने ? प्रतिपक्ष भनेको जनताको आवाज बोल्ने दल हो र यो ठाउँ भनेको जनताको आवाज बोल्ने ठाउँ हो । हामी यहाँ नबोले कहाँ बोल्ने ? र प्रतिपक्ष बोल्न बाध्य गरायो सरकारले र त्यो मनोनयन गर्ने कि नगर्ने र आज यहाँ वादविवाद गर्ने ठाउँ बनाइने कि आज यसलाई सहमतिका साथ यसलाई हल गरेर लैजानुपर्छ भन्ने सरकारले बुझ्ने कि नबुझ्ने ? अब जनताको पीडा, मर्का एकातिर छ, हामी यहाँ तछाडमछाड गरेर वादविवाद गर्ने होइन र जुन संकल्प प्रस्ताव छ त्यस संकल्प प्रस्ताव समयमा आएको छ । यसलाई हामीले सहमतिका साथ लैजानुपर्छ । के जनता बाँच्न नपाउने ? बाँच्न पाउने अधिकार जनताको हो कि होइन ? खान पाउने अधिकार जनताको हो कि होइन ? पहिलो अधिकार भनेको जनताको बाँच्न पाउने हो । त्यसलाई सुरक्षित बनाउने कि नबनाउने ? यसको दायित्व कसको ? सरकारको हो कि होइन ? यसको जिम्मा सरकारले लिने कि नलिने ? र यसलाई प्रतिपक्षले राजनीति गर्ने थलो बनायो भनेर उल्टो पाराले लैजाँदा सरकारको साँख कुन दिशातिर जान्छ भन्ने कुरा हामीले मनन गर्ने कि नगर्ने ? यी कुराहरूलाई राख्दै म जुन संकल्प प्रस्तावको बारेमा मेरो धारणा रहेको र संकल्प प्रस्ताव प्रतिपक्षको मात्र नभएर गण्डकी प्रदेशको हितको लागि भएको भन्दै जुन संकल्प प्रस्तावलाई पारित गरियोस् भन्दै मेरो आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद जय नेपाल !

**माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुखज्यू, आज हामी यो गरिमामय सदनमा प्रमुख प्रतिपक्षीदलको तर्फबाट प्रस्तुत संकल्प प्रस्तावमाथि आफ्नो विचार र धारणाहरू प्रस्तुत गर्न गइरहेका छौं । यस सन्दर्भमा मैले धेरै विषयवस्तु राख्ने छैन । फेरि पनि नियमावलीको जगमा संकल्प प्रस्ताव प्रस्तुत गर्ने अधिकारलाई प्रयोग गरेर जुन संकल्प प्रस्ताव ल्याउनु भएको छ, योप्रति मेरो धेरै टिप्पणी छैन । तर गण्डकी

प्रदेशको सदनमा प्रस्तुत पहिलो संकल्प प्रस्ताव माननीय सांसदज्यूहरूलाई यो गण्डकी प्रदेशको गणितको बारेमा र लामो समयदेखि जुन विषयमा छलफल गरिरहेका छौं, कोभिन १९ का बारेमा, यसले विश्वमा परेका प्रभावका बारेमा, हाम्रा अर्थतन्त्रलाई यसले सिर्जित गरेका समस्याहरूका बारेमा यही रोष्टममा धेरै पटक आफ्ना विचारहरू राखेका छौँ । आफ्ना भनाइहरू राखेका छौं । कम्तिमा संकल्प प्रस्ताव जस्तो प्रस्ताव संसदमा दर्ज हुनुभन्दा पहिला उहाँहरू सोझो बाटोबाट आउन खोज्नु भएको भए, असल नियतका साथ आउन खोजिएको भए साँच्चै यो प्रदेश सभामा संकल्प प्रस्ताव पास गर्ने उद्देश्यले आउन खोजेको भए संसदमा रहेका राजनीतिक दलहरू यसमा पनि प्रमुख सत्ता राजनीतिक दलसँग वार्तासम्वत ढंगले सहमतिको जगमा यो संकल्प प्रस्ताव आउन पर्थ्यो । दोस्रो कुरा उहाँहरूले संकल्प प्रस्तावका चारवटा बुँदा त्यसमा पनि अत्यन्तै घनिभूत उठाएको विषय, एक घर, एक पीसीआर भनिएको छ । डब्लुएचओको मान्यताका आधारमा हाम्रो भूपरिवेशका आधारमा, हाम्रो आर्थिक अवस्थाका आधारमा यो कति वैज्ञानिक छ ? कति प्राविधिक छ ? हाम्रो अर्थतन्त्रले कति हदसम्म उहाँहरूको यो मागलाई सम्बोधन गर्न सम्भव छ ? एकचोटी प्रतिपक्षदलका साथीहरूले जिम्मेवार भएर सोच्नुपर्थ्यो । वास्तवमा संकल्प प्रस्ताव ल्याउनका निम्ति, संकल्प प्रस्ताव एउटा राजीनीतिक मसलका निम्ति, संकल्प प्रस्ताव एउटा प्रतिपक्षको औचित्यता पुष्टि गर्ने प्रयत्नका निम्ति ल्याइएको हो भने मलाई लाग्छ, यसले गण्डकी प्रदेशसभाको गरिमालाई बढाउने होइन, यसले घटाउने काम गर्छ । यसकारण न यो विज्ञान सम्मत् छ, न यो प्रस्ताव कुनै सहमति र सहकार्यका साथ पास गर्ने उद्देश्यका साथ प्रस्तुत भएको छ । जसका कारणले सर्वप्रथम यो संकल्प प्रस्ताव माथि म र मेरोदलकोतर्फबाट असहमति जाहेर गर्न चाहन्छु । मैले धेरै विषयान्तर गर्न चाहन्न । हामी ३ तहको सरकारको अभ्यासमा छौं । मलाई लाग्छ तीनै तहको सरकार कोभिड १९ को संक्रमण रोकथाामका निम्ति प्रयत्नशील छन् । गण्डकी प्रदेश सरकार, खुला ढंगले भन्नुपर्दा चाहे क्वारेनटाइन व्यवस्थापनदेखि डेडिकेटेट हस्पिटल निर्माणसम्मको सबै क्रमलाई हेर्दा जहाँ आइसोलेसन बेडको सन्दर्भ होस्, चाहे स्वाब परीक्षणको सन्दर्भ होस्, चाहे अनुगमनको सन्दर्भ होस्, चाहे स्वास्थ्यकर्मी र डक्टरहरूको मनोवल वृद्धि गर्ने सन्दर्भ होस् एक चोटी हेक्का राखौं त कुनै दिन दुई जनासम्मको स्वाव परीक्षण गर्न नसक्ने गण्डकी प्रदेश सरकार आज हामी कहाँ छौं ? २ जना प्राविधिकबाट शुरु गरेको परीक्षण आज २८ जना

हामी कहाँ पुग्या छौं ? यो सबै कुरालाई आज वास्तवमा हामी ११ वटा जिल्लामा सबै जिल्ला अस्पतालमा आइसियु निर्माणको तयारीमा छौं । सबै हस्पिटलमा हामी यही कोरोनालाई आधार बनाएर सुविधा सम्पन्न गाडीको व्यवस्था गरेका छौँ । गोरखा र बागलुङ जस्ता जिल्लामा आइसियु बनेका छन् । लिफ्ट बनेका छन् थुप्रै । मैले भर्खरै सुने वास्तवमा आइसोलेनमा हामी अहिले जुन आइसोलेनमा राख्न सक्ने हामीसँग संख्या छ अहिले २०० को हाराहारी भित्रै हुनुहुन्छ । क्वारेन्टान पनि हामीले तयार गरेका क्वारेन्टाइन अहिले पनि प्रयाप्त मात्रमै छन् । कुनै दिन एउटा स्वाव रिजल्ट पाउन ८ दिन देखि १५ दिन लाग्थ्यो, आज २४ घण्टा पनि कुर्नु नपर्ने स्थिति छ । आज हामी २४ घण्टा भित्र परीक्षणको रिजल्ट जनतालाई पस्कन सक्ने ठाउँमा छौँ । यसले के देखाउँछ भने चाहे भेन्टिलेटर निर्माणको सन्दर्भ होस्, चाहे पीसीआर मेसिन थप्ने कुरा होस्, चाहे हस्पिटललाई स्तरोन्नति गर्ने कुरा होस् यो सबै कुरामा गण्डकी प्रदेश सरकार अत्यन्तै जिम्मेवारीका साथ जनताको पक्षमा, अत्यन्तै अब्बल हिसाबले प्रस्तुत भएको छ । यसका निम्ति म सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यति मात्र पर्याप्त हो त ? यसले मात्र सम्भव छ त ? नहुन सक्छ, यो कोभिड १९ को जुन संक्रमण विश्वव्यापी रूपमा हामी देखिरहेका छौं । मैले तथ्याङ्क पस्किन पर्दैन । हाम्रा छिमेकी देशहरू भारतको हेर्‍यौ, श्रीलंका हेर्‍यौं, पाकिस्तान हेर्‍यौं, बंगलादेश हेर्‍यौं  अनि नेपाल हेर्‍यौं । त्यसमा पनि हामी वास्तवमा झण्डै ५० कुनै देशको तुलनामा त ८० गुणा माथि हामीले परीक्षण सफल परीक्षण गरेका छौं । नियन्त्रणको हिसाबले पनि सरकार अत्यन्तै जिम्मेवार भएको कारणले आज ४ जनाले मृत्युवरण गर्नु भएको छ । म दुःख व्यक्त गर्न चाहन्छु, श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । फेरि पनि मलाई लाग्छ  तीनै तहका सरकारको अत्यन्तै महेनतका बाबजुद । हामीलाई थाहा छ, हाम्रो छिमेकी मुलुकले हामीलाई हाम्रो संक्रमण बढिरहेको बेला जुन हर्कत देखायो त्यो सारा हर्कतले हामीलाई वास्तवमा हामीले क्वारेन्टाइन म्यानेज गर्न नसक्ने गरी इन्डियाबाट र विदेशबाट नेपाली युवाहरू फर्किने क्रम रह्यो । यस्तो संकटको बीचमा पनि स्थानीय तह, प्रदेश र केन्द्र सरकारको संयोजन भित्र हामीले त्यो संकट मोचन गरिसकेका छौं । फेरि पनि हामी ढुक्क हुने, फेरि पनि अब हामी कोरोनाको यो महामारी संकटबाट मुक्त भयौं भन्ने स्थिति छैन । तर सरकारले जुन जिरोबाट प्रयत्न गरेर आज जहाँसम्म आएका छौं यो अत्यन्तै सुखद र अत्यन्तै प्रशंसा योग्य काम गरेको छ । यो मानेमा पनि मलाई लाग्छ प्रस्तुतकर्ता साथीहरू

जिम्मेवार बन्नुपर्छ कि मेरो प्रश्न मात्रै छ । अर्को कुरा यहाँ संकल्प प्रस्ताव प्रस्तुत गरिरहँदा म सबै साथीहरूलाई जिम्मेवार हुन आग्रह गर्न चाहन्छु । म धेरै इतिहास कोट्याउन चाहन्न । हामीले हाम्रो हस्पिटलहरू, हाम्रा स्वास्थ्य केन्द्रहरू हामी नीजिकरण र उद्धारीकरणका नाममा कहाँ पुऱ्याएका थियौं । हाम्रा हस्पिटलहरू कहाँ थिए ? जिम्मेवार को-को छौं एकचोटी मैले सबै साथीहरूलाई छातीमा हात पारेर सोच्नका लागि आग्रह गर्छु । कम्तीमा कोभिड १९ राज्यले स्वास्थ्य क्षेत्रको जिम्मा लिनुपर्ने कुरा स्थापित गरेको छ धन्यवाद ।

**माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, नेपाली काँग्रेस संसदीय दलको निर्णय अनुसार गण्डकी प्रदेश सभामा संकल्प प्रस्ताव जुन जनताको हित निम्ति र जनताको जीवन रक्षाका लागि नेपाली काँग्रेसले संकल्प प्रस्ताव पेश गरेको छ र त्यो संकल्प प्रस्तावका प्रस्तावक माननीय कुमार खड्काज्यूले राखिसक्नु भएको डाटाबेसमा मेरो र मेरो दलको समर्थन छ । यही विषयलाई लिएर मैले केही कुरा राख्ने अनुमति चाहन्छु । सभामुख महोदय, वास्तवमै भन्दा यहाँ मलाई अचम्म के लाग्यो भने म त्यहाँ बसेर सुनिरहँदा शुरुदेखि मेरो पालो आउनेबेलासम्म सुनिरहँदा विद्वान् माननीयज्यूहरूले भनिन्छ नि मुटुमाथि ढुंगा राखी हास्नु पऱ्या छ भनेझैं । वास्तवमै नेपाली काँग्रेसले ल्याएको यो संकल्प प्रस्ताव उचित थियो तर हामीसँग सल्लाह गरिएन र पहिल्यै नेपाली काँग्रेसले ल्यायो त्यसैले नेपाली काँग्रेसको पक्षमा नेपाली जनता लाग्छन् र जनपक्षीय लहर लाग्छ भनेर चिन्ता व्यक्त गरेको हो कि भन्ने मैले कसैबाट सुनें । र किनभने वास्तवमा हामीसँग सल्लाह गरेको भए त हुन्थ्यो नि भनेको पाएँ । नेपाली काँग्रेसले पटक-पटक संसदीय दलको मिटिङमार्फत गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीज्यूलाई, माननीय मुख्यमन्त्रीज्यूलाई धेरै बुँदामा सुझाव पेश गरेको थियो । त्यसमा एक घर, एक पीसीआर भनेर पहिल्यै पनि पेश गरिसकेको थियो । धेरै सुझावहरू जनताको जीवन रक्षाको निम्ति र जो अहिलेको महामारीलाई नियन्त्रण गर्नका निम्ति यसरी लाग्नुपर्छ भनरे धेरै बुँदामा सहमति गर्नका निम्ति सुझाव दिएको थियो । ती कुराहरूलाई वेवास्ता गरिएकै हो । र वास्तवमा राम्रो कामको थालनी नेपाली काँग्रेसले गऱ्यो र अब हामी पछि पऱ्यौं भन्ने रोदन हो कि भन्ने पनि मलाई लाग्यो । सभामुख महोदय, मैले यहाँ स्वस्थानीदेखि तीजका गीतसम्मका पनि मैले सुनें । वास्तवमै स्वस्थानीको मौसम

भनेको माघमा हो सभामुख महोदय, साउनमा आएर स्वस्थानीको वाचन गरेर त्यति उपयुक्त हुँदैन त्यसकारणले बेमौसमी बाजा नेपाली काँग्रेसले बेमौसमी बाजा बजाएको छैन । अहिले महामारी चलेको छ यो मुलुकमा । वास्वतमा विश्व नै आक्रान्त छ त्यसबाट नेपाल अछुतो छैन, त्यसबाट पनि गण्डकी प्रदेश अछुतो छैन सभामुख महोदय, यस्तो विषम परिस्थितिमा लकडाउन भयो र लकडाउन पछि अहिले लकडाउन खुलेको अवस्था छ । दिनप्रतिदिन समुदायस्तरमा संक्रमण फैलिएको अवस्था छ । यो अवस्थामा पीसीआर परीक्षण गरौं, व्यवस्थित आइसोलेसन गरौं, क्वारेनटाइन बनाऔं, निर्माण गरौं भन्दा सरकारले त झन् नेपाली काँग्रेस पार्टीलाई धन्यवाद प्रस्ताव पास गर्नुपर्थ्यो सभामुख महोदय तर त्यसको विपरित सरकार गयो । वास्तवमा यदि जनताले चाहने हो र बुझ्ने हो भने जनता पनि तिनै जनता हुन्, तिनै जनता आज दुई तिहाइ पुऱ्याउने जनता पनि तिनै हुन् हिजो नेपाली काँग्रेसलाई पुऱ्याएका जनता पनि तिनै हुन् बझ्न जरुरी छ । हामीले जनताको जीवन रक्षाका निम्ति ल्याइएको हो । जनताको रक्षाका लागि ल्याइएको हो । जनतालाई बचाउनका लागि ल्याइएको एजेन्डा हो, मृत्युको पनि संख्या गरेर हुन्छ ? जम्मा ४ जना भनेर हुन्छ सभामुख महोदय मान्छेको स्वस्थ उपचार गर्न पाउने अधिकार र मान्छेले स्वास्थ्य जीवन जीउन पाउने अधिकार र स्वास्थ्य उपचार गर्न पाउने अधिकार संविधानले व्यवस्था गरेको छ, मौलिक अधिकारमा छ त्यो मौलिक अधिकारको कुराहरू उठाउँदै गर्दा पनि नेपाली काँग्रेसले उठाएको कुराहरू हुन्छन् ? सभामुख महोदय, आज कुन पार्टीले यो इस्यु उठायो भन्ने कुरा गहन होइन, कुन इस्यु उठ्यो, कुन आवश्यकता छ, वर्तमान मुलुकको परिस्थिति के हो भन्नेमा जोड दिनुपर्थ्यो त्यसमा सरकार गम्भिर बन्ने । यसैमा मलाई दुःख लाग्छ माननीय सभामुख महोदय, त्यसैले मैले आग्रह र अनुरोध गर्न चाहन्छु, कसले यो विषयलाई, कसले यो एजेन्डालाई अगाडि ल्यायो, कसले यो एजेण्डालाई दर्ता गऱ्यो भन्ने विषयकरण नगरौं । यसलाई सबैले समर्थन गरौं, आत्मसात गरौं, अझै पनि केही बिग्रेको छैन, यहाँहरूको प्रयत्न, माननीय सदस्यज्यूहरूको रातो दिन खटेको प्रयत्नलाई म सम्मान गर्न चाहन्छु । सहमतिको नजिक-नजिक गएर फेरि सहमति जुट्न नसकेका कुराहरू पनि त आए नि ? सहमतिको नजिक जानु भनेकै कुरोले के प्रष्ट हुन्छ भने वास्तवमै यो कुरा विषय त गम्भिर रहेछ भन्ने त हुन सक्छ नि । यो कुरा शुरुदेखि नै सहमति नै हुन नसक्ने भन्ने इस्यु त यहाँ पनि आएन । यहाँ माननीयज्यूहरूका कुरा पनि सुनियो,

त्यसैले काँग्रेसले उठाउँदैमा ती कुराहरू गलत हुँदैनन् । काँग्रेसलाई हेर्ने दृष्टिकोण त्यसरी गलत दृष्टिकोणले नहोरियोस् । एउटा राम्रो चस्मा लगाएर हेरियोस् । नेपाली काँग्रेस जहिले पनि जनताको साथमा छ, जहिले पनि सरकारको राम्रो कामको निम्ति साथमा छ । सरकारले राम्रो काम गरेको समयमा जहिले पनि सरकारको साथमा छ । यो व्यवस्थित गर्ने कुरामा सरकार किन पछि ? किन टाउको दुख्ने ? पैसाको किन क्यालकुलेसन गर्ने ? पहिला जनता बाँचे न विकास निर्माणका काम गर्ने होला नि ? हामीलाई पहिला नयाँ गाडी किनेर प्रतिस्पर्धा गर्नु जरुरी छ कि पीसीआर मेसिन किनेर जनताको जीवन रक्षा गर्न जरुरी छ । पीसीआर परीक्षणको दायरा बढाउनु जरुरी छ सभामुख महोदय ? मुसा बाँध्ने डोरीले हात्ती बाँध्न सक्दैन, मुसा बाँध्ने डोरीले हात्ती बाँध्न सक्दैन, यदि हात्तीलाई नियन्त्रण गर्नलाई हात्ती नै बाँध्ने डोरी चाहिन्छ सभामुख महोदय, हाम्रो टार्गेट भनेको वास्तवमा हेर्दा देख्दैमा बाघ र बिरालाको अनुहार उस्तै देखेर हुँदैन सभामुख महोदय, त्यसको एउटा गुलेली लिएर बिरालाको नियन्त्रण गर्न सकिएला, एउटा डोको लिएर बिरालोलाई छोप्न सकिएला सभामुख महोदय, बाघलाई छोप्न सकिँदैन सभामुख महोदय । यो कुरा गाल्न रूपमा सोच्न जरुरी छ अहिलेको हाम्रो तयारी भनेको त्यही हो । अहिलेको हाम्रो तयारी बाघ छोप्छौं भन्ने बिरालो पनि छोप्न नसक्ने तयारी छ सभामुख महोदय । अहिलेको हाम्रो तयारी भनेको सरकारको तयारी तयारी नै छैन पनि भन्दिन म सरकारले अहिलेसम्म जति प्रयत्न गरेको छ, त्यो गरेको प्रयत्नलाई म धन्यवाद दिन चाहन्छु । तर त्यतिले पुग्दैन भनेर नेपाली काँग्रेसले भनेको हो । नेपाली काँग्रेसले सरकारले काम गर्दै गरेन कहाँ भनेको छ र ? नेपाली काँग्रेसले यतिले पुग्दैन, यसको दायरा बढाऔं, समुदायस्तरमा जान्छ र यो दायरा बढाऔं भनेको हो सभामुख महोदय, त्यसैले अझै पनि गम्भिर रूपमा यसलाई सोचेर, यो प्रस्तावलाई पास गर्न सम्पूर्ण माननीयज्यूहरूलाई मैले आग्रह गर्दै म र मेरो दल यसको पक्षमा रहेको मेरो भनाई राख्दै मेरो भनाई अन्त्य गर्ने अनुमति चाहन्छु धन्यवाद जय नेपाल।

**माननीय सदस्य श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु**

**माननीय सभामुख महोदय,** आज हामी एउटा त्यो ऐतिहासिक दिनमा छौं, जुन दिनमा हामीले यस गण्डकी प्रदेशका जनतालाई स्वास्थ्यसँग सम्बन्धित विषयलाई लिएर उनीहरूको जीवनरक्षाको विषयलाई लिएर संकल्प प्रस्ताव दर्ता भएको छ र

त्यसमा छलफल भएको छ साँच्चि नै यो प्रदेशको आजको दिन जनताको पक्षमा आएको महत्वपूर्ण ऐतिहासिक दिन हो । कोभिड १९ को सम्बन्धमा असार २३ गते एउटा संकल्प प्रस्ताव दर्ता भएको छ । वास्तवमा कति माननीयज्यूहरूले यो बेमौसमको बाजा पनि भन्नुभाको छ । मलाई लाग्छ जति बेला मान्छे बिरामी हुन्छ, औषधि उपचार पनि त्यति बेलै गर्ने हो । अहिलेको परिस्थिति त्यही छ अझै ढिला भयो, यो छलफल ढिलो भयो भन्ने लाग्छ मलाई । हामीले यो दर्ता असार २३ गते दर्ता गरेका थियौं । जनतासँग सम्बन्धित जनताको जीवन रक्षा सँग सम्बन्धित यति महत्वपूर्ण प्रस्तावलाई एक महिना लड्काएर छलफल गरिरहेका छौं अझै पनि यो बेमौसमी बाजा हुन्छ ? यो त तत्कालै छलफलमा आउनु पर्थ्यो र तत्काल पारित भएर कार्यान्वयनमा जान पर्थ्यो भन्ने मलाई लाग्छ । वास्तवमा मलाई पनि लागेको छ यो संकल्प प्रस्ताव सबैको सहमतिमा आएको भए हुन्थ्यो । यहाँहरूले भनेको कुराप्रति मेरो असहमति पटक्कै छैन । हामीले धेरै पटक ध्यानाकर्षण गरायौं । हामीले बोल्दा जबदेखि कोरोनाका कुराहरू आए जबदेखि हाउस सञ्चालन भयो त्यति बेलादेखि हामीले हरेक आवाजमा कोरोनाको बारेमा कुरा उठाएका छौं । पीसीआरको दायरा बढाउनुपर्छ भनेर हामीले सरकारको ध्यानाकषर्ण गरेका छौं तर जनताको चाहना अनुरूप जसरी राज्यले, सरकारले ध्यान दिनुपर्थ्यो ध्यान नदिएको हामीले पायौं । हामीले प्रतिक्षा गऱ्यौं कतै सत्ता पक्षका माननीयज्यूहरूले अलिकति पहल गर्नुहुन्छ कि ? कहिबाट कुरो आउँछ कि भनेर हामी अझै लामो समय पर्खेर पनि बस्यौं । कतैबाट जनताको जीवन रक्षाको बारेमा, स्वास्थ्य जस्तो संवेदनशील विषयमा कति कतैबाट चासो त्यति जति दिनुपर्ने चासो नदेखाएको देखेपछि हामीले यो प्रयास गऱ्यौं । मलाई लाग्छ, हामीले जे गरेका छौं, नेपाली काँग्रेसको संसदीय दलले जे गरेको छ, त्यो ठीक गरेको छ । त्यसैले मेरो यो प्रस्तावप्रति पूर्ण रूपमा समर्थन छ । कुरा धेरै आएका छन्, कतिलाई गीतको पनि याद आयो । गीत मैले पनि गाउँथे जमानका कहिलेकहिले । मलाई पनि कुनै-कुनै गीत याद आइरहेको छ, गीत मैले अहिले गाइन । कुनै कुनै ती याद आउने गीत, मैले गाएका गीत मैले जमानामा यो गीत पनि गाउँथे भनेर कुनै बेलामा गाउँला गीत । यसलाई राजनीतिक अविष्ट पूरा गर्न ल्याइएको हो कि भन्ने पनि भएको छ । जनतालाई पीसीआर गर, कोरोनाको यस्तो महामारी छ, पीसीआर गर, जनतालाई स्वस्थ राख, जनताले बाँच्न पाउनुपर्छ भन्ने के राजनीतिक अविष्ट पूरा गर्न ल्याइएकै हो त ? के जनतालाई मर्न दिनु हुँदैन यो

राज्यको दायित्व हो मैले पटक-पटक भन्ने गरेको छु । स्वास्थ्य र शिक्षामा साच्चै नै हामी संवेदनशील भएर सोच्ने हो भने स्वास्थ्य र शिक्षा राज्यले जिम्मा लिनुपर्छ । अनि जनतालाई त्यो कोरोनाको महामारीबाट बचाउनुपर्छ भन्ने राजनीतिक अभिष्ट पूरा गर्नु हो र ? हो यस्तै कुराहरू साच्चै नै त्यो जनतको हो, हाम्रो अभिष्ट भनेको त्यहीँ हो । यो राजनीतिक आग्रह पूर्वाग्रह होइन, हाम्रो अभिष्ट भनेको जनता स्वस्थ हुनुपर्छ, जनता यो महामारीबाट बच्नपर्छ भन्ने हो । यदि यहाँहरूलाई त्यस्तो लाग्छ भने जनतालाई बचाउने कुरो राजनीतिक पूर्वाग्रह लाग्छ भने मेरो भन्नु केही छैन । होइन भने हाम्रो अविष्ट, हरेक राजनीतिक व्यक्तिको, हरेक जनप्रतिनिधिको अभिष्ट त्यही हुनुपर्छ । जनतालाई कसरी सुखी बनाउने ? कसरी गरीबीबाट जनतालाई माथि राख्ने ? कसरी शिक्षामा राम्रो बनाउने, कसरी स्वास्थ्य राख्ने राज्यको दायित्व हो, हरेक जनप्रतिनिधिको दायित्व हो । त्यसैले यो अभिष्ट पूरा गर्न हामीले हिजो जनतासँग यही कबोल गरेर आएका छौं । मैले पनि त्यही कबुल गरेर आएको छु । मलाई लाग्छ सबै जनप्रतिनिधिहरूले त्यही कबुल गरेरै आएको परिस्थति हुन सक्छ । यसरी जनताको पक्षमा गरिएको यो महत्वपूर्ण संकल्प प्रस्ताव केही बिग्रेकै छैन । हामीले यसलाई हाम्रो मात्र स्वामित्व होस् भन्ने चाहेका छैनौं । यो महत्वपूर्ण संकल्प प्रस्ताव छ, यो तपाईं हामी सबैको साझा बनाउन सकिन्छ । केही बिग्रेकै छैन, अस्ति लामो छलफल गर्नु भयो यहाँहरूले । सहमति हुन सकेन यो सबैको आफ्नै प्रस्ताव बनाउनको लागि अत्यन्त सजिलो छ हामीले यो महत्वपूर्ण प्रस्तावलाई सबैले समर्थन गरौं । सबैले यसलाई एक ढिक्का भएर यो संकल्प प्रस्ताव पारित गरौं । यो जनताको पक्षमा ल्याइएको प्रस्ताव यो सत्ता पक्ष, विपक्ष र प्रतिपक्ष केही नभनीकन यसलाई पारित गरियो भने साच्चै जनताको हितमा हुन्छ भन्दै म सबैलाई यो संकल्प प्रस्तावको पक्षमा उभिन हार्दिक अपिल गर्दै म विदा हुन्छु धन्यवाद, जय नेपाल ।

**माननीय सदस्य श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।**

**माननीय सभामुख महोदय,** प्रमुख प्रतिपक्षी दलकोतर्फबाट प्रस्तुत संकल्प प्रस्ताव विश्वव्यापी महामारी, कोभिड १९ अर्थात् महामारीको न्यूनिकरण र यसबाट सिर्जित समस्या हल गर्ने उद्देश्यका साथ आएकाले यो महत्वपूर्ण छ मननीय छ ।

यसरी जिम्मेवार ढंगले प्रतिपक्ष प्रस्तुत हुनु एउटा सुखद पक्ष हो । यसैले म यसका प्रस्तावक र समर्थकलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस प्रस्तावले प्रदेश सरकारलाई थप जवाफदेही बन्न प्रेरित गरेको पनि मैले अनुभूति गरेको छु ।

**माननीय सभामुख महोदय,** हामीमा हरेक महामारी र समस्याको हल गर्ने इच्छा, चाहना र आ-आफ्ना योजनाहरू हुन्छन् नै । तर समस्या हलको लागि तत्कालको आवश्यकता के हो भन्ने कुरा प्रमुख हुन्छ । अहिले सरकार कोरोना भाइरस र यसबाट सिर्जित समस्याको हल गर्नका लागि विशेष संवेदनशीलताका साथ लाग्दा लाग्दै लागिरहेको छ र लाग्दालाग्दै झनै व्यक्ति-व्यक्ति, परिवार-परिवार र समाज नै प्रभावित हुने गरी अर्को प्राकृतिक विपत्ति आइरहेको अवस्था सोलाई समेत हल गर्ने गरी सरकार असाध्यै बहुआयामिक ढंगले लागेको हामीले पाएका छौं । यसरी सबै समस्यालाई ध्यान दिदै, हरेक महामारी विरुद्धसमेत सरकार लागिरहेको बेला कोरोनाको महामारीको विरुद्धमा सरकार थप योजनाका साथ लागेको हामीले प्रष्ट रूपमा देखेका छौं । जसको प्रमाण गण्डकी प्रदेश सरकारको तर्फबाट भर्खरै मात्र विभागीय मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको छ एउटा रिपोर्ट । त्यो रिपोर्टबाट प्रष्ट हुन्छ कि सरकार यसबारे गम्भिर छ र अझै थप गम्भिर भएर लाग्ने छ भन्ने विश्वाससमेत उक्त रिपोर्टले आर्जन गराएको छ । किनभने सरकारको सीमित स्रोत र साधनको बाबजुद सरकारले जुन हिसाबको कामहरू गरिरहेको छ । अघि नै माननीयज्यूहरूले प्रस्तावक संकल्प प्रस्तावका प्रस्तावक समर्थक माननीयज्यूहरूले राख्नुभएको छ कि हिजो २ जना कर्मचारीबाट एउटा सामान्य अव्यवस्थित प्रयोगशालाबाट शुरु भएको सेवा आज असाध्यै महत्वपूर्ण प्रविधिका साथ हामी अगाडि बढिरहेका छौँ । सरकारले महत्वपूर्ण सफलता हासिल गरिरहेको छ । त्यसैले यो सीमित श्रोत र साधनको बाबजुद सरकारले गरेको यो प्रभावकारी प्रयत्नका लागि म सरकारलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । हो प्रतिपक्ष दलकोतर्फबाट संसदमा चारवटा विषयलाई उद्धित गरेर यहाँ जो संकल्प प्रस्ताव आएको छ, एक परिवार, एक सदस्य पीसीआर टेष्ट गर्ने कुरा, डब्लुएचओ र सरकारले तोकेको मापदण्ड अनुसार आइसोलेन र क्वारेन्टाइन व्यवस्थित गर्ने कुरा, आवश्यक जनशक्ति र यसको प्रविधि सम्बन्धी व्यवस्थापन गर्ने र स्वाबको व्यवस्थापन गर्ने कुरा यहाँ महत्वपूर्ण ढंगले यहाँहरूले उठाउनु भएको छ । मलाई के लाग्छ भने एक परिवार, एक पीसीआर टेष्ट गर्ने कुरा तपाईं हाम्रो इच्छा त छ,

चाहना त छ तर हाम्रो राज्यको क्षमता कति हो ? राज्यको सामर्थ्य कति हो ? तपाईं हामी राज्यको सरकारको नेतृत्व गरिरहेका थियौं भने हामीले के गर्न सक्थ्यौं ? अहिले हाम्रो घरधुरी अघि माननीयज्यूहरूले बताउनु भयो ५ लाख ७७ हजार ६ सय ८२ घरधुरी छ । प्राइभेट हस्पिटलहरूले गर्ने उपचार शुल्क छोडेर सरकारले तोकेको ५ हजार ५ सय शुल्क गर्दा पनि हामीलाई ३ अरब, १७ करोड, ७२ लाख ५१ हजार रूपैयाँ हामीलाई टेष्ट गर्नका लागि हामीलाई तत्काल अहिले चाहिन्छ । के यो फेरि यहाँले प्रस्तुत गरिरहनु भएको छ कि, जम्मा ८४ करोड रूपैयाँ मात्रै हाम्रो सरकारले कोरोनाको उपचार, रोकथाम र नियन्त्रणका लागि विनियोजित गरेको छ । हाम्रो कुल बजेट, यो सँगसँगै हाम्रा अन्य रोगहरू, उपचारहरू अन्य महामारीहरू, अन्य विपत्हरू सबै कुरा हेर्दाखेरि हाम्रो सरकारले कति स्रोत र साधनको प्रयोग गर्न सक्ला यसमा ? यो सबै कुराहरूलाई मध्यनजर गरेर हेर्न हो भने हाम्रो इच्छाले होइन, हाम्रो चाहनाले होइन, हाम्रो आवश्यकताले, हाम्रो सरकारको क्षमता र सामर्थ्य अनुसार काम गर्नुपर्ने हुन्छ । त्यसैले सरकारले आफ्नो सामर्थ्य भन्दा बढी नै काम गरिरहेको मैले अनुभूति गरिरहेको छु । त्यसकारण जनता सरकार जनताप्रति उत्तरदायी छ, यसले आफूले काम गरिरहेको छ । त्यसैले हामीले आफ्नो क्षमता भन्दा बढी कुराको माग गर्न अव्यवहारिक छ र असान्दर्भिक छ । यो समस्या, यो प्रस्ताव समयानुकूल हुँदाहुँदै पनि, महत्वपूर्ण हुँदाहुँदै पनि त्यो अव्यवहारिक, अस्वाभाविक र असान्दर्भिक भएको हुनाले म यसतर्फ प्रस्ताव र समर्थक माननीयज्यूहरूलाई ध्यान दिन अनुरोध पनि गर्न चाहन्छु । मापदण्ड अनुरूपको क्वारेन्टाइन र आइसोलेसन बनाउने कुरामा हामीले जुन जोड दिइरहेका छौं मेरो विचारमा त्यो कुरा पर्याप्त ध्यान दिएको अनुभूति मैले गरेको छु । हामीले खोजे जस्तो सुविधा सम्पन्न त छैन । तर हाम्रा जनताका घरहरू कस्ता छन् ? जनताले नियमित बास बस्ने अहिले पहिरोले बगाइरहेको, आफ्नो घरमा बसेका छोराछोरीलाई बाघले आक्रमण गरेर लइरहेको, सामान्य भेलले बगाउन सक्ने, हावाहुरीले उडाउने त्यस्ता खालका असुरक्षित घरमा बसेका जनताहरूको प्रतिनिधि हामी हौं । त्यसकारण हाम्रो क्षमता र आवश्यकताले हाम्रो क्वारेन्टाइन र आइसोलेसन सरकारले कति सुविधा सम्पन्न व्यवस्थापन गर्न सक्छ त्यसको हामी आफैले मनन गर्न सक्छौं ।

सभामुख महोदय, हामीले जनशक्तिको कुरा गर्दा खेरी २ जनाबाट शुरु गरेको जनशक्ति २८ जनामा पुग्नु, एउटा प्रयोगशालाबाट व्यवस्थित प्रयोगशालाको हामीले वृद्धि गर्दै लैजानु, यति धेरै संक्रमितहरूको यति धेरै पीसीआर टेष्ट गरेर संक्रमितहरूको पहिचान गर्नु र ८७ प्रतिशत भन्दा बढी उपलब्धी प्राप्त गरेर उनीहरूलाई निको बनाएर घर पठाउन सक्नु त्यो सरकारको सफलता हो । यो महत्वपूर्ण पक्ष हो । जहासम्म शव व्यवस्थापको कुरा हामीले उठाइरहेका छौं । माननीयज्यू मलाई लाग्छ राज्यले शव व्यवस्थापन अव्यवस्थित गरेको होइन, हामी जनप्रतिनिधिको हैसियतले, समाजमा काम गरिरहेका नेतृत्वदायी व्यक्तिको हैसियतले, संस्थाको हैसियतले तपाईं हामी कति जवाफदेही बन्यौं, कति जिम्मेबार बन्यौं ? समाजलाई हामीले सचेत बनाउन सकेनौं । समाजमा कोरोना भाइरसको एउटा आतंक सिर्जना गरायौं । त्यही आतंकको कारणले जनसमुदायले शव व्यवस्थापनमा अवरोध गरे । त्यो कारणले हामीले त्यो समस्या भोग्यौं । त्यो समस्याको समाधान मेरो विचारमा भइसकेको छ यो समस्या आगामी दिनमा आउँला जस्तो मलाई लाग्दैन । त्यसकारण आदरणीय सभामुख महोदय, यस्ता सार्वजनिक महत्वका विषयहरू कुनै दल र समुदायका मात्र नभइकन राज्य र समग्र जनताको हुनुपर्ने मेरो ठहर छ त्यसैले यो संकल्प प्रस्तावको कल्पना गर्नु अगाडि सरकारले जुन कुशल व्यवस्थापन गरेको छ । आफ्नो क्षमता र सामर्थ्यका आधारमा जुन व्यवस्थापन गरेर यो महामारीको न्युनीकरण गरेको छ । त्यो कुरालाई व्यवहारिक रूपमा अनुशरण गर्दै सरकारप्रति विश्वस्त रहँदै यो संकल्प प्रस्ताव फिर्ता लिनका लागि हार्दिक अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, नेपाली काँग्रेसको माननीयज्यूहरूबाट संकप प्रस्ताव दर्ता भयो । विभिन्न चरणपछि सभामुखज्यूले त्यसलाई साझा बनाउनुपर्छ भन्ने विशेष आग्रह गर्नुभयो । हामीलाई पनि लागेको ठीक कुरा हो अनि हामी छलफलमा दलीय संयन्त्र बनाएर बस्यौं त्यो संयन्त्रमा म पनि सहभागी भएँ । र हामीले सरकारले गरेको कामलाई मोटामोटी मूल्यांकन गऱ्यौं २८/३० प्रशेन्ट जति क्षमताको यसले काम गरेको छ । र हामीले माग गऱ्यौं ८० प्रतिशत भन्दा बढी क्षमताको । फेरि साझा बनाउने भने पछि फेरि एउटा पास मार्गसम्म त जाऊ न त ! ४० प्रसेन्ट ल्याएपछि पास मार्क मान्ने चलन थियो हामीले पढ्ने बेलामा ।

त्यसो गरेपछि ४० प्रशेन्टसम्मको बनाएर जाम न त भन्दा सत्ता पक्षले मानेन र यो अहिले हाम्रो मात्र प्रस्ताव भो, जनताको मात्र प्रस्ताव भो । अब यसलाई हामीले के भनेर बुझिदिन अनुरोध गर्दछु, हामीले सिर्फ ४० प्रसेन्टमात्रै माग त ८० प्रशेन्ट भन्दा बढिको थियो त्यो क्षमताको काम गर्न पर्छ भन्ने थियो । इच्छाशक्ति र इमान्दारीका साथ लागे सकिन्छ भन्ने पनि थियो । अर्कोतिर साधन श्रोतले पुग्दैन भन्ने कुराहरू आए । यहाँ अहिले नेपाल सरकारले मान्यता दिएका प्राइभेट संस्थाहरूले ४ हजारको वरपरमा हामी पीसीआर टेष्ट गर्न सक्छौं भनेर भनिरहेका छन् । हिसाब त हामीले १५ हजारका, १६ हजारका, पाँच हजारका, छ हजारका गर्छौं अब त्यो तर्फ सबैले ध्यान दिएर खर्च जोगाएर काम गर्ने बाटो रोक्न हामीलाई कुनै आपत्ति छ र ? आपत्ति मान्न पर्छ र जिम्मेवार सरकारले ? त्यो ध्यानाकर्षण पनि गराउन मैले अनुरोध गरेँ र अर्को कुरा प्रतिपक्षले ल्याएका राम्रा कुरालाई सहज रूपमा ग्रहण गरेर जाँदा सरकारको इज्जत घट्छ र ? सरकारको त गरिमा बढ्छ, इज्जत बढ्छ, हाइहाइ, बाइबाइ हुन्छ मलाई त त्यस्तो लाग्थ्यो । किन अप्ठ्यारो मानेको होला ? यो कुरा असाध्यै बुझाउनै सकिएन । धेरै महेनत गरियो बुझाउनका लागि र हामी त्यो कुरामा असफल भयौं । बुझाउनै नसकेपछि हामी असफल भयौं । अब अर्कोतर्फ प्रदेश सरकारको भूमिका, महत्वको कुरा गरिरहँदा राम्रा कुराहरू आए भने त हामीले गरेको भन्न पाइयो । अल्लि जटिल कुरा आए भने यो त संघ सरकारको दायित्व हो या स्थानीय सरकारको दायित्व भनेर इसारा त्यतातिर गर्न पनि पाइयो । यो सजिलो अवस्थामा पनि यो संघीय सरकार हुँदो रहेछ । त्यो अनुरूप पनि यो गर्न पाइयो, जनताले पनि अब कसरी बुझ्छन्, त्यसको मूल्यांकन सचेत जनतासित फेरि हामीले पनि गरौंला । जनता सचेत छन् अहिले । यसको साथसाथै यो डाटा पेश गर्दा खेरी पीसीआर टेष्टको प्रति १० लाख १३ हजार ७ सय ६५ मात्रै भाको छ नेपालमा । यहाँ २४ हजार ८८८ को डाटा पेश गरियो । यो डाटा कस्तो ढंगले आयो भने यो ओम्नी समूहले एउटा आरडिटी भन्नी सामान किनेछ त्यसलाई विशेषज्ञले गलत हो त्यसलाई प्रयोग नगरौं भने । र त्यसमा भ्रष्टाचार भएको छ भनेर पनि केही जताततै आवाज उठ्यो । अनि त्यो उनीहरूबाट ल्याएको सामान खर्च गरिदिनैपर्छ भनेर बाइफ्रोर्सली आरडिटी खर्च गरियो । त्यसको डाटा पनि फेरि यहाँ जतासुकै पेश गरिँदै छ । त्यसपछि त्यो आरडिटी त गरिएन, त्यो सकुन्जले मात्र गरियो । त्यो ओम्नी समूहलाई किन्न दिएको चिजको मात्रै यहाँ खर्च गरियो । त्यो ठीक

थियो भने त फेरि पनि किनाउने र खर्च गराउन पर्थ्यो । उसलाई भ्रष्टाचारको कारवाही पनि गरिन्न । नेपाली काँग्रेसले माग गरेको छ । त्यो भ्रष्टाचारीलाई कारवाहीं गर्नुपर्छ । यो कोरोनाका सम्बन्धमा भएका भ्रष्टाचारहरूको सही ढंगले छानविन हुनुपर्छ भनेर माग गरेको छ तर त्यो त बाहिर ल्याइएकै छैन । त्यो खर्च गर्न मात्रै यति फ्राष्ट ट्र्याकमा खर्च गरियो कि, सक्कियो । त्यसपछि त ल्याउनै थालिएन । यो पक्ष पनि अहिले जनताले चनाखो भएर बुझिरहेका छन् र अर्को कुरा यो संघीय सरकारले शुरुदेखि नै यो संक्रमण फैलिनुका लागि इन्डियाको बोर्डरमा जुन ढंगले मानिसहरू थुपार्‍यो । त्यसमा हामीले संघीय सरकारलाई यो सरकारको काम त समन्वय गर्ने हो, यो अहिले बीचमा भएको सरकार हुनाले माथिकोसँग पनि तलकोसँग पनि समन्वय गर्ने दायित्व अहिले प्रदेश सरकारलाई छ । हामीले भन्यौं हाम्रो प्रदेशको जनताहरू बोर्डरमा विचलित ढंगबाट त्यहाँ थुप्रिएर बस्न नपरोस्, ल्याउने काम प्रदेश सरकारले गरोस् भनेर हामीले विज्ञप्ति गर्‍यौं र संघीय सरकारलाई पनि समन्वय गरोस् प्रदेश सरकारले भन्यौं । त्यहाँ थुप्रिने क्रम पहिला रोक्किएन र त्यो मान्छेहरू अवैधानिक ढंगले भित्र पसे । त्यसको फैलावट अवैधानिक ढंगले समाजमा पसेका मानिसहरूको फैलावटको प्रभावहरू अहिले पनि देखिँदै छ । अहिले पनि बोर्डरको मानिसहरू आउनेक्रमलाई ठीक ढंगले व्यवस्था भएको छैन । जुन इन्डियाको बोर्डर छ त्ययो ठिक ढंगले व्यवस्थापन भएको छैन त्यसको असर हामीलाई पनि पर्छ । त्यसका लागि यो समन्वय गर्ने सरकारको ध्यानआकर्षित गर्न पनि म चाहन्छु । अन्त्यमा यो २०३८/३९ सालदेखि आफूलाई मन नपर्नेहरूलाई दिल्लीका सिल्ली भन्ने चलन थियो र आफ्नै पार्टीका नेताहरूले पनि दिल्लीका सिल्ली भन्ने कुरा २०३८ सालदेखि अस्ती २०७७ साउन १९ गतेसम्म भनिनै रहियो । र त्यो थाहापाएको गाइजात्रेले एउटा गीत गायो, गाईजात्राको यात्रा जात्रामा गर्नेले कस्तो गीत गायो भने, एउटा जहाजका पाइलट दुईटा, एउटा जहाजका पाइलट दुईटा, एउटा पर्‍यो दिल्लीको अर्को पर्‍यो उत्तरको चोइटा भनेर त्यो गाईजात्रेले गीत गायो । यति भन्दै आफ्नो भनाई अन्त्य गर्दछु । धन्यवाद जयनेपाल

**माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।**

**माननीय सभामुख महोदय,** संकल्प प्रस्ताव सन्दर्भमा म आफ्नो भनाईहरूलाई अगाडि राख्न गइरहेको छु । कोभिड १९ को गण्डकी प्रदेशको राहत कोषमा

राष्ट्रिय जनमोर्चा संसदीय दल गण्डकी प्रदेशबाट रु ६० हजार जम्मा गरिएको छ। मलाई लाग्छ यो राहत कोष वास्तवमा धेरै सदुपयोग बन्ने छ मैले यो कुरा भन्न चाहन्छु । नेपाल कम्प्युनिष्ट पार्टी मसालका महामन्त्री मोहनविक्रम सिंहज्यूले कोरोनासम्बन्धी एउटा लेख, वर्ष ११, अंक २७, पूर्णाकं २९, २०७६ चैत ५ गते युगदर्शन साप्ताहिक पत्रिकामा एउटा लेख लेख्नु भएको  रहेछ र त्यो लेखको एउटा सानो अंश मैले यहाँ भन्न गइरहेको छु। कोरोना भाइरससित तर्सनु पर्दैन, मृत्युसँग डराउनु हुँदैन भन्ने शीर्षकमा एउटा लेख लेखिएको रहेछ र त्यसको एउटा अंश मलाई मन पर्‍यो र मैले यहाँ प्रस्तुत गर्न चाहन्छु। जीवनसँगै मृत्युसँगै जोडिएको हुन्छ र प्रत्येक पाइलामा त्योसित जुध्दै जीवन अगाडि बढ्दछ । मृत्यु यस्तो चिज हो, प्रत्येक मानिसको जीवनमा स्वाभाविक र अनिवार्य हुन्छ । खाली यत्ति हो कि त्यो कहिले आउँछ हामीलाई थाहा हुँदैन । खाली कैँयौं महामारीको बेलामा मात्र होइन, संसारका प्रत्येक दिन हजारौं लाखौं मानिसहरूको मृत्यु भइरहेको हुन्छ । मसानघाटमा जानुस् सधैँ कैंयौं लास जलिरहेका हुन्छन् त्यसले हामीहरू कहिल्यै पनि मृत्युसँग डराउनु हुँदैन । कुनै पनि रोगबाट बच्नका लागि हामीहरूले सधैँ कोसिस गरिरहनु पर्छ र त्यही कुरा कोरोना भाइरससँग पनि सन्दर्भ प्रासङ्गिक छ र सत्य पनि हो । हामीले मृत्युबाट बच्नका लागि सधैं कोसिस गर्नुपर्दछ। यो जान्छौं र जान्दछौं पनि किन अन्त्यमा त्यो हाम्रो जीवनमा अनिवार्य छ। उच्च प्रकारको मानसिकता वा आत्मबलबाट नै हामीले कोरोना भाइरसलाई मात्र होइन सबै प्रकारका रोग, मृत्यु वा महामारीको पनि आतंकबाट माथि उठ्न सक्छौं र उठ्नु पर्दछ । यस प्रकारको मानसिकता र आत्मबलले नै कोरोना भाइरसमाथिको मृत्युमाथि विजय प्राप्त गर्नका लागि, सबै मृत्यु अथवा त्यसको उपचार नै भनेको नै औषधि भनेको नै यही हो भनेर त्यो लेखमा उल्लेखित छ।

गण्डकी प्रदेशमा प्रस्तुत भएको संकल्प प्रस्तावको विषयमा हामीले ६ वटा जति बैठक, छलफल गर्‍यौं र त्यो छलफलमा वास्तवमा हामी सहमति हुन सकेनौं र मैले संकल्प प्रस्ताकहरूलाई पनि भने तपाईंहरूका कतिपय राम्रा कुरा, कतिपय नराम्राका कुराले गर्दा खेरी समर्थन गर्न नसकिने स्थिति सिर्जना भयो । यसकारण तपाईंले यस विषयमा अल्ली मनन गरौं भन्ने कुराहरू हामीले धेरै छलफल गर्‍यौं तर मानिएन। संकल्प प्रस्तावमा त एक घर, एक पीसीआर भनिएको छ नी होइन र ? तर अन्तिममा तपाईंहरू के आउनु भयो भने डेढ लाख गरे हुन्छ भन्ने कुरा

भन्नु भयो नि त । त्यही दुईटा कुराले पनि संकल्प प्रस्ताव गर्दछ भने एक घर, एक पीसीआरको संकल्प प्रस्ताव वास्तवमा औचित्यहीन रहेछ भन्ने कुरा त्यही दुईटा भनाइले पुष्टि गरेन र ? हामीले भन्नुपर्‍यो र, मलाई लाग्छ रोगसँग हामी कहिल्यै पनि खेल्नु हुँदैन, यदि रोगसँग हामी खेल्यौं भने हाम्रो जीवनमा हरेक मान्छेहरूको जीवनमा, हरेक समाजको जीवनमा मृत्यु छिटो आउँछ । यसकारण हामीले खेल्नु हुँदैन र यसकारण म के भन्न चाहन्छु भने, अहिले गण्डकी प्रदेशले जति कामहरू गरेको छ, राम्रो छ तर त्यो अन्तिम हो भन्न थाल्ने हो भने पनि त्यो राम्रो हुँदैन । कतिपय हामीले गरेका कुराहरूमा मात्रै ठीकै हुन् भनेर भनियो भने पनि त्यो राम्रो हुँदैन । यसैले गर्दाखेरी म के भन्न चाहन्छु त भने यो महामारी रोग भोलि बिहान औषधि किनेर उपचार गर्ने स्थिति पनि त आउन सक्छ नि त ? अहिलेसम्म सबभन्दा ठूलो समस्या त यो रोगको औषधि नै छैन । तपाईं हामीले जति चिच्याए पनि जति कराए पनि हामीले सामान्य प्राथमिक उपचार न हो । यसकारण हामी यस्तो विषयलाई हामीले अति अड्कलबाज गर्न खोज्यौं, अतिरञ्जित बनाउन खोज्यौं भने वास्तवमा धेरै नागरिकहरूमा, धेरै जनताहरूमा भ्रम सिर्जना हुन्छ । त्यसकारण भ्रम सिर्जना गर्ने क्रियाकलाप हामीले गर्न हुँदैन । अहिले देशको विशिष्ट परिस्थिति हाम्रा अगाडि छ । त्यसका लागि सिमानाहरूमा सिल गर्ने कुरा, सिमानाहरूमा पीसीआर गर्ने कुरा, क्वारेन्टाइनहरूलाई व्यवस्थित गर्ने कुरा, आइसोलेसनहरूलाई व्यवस्थित गर्ने कुराहरू, कतिपय कुराहरू हामीले गर्न अपूर्ण छन् । त्यसो भएको हुनाले ती चीजलाई पनि पूर्णता दिने विषयमा गम्भिरताका साथ ध्यान दिनुपर्ने आवश्यकता छ र अर्कोतिर हामीले यत्ति गरौं भन्यो भने त्यसले के गर्दछ भने अगाडि बढ्ने बाटोलाई अवरोध गर्दछ । त्यसकारण त्यो अगाडि बढ्ने अवरोध नगरौं । एक घर भन्या ठाँ सहायद एक घरका सबै मान्छेको परीक्षण गर्नुपर्ने परिस्थति पनि आउन सक्छ । एक समुदाय भनेका बेलामा, एक समुदाय हामीले कायम गर्‍यौ भने धेरै समुदायसँग जानुपर्ने स्थिति आउन सक्छ । यसकारण के हो त भने हामीले एउटा सीमा कायम गर्नुहुन्न । यो महामारी जस्तो विषयमा त्यसकारण मैले तपाईंहरूलाई भनेको राम्रा कुरा नराम्रोसँग बोलेर नहुने । भनेको तपाईंहरूले मान्नु भएन । यसकारण मलाई लाग्छ तपाईंहरूको यो विचार वास्तवमा अल्लि बालापन हो कि ? एकजना मान्छेले थैली किन्देओ भन्नी अनि थैली पनि किन्दिए अनि पछि उताबाट हात्ति आए हात्ति देखिसकेपछि त्यो हात्ती पनि थैली भित्र हाल्देओ भन्ने स्थिति हुने हो कि

? यसकारण मलाई लाग्छ यस्तो किसिमको प्रस्ताव हामीले नराखौं मलाई लाग्छ गण्डकी प्रदेश सरकारको वास्तवमा अहिलेको कामलाई ठीकै छ, गरेको छ राम्रो छ तर मलाई यो राम्रो पूर्णता होइन, आज देशमा वास्तवमा राज्यले स्वास्थ्यप्रति पूर्ण जिम्मेवार लिने किसिमको कन्सेप्ट बनाउन आवश्यक छ अनि मात्र यो संकल्प प्रस्ताव पनि आउँदैन कुनै पनि विषयमा कुरा पनि हुँदैन यसैले सरकार त्यसप्रति सचेत हुनुपर्छ यहीँ कुरा भन्दै म आफ्नो भनाई टुङ्ग्याउँछु हवस् त धन्यवाद ।

**माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु**

माननीय सभामुख महोदय, हामीले सायद गण्डकी प्रदेशको इतिहासमा पहिलो पटक सकारात्मक हिसाबले संकल्प प्रस्तावमा छलफल गर्ने अवसर प्राप्त गरेका छौं र नेपालको इतिहासमा संकल्प प्रस्ताव नकारात्मक रूपमा दर्ज हुने कुराको अर्को नयाँ दुर्भाग्यको कुरा पनि हामीले व्यहोर्दै छौं । यो विषयवस्तु आज हामीले राजनीतिक रूपमा आ-आफ्नो अडान आ-आफ्नो क्षमतालाई नाप्ने भन्दा पनि राष्ट्र र जनताप्रति इमान्दार बन्ने र बफादार बन्नेतर्फ हामी सोझिनु पर्थ्यो । त्यो दिशातर्फ नसोझिँदा खेरी आज हाम्रो संसदले एउटा दूर्भाग्यको नयाँ इतिहास लेख्ने बाटोतर्फ अगाडि बढिरहेको अनुभूत भइराखेको छ । मलाई लाग्छ हामी आज यो संकल्प प्रस्तावले राखेका चार वटा मूल विषयवस्तुहरू विशेष गरी एक घर, एक पीसीआर टेष्टको विषयवस्तु, डब्लुएचओको मापदण्ड अनुसारको क्वारेन्टाइन र आइसोलेनका कुराहरू, जो कोरोनाका कारण मृत्यु हुनेहरूको शव व्यवस्थापन गर्ने विषयमा अनि हामीले भेन्टिलेटर र आइसियु, आइसोलेसन वेडहरूलाई पर्याप्त रूपमा अगाडि बढाउने कुराहरू यी विषयवस्तुहरूसँगै ४ वटा विषयवस्तुहरू आज यो संकल्प प्रस्तावका मूल विषयवस्तुहरू हुन् । संकल्प प्रस्तावका प्रस्तावकहरूले यी विषयवस्तुहरूलाई जनताको मन छुने गरी जनताको भावनालाई प्रतिनिधित्व गर्ने योजनाका साथ ल्याउनु भएको छ त्यो प्रति जनताको मन छुने ती प्रस्तावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । तर आज यो विषयवस्तुलाई हामीले जनताप्रति उत्तरदायी बन्ने, जनताको भावनप्रति हामीले हृदयदेखि त्यसको प्रतिनिधित्व गर्ने हामी सांसद हुनुको नाताले आज हामीले त्यो चिजलाई मनन गर्नसक्ने परिस्थिति किन बनाउन सकेनौं ? मलाई दु:ख लागेको छ । तर पनि फेरि

पनि के हो भने आज यो संकल्प प्रस्तावले भनेका कुरा, आज हामीलाई मलाई एउटा अनुभूति के छ भने, आज हामीले आइसोलेसन बेडलाई पर्याप्त रूपमा बनाउन नसकेको कुरा सत्य हो । आज हामीले जुन रूपमा क्वारेन्टाइनलाई व्यवस्थित गर्नुपर्ने थियो क्वारेन्टाइनलाई व्यवस्थित गर्न नसकेको पटक-पटक मिडियामा आइराखेको कुरा हाम्रा अगाडि घाम जत्तिकै छर्लङ्ग छ, अनि फेरि हाम्रै अगाडि शव लिएर गएर खोलामा दाहसंस्कार गर्दा खेरी त्यहीँ जनताको भिडन्त भएका कुराहरूको घटनाक्रम हाम्रा आँखा अगाडि ताजै छन् । यी सबै घटनाक्रमहरूलाई हेर्दा खेरी सरकारले पर्याप्त रूपमा तयारी गरेको मैले अनुभव गरेको छैन । भलै सरकार आफ्नो गतिमा अगाडि बढेको छ कछुवाको गतिमा र खरायोको गतिमा संक्रमित दर बढेको छ तर त्यो संक्रमित दरलाई फेरि हामीले न्यूनिकरण गर्न, त्यसलाई हामीले घटाउनका निमित्त हामी जुन रूपमा सरकारले तयार गरिरहेको छ, त्यो पर्याप्त छैन भन्ने यो दिशातिरबाट यो संकल्प प्रस्ताव आएको छ त्यसैले यो सरकारले सकारात्मक रूपमा लिन म आग्रह गर्न चाहन्छु । आज प्रतिपक्षले यो विषयको उठान गऱ्यो, हामी पटक-पटक संसदका विभिन्न रूपमा त्यसको कार्यदल बनाएर अथवा विभिन्न रूपमा छलफल गऱ्यौँ । तर ती छलफलका मूल विषयवस्तुहरू के थिए भने आज त्यो विषयमा जहाँ संकल्प प्रस्ताव ठीक छ भन्ने सत्ता पक्षका माननीयज्यूहरूलाई पनि त्यो अनुभूत भएकै थियो । त्यो भएर त त्यो कार्यदल बन्यो, त्यो भएर त त्यो छलफल भयो, त्यो थिएन भने किन प्रक्रियामा जान शुरुमै हिचकिचाहट भयो । यदि उचित थियो, यो विषयवस्तु ठीक थियो भने आज सहमति बनाउन किन सकिएन ? सायद मलाई अनुभूत छ प्रतिपक्षका माननीयज्यूहरूको प्रस्तावकको रूपमा जुन ढंगले प्रस्ताव गर्नु भयो त्यो प्रस्तावक माननीयज्यूहरू यति लचिलो हुनुभयो कि अन्तिममा दुई वटा पीसीआर मेसिन सरकारले खरिद गर्दैछ भने अब अर्को पीसीआर मेसिन खरिद गरेर त्यो दायरा बढाऊ भन्ने जुन विषयवस्तु राख्नु भा थियो त्यहाँसम्म पनि सरकार लचिलो नहुँदा आज दुःखद इतिहासको घटनाक्रमा दोहोरिँदै छ । यो जुन दुःखद घटनाक्रम दोहोरिँदै छ, यो दुःखद घटनाक्रमको यो स्थितिमा एकपटक फेरि दुःखका साथ म भन्न चाहन्छु यो संकल्प प्रस्तावमा हाम्रो दलकोतर्फबाट आलोचनात्मक समर्थन गर्दै आफ्ना विषयवस्तु टुंग्याउन चाहन्छु धन्यवाद ।

**माननीय सदस्यहरू** अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरज्यूलाई संकल्प प्रस्तावको छलफलको क्रममा उठेको आफ्ना मन्त्रालयसँग सम्बन्धित प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय सभामुख महोदयज्यू,** मैले अघि जुन २० मिनेट समय प्राप्त गरेको थिएँ । त्यसभित्र मैले प्रदेश सरकारले गरेका धेरै कुराहरू यहाँहरूको बीचमा राख्न खोज्दा खेरी अन्तिमका कुराहरू छुटेका थिए । ती अन्तिमका कुराहरू मैले वाचन गर्न अनुमति चाहन्छु, सायद मैले यो कुरा वाचन गरे भने धेरैको उत्तर आउँछ भन्ने मलाई लाग्या छ । त्यसैले मैले यो वाचन गर्ने अनुमति चाहन्छु ।

**माननीय सभामुख महोदय,** प्रदेश सरकारले कोभिडको पीसीआर परीक्षणका सम्बन्धमा भावि योजना तयार पारेको छ । यसका बारेमा पनि संक्षेपमा जानकारी गराउन अनुमति चाहन्छु । जोखिममा रहेका स्वास्थ्यकर्मीहरू, क्वारेन्टाइन तथा आइसोलेसनमा रहेका सहयोगीहरू, सुरक्षाकर्मीहरू, नेपाली सेना, ट्राफिक प्रहरी, जनपथ र सशस्त्र प्रहरी, फोहोर मैला संकलन तथा व्यवस्थापन गर्ने रर कवाडी संकलन गर्ने व्यक्तिहरू, उद्योग, कलकारखानामा काम गर्ने व्यक्तिहरू, भेटघाट हुने ठाउँका विभिन्न पसलहरू, ठूला-ठूला डिपार्टमेन्टल स्टोर्सका सेवाप्रदायक र सेवाग्राहीहरू, बैंक तथा सहकारी संस्थाका सेवाप्रदायक र सेवाग्राहीहरू, भिडभाड हुने सरकारी तथा गैह्र सरकारी कार्यालयका सेवाप्रदायक र सेवाग्राहीहरू, पत्रकार तथा जनप्रतिनिधिहरू, एम्बुलेन्सका चालक तथा सहयोगीहरू, सार्वजनिक यातायात, ट्रक तथा ट्याक्सी चालक र सहयोगीहरू, औषधि पसलका व्यक्तिहरू, बसपार्क, एयरपोर्टमा काम गर्ने व्यक्तिहरू, पेट्रोलपम्पमा काम गर्ने व्यक्तिहरू, महिला स्वास्थ्य स्वयम्सेवीकाहरू, धार्मिक संघसंस्थाहरू खुला भएको अवस्थामा, शिक्षक तथा विद्यार्थीहरू (खुला भएको अवस्थामा) ग्यारेजमा काम गर्ने कामदारहरू, सैलुन तथा ब्यूटिपार्लरमा काम गर्ने व्यक्तिहरू, खेलाडीहरू, विशेष प्रकृतिका तालिममा सहभागी प्रशिक्षार्थी तथा प्रशिक्षकहरू, संक्रमित क्षेत्रबाट आएका व्यक्तिहरूलाई हामीले स्याम्पल लिएर टेष्ट गर्ने योजनामा रहेको कुरा यहाँ राख्न चाहन्छु ।

माननीय सभामुखज्यू, कोभिड १९ महामारी एक राष्ट्रिय विपत अझै भनौं मानवताको रक्षाको सन्दर्भमा देखा परेको विश्व संकट हो । यो पक्ष-विपक्ष या

वाद-प्रतिवादको विषय हुँदै होइन । यो त प्रदेश र राष्ट्रिय तहमै सहमति कायम गरी दृढता र उच्च मनोवलका साथ अगाडि बढ्नुपर्ने विषय हो । कोभिड १९ संक्रमणको जोखिम न्यूनीकरण गर्न, नियन्त्रण गर्न एवम् उपचार व्यवस्थापनलाई सहज एवम् प्रभावकारी बनाउने सन्दर्भमा पीसीआर परीक्षणको दायरा बढाउँदै जानुपर्ने विषयमा मानवीय जीवनको स्वास्थ्यको भावनमा सरकार सहमत छ । हामी यहाँहरूको भावनको उच्च कदर गर्दछौं यसका लागि योजना बनाई अगाडि बढेको व्यहोरा मैले सम्मानित सदनमा राखिसकेको छु । तर यहाँनेर हामीले बुझ्नुपर्ने, मनन गर्नुपर्ने र आत्मसात गर्नुपर्ने कुरा के छ भने पीसीआर परीक्षण घरधुरी गनेर गर्ने विषय होइन, यो त वस्तुगत आवश्यकताका आधारमा स्थापित मूल्य मान्यता र मापदण्डका आधारमा गर्नुपर्ने विषय हो । आवश्यकता पर्‍यो भने एक घर एक जना मात्र होइन, घरपरिवारका सबै सदस्यहरूलाई एकैपटक पीसीआर परीक्षण गर्नुपर्ने हुनसक्छ । संकल्प प्रस्तावमा उठाइएका प्रश्नहरूको जवाफ दिने क्रममा मैले संकल्प प्रस्ताव नीतिगत एवम् कानूनी हिसाबमा लागत प्रभावकारिता र सार्वजनिक जवाफदेहिताको दृष्टिमा यो प्रदेशको वस्तुगत आवश्यकता र भौगोलिक अवस्था एवम् मानव वस्तीको अवस्थितिको दृष्टिमा र व्यवहारिक हिसाबले पनि एक घर एक पीसीआरको कर्णप्रिय नारासहित ल्याइएको संकल्प प्रस्तावको औचित्य पुष्टि गर्न नसकिने यथार्थ पेश गरिसकेको छु । हामीले यस विषयमा लामो समय छलफल, संवाद एवम् अन्तरक्रिया गरिसक्दा स्वयम् प्रस्तावक माननीयज्यूहरूले पनि प्रस्तावको औचित्य सावित गर्न असम्भव प्रायः भएको महसुस गरिसक्नुभएको हुनुपर्छ । यसर्थ पनि म यहाँहरूको उक्त प्रस्ताव फिर्ता लिन विन्रम अनुरोध गर्न चाहन्छु ।

यस प्रस्ताव माथि माननीय सदस्ज्यूहरूले जुन प्रश्न उसठाउनु भएको छ । त्यसमा केन्द्रित भएर मेरा आफ्ना विचारहरु राख्न चाहन्छु । सबैभन्दा पहिला शव व्यवस्थापनको कुरा उठेको थियो । शव व्यवस्थापनको आफ्नो कार्यविधि छ । कार्यविधिले स्थानीय तहलाई यसको जिम्मेवारी दिएको छ । सँगै स्थानीय तहका जनप्रतिनिधिहरू यसमा अहम् भूमिका निर्वाह गर्नुभएको छ । सँगसँगै प्रदेश सरकारले त्यसको समन्वय गर्ने काम गरेको छ । मैले यसरी बोलिरहँदा खेरी गण्डकी प्रदेश सभाका माननीय सदस्यज्यूहरूको भूमिका हुनुपर्छ कि पर्दैन ? यस सम्बन्धमा पोजेटिभ वा नेगटिभ यसैले म कहाँ छु भन्ने कुरा असाध्यै विचार गरी

कन यहाँहरूले आफ्नो प्रश्न राख्नका निम्ति म अनुरोध गर्न चाहन्छु । एकघर एक पीसीआर टेष्टको बारेमा धेरै कुरा उठ्या छ । पहिलो कुरा लागत प्रभावकारिताको कुरा, दोस्रो कुरा मानीलिऊ मलाई आज पीसीआर परीक्षण भयो, रिजल्ट नेगेटिभ आयो, एक घण्टापछि म संक्रमितको संगतमा परेँ, एक घण्टापछि फेरि पनि मलाई कोरोना पोजेटिभ हुन सक्छ । त्यो रोग लाग्न सक्छ त्यसो भएको कारणले गर्दा खेरी एकघर एक पीसीआर टेष्ट छैन, आवश्यकताको आधारमा पीसीआरको परीक्षण गर्न जरुरी छ । त्यसैले हामीले गण्डकी प्रदेश सरकारले कुन-कुन ठाउँमा अब पीसीआरको परीक्षण गर्ने तयारी गरेको छ भन्ने कुरा यहाँहरूको बीचमा मैले राखिसकेकी छु । माननीय सदस्यज्यूहरूले कुरा उठाउनु भएको छ । आइसोलेसनको कमी भाको कुरा उठाउनु भएको छ । तनहूँमा आइसोलेसनको कमी भएको छ, स्याङ्जामा कमी भएको छ भन्ने कुरा आएको छ । मैले यहाँहरूलाई तथ्यगत प्रमाण पेश गर्न चाहन्छु । तनहूँमा १०८ वटा आइसोलेसनको बेड, हाल रहेको १२ जना र खाली रहेको ९६ जना । स्याङ्जामा आइसोलेस बेड २०५ वटा अहिले रहेका ५२ वटा र खाली रहेको १५३ वटा । त्यसैले प्रदेश सरकारले आइसोलेसनको बेड बनाउने कुरामा कुनै कन्जुस्याई गरेको छैन भन्ने कुरा म यो सम्मानित सदनमा राख्न चाहन्छु । अर्को कुरा, पीसीआर मेसिन किनेर जिल्ला-जिल्लामा दिने कुरा गर्नु भएको छ । पीसीआर मेसिनले मात्रै कोरोना परीक्षण गर्न सक्ने भए सायद यो प्रदेश सरकार यहाँहरूको भावनामा खेल्ने थिएन होला । पीसीआर मेसिन दिएर मात्रै कोरोना परीक्षण हुन्न भन्ने कुरा जान्न जरुरी छ । परीक्षण गर्नका निम्ति, कोरोनाको परीक्षण गर्नका निम्ति एउटा ल्याबमा पीसीआर मेसिनसँगै कति कुरा चाहिन्छ भन्ने कुरा म राख्न चाहन्छु । पीसीआर मेसिनसँगै ट्रेन मेनपावर चाहिन्छ । त्यतिमात्र होइन, वायोसेप्टि क्याविनेट, मास्टर मिक्सिङ्ग र नेबोटिप्रेस पनि चाहिन्छ । यो सबै काम हामी गर्न सक्छौं कि सक्दैनौं ? अल्लि पहिला स्याम्बल अल्ली बढी पेन्डिङ्ग भएको थियो । अहिले पेन्डिङ्गको अवस्था छैन । त्यसैले हामीले हाम्रो खर्च लागतलाई घटाउनका लागि नेपाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एउटा एक्सट्रेसन मेसिन पठाइदिएको छ र क्षयरोग केन्द्रमा यसको जडान भइसकेको छ । यसले ३५ मिनेटभित्र ९४ वटा स्याम्पलको एक्सट्रेसन गर्छ । जतिबेला हामी हिजोको अवस्थामा थियौं । एउटा वायोसेप्टि क्याविनेटमा २ जना जनशक्ति बसेर साँढे २ देखि ३ घण्टा भित्र जम्मा २२ वटा स्याम्पलको एक्सट्रेसन गर्न पर्ने अवस्था थियो । आज हामी त्यो अवस्थाबाट

अगाडि बढेका छौं । सँगै गण्डकी प्रदेश सरकारले सम्झौता गरेको एउटा पीसीआर मेसिन आज कतारको दोहामा आइपुगेको जानकारी हामीले प्राप्त गरेका छौं । त्यतिमात्रै होइन, गण्डकी प्रदेश सरकारले अर्को त्यही क्षमताको एक्सट्रेसन मेसिन ल्याउनका निम्ति पहल गरेको छ । निकट भविष्यमा त्यो मेसिन गण्डकी प्रदेश भित्र आउने कुरा यहाँहरूको बीचमा जानकारी गराउन चाहन्छु । यहाँ कुरा उठ्यो बाहिरको ल्याबहरूले ४ हजारमा मात्र पनि पीसीआर टेष्ट गर्छन् भन्ने कुरा उठ्या छ । पहिलो कुरा गण्डकी प्रदेश भित्रको कुन चाहि ल्याबले नेपाल सरकारको अनुमति प्राप्त गरेको छ ? एउटा पनि ल्याबले सरकार भन्दा बाहिरको कुनै पनि ल्याबले त्यो अनुमति प्राप्त गरेको छैन । दोस्रो कुरा त्यसको आफ्नो क्राइटएरिया हुन्छ, क्राइटएरिया पूरा गरेर जान जरुरी छ । तेस्रो कुरा ५ हजार ५ सय प्रति स्याम्पलको बजेट, पैसा दिने कुरा ल्याबमै गएर स्याम्पल दिएको मात्रै हो त्यो पैसा । हामीले प्रदेश सरकारले स्याम्पल दिनको निम्ति दूर दराजमा जानुपर्ने अवस्था हुनसक्छ, दूर दराजका नागरिकको स्याम्पस लिन पर्ने हुनसक्छ । त्यतिबेला जनशक्तिको खपत हुनसक्छ । त्यतिबेला ढुवानी लाग्न सक्छ । यी धेरै कुराहरूको म्यानेज गर्दा खेरी ५ हजार ५ सयमा सम्भव छैन भन्ने कुरा म तपाईंहरूलाई जनाउन चाहन्छु । यदि मात्रै होइन, हिजो गण्डकी प्रदेशमा कोरोनाको परीक्षण गर्ने बेलामा तपाईंहरूलाइ मैले भनिसकेकोछु । गण्डकी प्रदेशको जनशक्ति यो अवस्थामा थिएन । २ जना प्राविधिकले हाम्रो जनशक्तिलाई सिकाएर अहिले २८ जनाक बनाएको छ । हिजो बिरामीलाई बोक्न नसक्ने अवस्था थियो । बिरामीको ओसारपोसार गर्न नसक्ने अवस्था थियो । कोरोनाको टेष्ट गर्दाखेरी स्याम्पल लिन नजान्ने जनशक्ति हामीसँग थियो त्यो सबै जनशक्तिलाई ट्रेन बनाएको छ । यति मात्र होइन । एम्बुलेन्सहरूलाई, सवारी साधनहरूलाई पार्टेसन गरेर हाम्रो सवारी चालकहरूलाई ढुक्कसँग व्यक्तिहरूलाई ओसारपोसार गर्न सक्ने त्यो अवस्थामा पुऱ्याएको छ । शव व्यवस्थापनको निम्ति तालिम दिएको छ । धेरै कुराहरू गण्डकी प्रदेश सरकारले गरेको छ । मैले यसो भनिरहँदा खेरी यहाँहरूलाई लाग्न सक्छ सब्बै गऱ्यो त ? अब प्रयास गर्न पर्दैन त भन्ने लाग्न सक्छ । अझै पनि हामीले प्रयास गर्नुपर्छ र गरिरहेका छौं । गण्डकी प्रदेश सरकार जवाफदेही छ । जनताप्रति समर्पित छ । यसो भएको कारणले गर्दा खेरी अहिलेसम्म आफ्नो गतिलाई राम्रो ढंगले ड्राइभ गरेको कुरा म यहाँहरूको बीचमा जानकारी गराउन चाहन्छु । मैले भर्खरै मात्रै सुनें, सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले संकल्प प्रस्ताव सदनमा

पास गर्दा खेरी पनि एक्लै गर्नु भएको थियो भन्ने कुरा आयो । जति बेला हालको सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारीले सदनमा ३३ प्रतिशत महिला सहभागिता पैतृक सम्पत्तिमा समान अधिकार, महिलामाथि हुने हिंसा गर्नेमाथि कडा भन्दा कडा कारवाही जस्ता चारवटा बुँदामा संकल्प प्रस्ताव पेश गर्नु भएको थियो । त्यतिबेला थाहा छ कि छैन ? नेपाली काँग्रेसको नेतृ कमला पन्तले समर्थनमा सिक्नेचर गर्नुभएको थियो त्यसैले त्यो प्रस्ताव सबैको साझा बनेको थियो । म अन्तमा फेरि पनि भन्न चाहन्छु प्रमुख प्रतिपक्ष दलका साथीहरूले सरकारको ध्यानाकर्षण गर्नु भएको छ, सुधार गर भन्नुभएको छ । यसमा सरकार सहमत छ र फेरि पनि सहमतिको दस्तावेज बनाउनका निम्ति प्रमुख प्रतिपक्ष दलका साथीहरूलाई विनम्र अनुरोध गर्दै संकटको घडीमा पक्ष-विपक्ष होइन, संकटको घडीमा सरकार र प्रतिपक्ष होइन एकाकार भएर जुट्नको निम्ति जरुरी छ । आम प्रदेशवासी नागरिकहरूको स्वास्थ्यमा ध्यान दिन जरुरी छ र सबैलाई यो संकटबाट बचाउन जरुरी छ । यसमा सबैको साथ सहयोग रहने छ भन्ने कुरा उहाँहरूको बीचमा राख्दै मैले आफ्नो भनाईलाई अन्त्य गर्न चाहन्छु धन्यवाद ।

**माननीय सदस्यहरू अब यो छलफल यही समाप्त हुन्छ**

माननीय सदस्यहरू अब म उक्त संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न मन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले उक्त संकल्प प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक ३० मिनेटका लागि स्थगित हुन्छ ।